पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१२६ पूर्णाङ्क

संशोधन-मण्डल

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

३२ वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

२ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १०५।-

बिक्रीमा भएका हाम्रा कृति

१	*अभिलेख-संग्रह* (१-१२ भाग)*	२०।-
२.	*आदर्श, ए सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल* (१-२ सङ्ख्या)	५५।-
३.	*इतिहास-संशोधन* (१-६८ सङ्ख्या)*	३५।-
४.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
५.	*इनेप्ट् स्पेस्इमिन् ?*	२०।-
६.	*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* (१-२ सङ्ख्या)*	५०।-
७.	*गोरखाको इतिहास* (१-४ भाग)	५००।-
८.	*त्रिकोणमिति*	२५।४०
९.	*धादिङमा फेला परेका नेपाली कविता*	७५।-
१०.	*नेपालको संक्षिप्त इतिहास*	१२५।-
११.	*नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१२.	*पञ्चाङ्ग-संशोधन* (१-१७ सङ्ख्या)	३०।-
१३.	*पं. गोपाल पाँडे र उनको धनमूल ल्याउने रीति*	१६।४०
१४.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८०।-
१५.	*पूर्णिमा* (१-१२६ पूर्णाङ्क)*	४६८०।-
१६.	*प्राचीन र नवीन गणितको तुलना*	१५।-
१७.	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५०।-
१८.	*रत्नदीप*	२।५०
१९.	*रत्नदीप १ भाग*	१०५।-
२०.	*रत्नदीप २ भाग*	९२।-
२१.	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७५।-
२२.	*लिच्छवि-संवत्को निर्णय*	१००।-
२३.	*विद्या-रक्षा* (१-१५ सङ्ख्या)*	५०।-
२४.	*विश्रान्ति*	८२।-
२५.	*वृत्तशतक*	३।-
२६.	*व्याकरण-संशोधन* (१-१० सङ्ख्या)*	३५।-
२७.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
२८.	*सावधान-पत्र* (१-३१ सङ्ख्या)*	१००।-
२९.	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१००।-
३०.	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२१।-
३१.	*हूद् डिड् अंशुवर्मन् राइद् ?*	४०।-

* यिनका कुनै कुनै सङ्ख्या/पूर्णाङ्क फोटोकपीमा छन्।

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल
२७ डल्लु आवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५
११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९
ई-मेल- samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

साझा प्रकाशनका सबै पसलमा

हिमालयन बुक सेन्टर
रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप
ज्याठाटोल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२
ई-मेल – vajrabook@hotmail.com
वेबसाइट- www.vajrabooks.com.np

रत्न बुक डिष्ट्रिब्यूटर्स
७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१
ई-मेल – rpb@wlink.com.np

रत्नपुस्तकभण्डार
ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

*संस्कृत-सन्देश*मा नेपालका लेखोट पुस्तक

– महेशराज पन्त

खास गरी कनफट्टा योगी नरहरिनाथको प्रयासमा[1] वि.सं. २०१० देखि काठमाडौँबाट *संस्कृत-सन्देश* नाउँले नेपालको लागि नौलो खालको मासिक पत्रिका छापिन थाल्यो । हुन त नरहरिनाथ र उनी जस्तै, सनातनधर्मले अनुमोदन गरेको लोकयात्राका पक्षपातीहरूले यसभन्दा अगाडि *पुरुषार्थ* मासिक पत्रिकाको प्रकाशन शुरू गरेका थिए र त्यो पत्रिका *संस्कृत-सन्देश*का कमसेकम ५ अङ्क छापिँदासम्म पनि चलिरहेको थियो ।[2] नरहरिनाथकै प्रयासमा निक्लेका ती २ पत्रिका खास गरी २ कुरामा फरक थिए । पहिलो त *पुरुषार्थ* नेपाली भाषामा छापिन्थ्यो त *संस्कृत-सन्देश* नामैले सन्देश दिए झैँ संस्कृतमा । ती २ पत्रिकामा अर्को टड्कारो देखिने वैभिन्न्य के थियो भने *पुरुषार्थ*मा छापिएका लेखमा बाबुराम आचार्य र नयराज पन्त जस्ताकोमा धर्मको गन्धै नभए पनि धेरैजसो लेख प्राचीनपद्धतिको समर्थनतिर उन्मुख थिए । उता *संस्कृत-सन्देश*मा चाहिँ खास गरी लेखोट पुस्तकहरूको विवरण तथा नेपालको इतिहासका आकर जस्तै शिलापत्र, तामापत्र र चिठीपत्र आदि छापिन्थे । यसको अर्थ *पुरुषार्थ*मा प्रधानरूपमा छापिने खालका लेख *संस्कृत-सन्देश*मा गौण हुन गए । संस्कृतेतर भाषाका, नेपालको राजनीति-इतिहासका आकर भएका मूल पत्र मात्र *संस्कृत-सन्देश*मा नछापिई सँगसँगै तिनको संस्कृत उल्था पनि धेरैजसो छापिन्थ्यो र त्यस्ता पत्र नेवारीमा भए तिनको नेपाली र संस्कृत दुवै भाषामा उल्था पनि छापिन्थे ।[3] पहिलो वर्ष राम्ररी चलेपछि त्यसपछिका ६ महीना जेनतेन चली *संस्कृत-सन्देश* बन्द भयो । पहिलो वर्षका हरेक अङ्कमा लेखोट पुस्तकका विषयमा लेख छन्, दोस्रो वर्षका अङ्कमा भने लेखोट पुस्तकको विषयमा एउटा पनि लेख छैन । *संस्कृत-सन्देश*मा प्रकाशित लेखहरूबाट जम्माजम्मी ३७ वटा लेखोट पुस्तकको विषयमा प्रकाश परेको छ । तीमध्ये १७ वटा त नरहरिनाथका आफ्नै लेख हुन् ।

अब *संस्कृत-सन्देश*मा वर्णन गरिएका लेखोट पुस्तकको नाम वर्णानुक्रमले दिइन्छ –

१. *अनर्घराघव* (शङ्करनाथ फलेग्रहि २०१० क:११-१४) ।

---

१. *संस्कृत-सन्देश*को पहिलो वर्षमा नरहरिनाथ र वुद्धिसागर पराजुली सम्पादक थिए, दोस्रो वर्षमा रत्नबहादुर वज्राचार्य, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल सम्पादकमण्डलमा थपिए ।

२. वि.सं. २००६ पौषमा शुरू भएको *पुरुषार्थ* पत्रिकाका जम्मै अङ्क मैले नदेखेकोले यो कहिले वन्द भयो भनी भन्न म सक्दिनँ तापनि वि.सं. २०१० भाद्रको अङ्कका ११-१४ पृष्ठमा नयराज पन्तको [क्रमागत] *वाल्मीकीय रामायणको भावानुवाद* छापिएकोले* कमसेकम त्यस समयसम्म यो पत्रिका चलेको थियो भनी भन्न सकिन्छ ।

३. *संस्कृत-सन्देश*मा छापिएका, इतिहासका आकरको विषयमा महेशराज पन्त २०५८:६१-६२ मा अलिकति लेखिएको छ ।

---

* प्रजीत शाक्य, राजेश आचार्य र ज्ञानबहादुर के.सी. २०६०:१७ मा ४३ सङ्ख्या र १९ मा ५ सङ्ख्याको टिप्पणी ।

२. *आदित्यपुराण* (शङ्करनाथ फलेग्रहि २०१० ख:७४-७६) ।

३. *ऊष्मभेद* (गुणनाथ शर्मा भट्टराई २०१०:३४) ।

४. *ऊष्मभेद* (गुणनाथ शर्मा भट्टराई २०१०:३४) ।

५. *एकादशाद्यधिकरण* (बुद्धिसागर शर्मा २०१० क:९-१०) ।

६. *कवितानिकषोपल* (देवीनाथ २०१०:१०-१६) ।

७. *कामन्दकीयनीतिसार* (नरहरिनाथ २०१० घ:३३) ।

८. *कृत्यचिन्तामणि* (नरहरिनाथ २०१० ञ:२५-३१) ।

९. *कृत्यतत्त्वार्णव* (नरहरिनाथ २०१० ट:३१-३२) ।

१०. *कृत्यरत्नावली* (नरहरिनाथ २०१० ठ:३२-३३) ।

११. *गोपालवंशावली* (नरहरिनाथ २०१० ङ:३६-३७) ।

१२. *गोरक्षविजयनाटक* (फत्यजङ्गपराक्रम साह २०१०:१८-२२, ३०)

१३. *ग्रहणमाला* (नरहरिनाथ २०१०:३७-३८) ।

१४. *जगन्मोहन* (देवीप्रसाद लंसाल २०१०:३१-३४)

१५. *जयरत्नाकरनाटक* (नयराज पन्त २०१०:३२-३६ र उही २०१० क:१९-२४) ।

१६. *ज्ञानदीपविमर्शिनी* (देवीनाथ २०१० ङ:८४-८५) ।

१७. *त्रिरत्नसौन्दर्यगाथा* (नरहरिनाथ २०१० ङ:३७-४०, ४२; अमोघवज्र वज्राचार्य २०१०:४१ र देवीनाथ २०१० ग:४२-४३) ।

१८. *देवताविमर्षस्तुति* (अमोघवज्र वज्राचार्य २०१० क:९७-१००) ।

१९. *नारदप्रोक्त मानवधर्मशास्त्र* (नरहरिनाथ २०१० ख:८-१० र देवीप्रसाद लंसाल २०१० क:१३-१५) ।

२०. *न्यायरत्नाकर* (बुद्धिसागर शर्मा २०१० ख:२०-२२) ।

२१. *पशुपतिपुराण* (नरहरिनाथ २०१० झ:१३-१७) ।

२२. *पुष्पचिन्तामणि* (देवीनाथ २०१० घ:७७-७८) ।

२३. *पुष्पचिन्तामणि* (देवीनाथ २०१० घ:७८) ।

२४. *पैतामही दिव्यशुद्धि* (नरहरिनाथ २०१० ग:११-१३ र देवीप्रसाद लंसाल २०१० ख:१५-१६) ।

२५. *प्रबोधचन्द्रिका* (नरहरिनाथ २०१० क:१-७ र देवीनाथ २०१० क:४१-४६) ।

२६. *प्रशस्तिरत्न* (नरहरिनाथ २०१० थ:११-१४) ।

२७. *भास्वती* (नरहरिनाथ २०१० ण:३१-३२)

२८. *मल्लादर्श* (नरहरिनाथ २०१० त:३२-३५) ।

२९. *मेघदूत* (नरहरिनाथ २०१० ढ:२९-३१) ।

३०. *रघुवंश* (बुद्धिसागर शर्मा २०१०:७-९) ।

३१. *रघुवंश* (नरहरिनाथ २०१० छः१९) ।

३२. *लोकेश्वरशतक* (देवीनाथ २०१० चः८५-८६) ।

३३. *विजयतिलक* (नरहरिनाथ २०१० च:२२-२४) ।

३४. *शतसाहस्रिका प्रज्ञापारमिता* (नरहरिनाथ २०१० ज:४३-४७)

३५. *शिवगीता* (शङ्करनाथ फलेग्रहि २०१० ग:७६-७७) ।

३६. *संस्कृतपारसीकपदप्रकाश* (शङ्करनाथ फलेग्रहि २०१०:३४-३६) ।

३७. *सीतारामविहारकाव्य* (देवीनाथ २०१० ख:४७-४८) ।

नेपालका लेखोट पुस्तकको विषयमा *संस्कृत-सन्देश*मा यति बिदि लेखिए पनि तिनको चर्चा प्रायः हुँदैन । अरूको त कुरै छोडौं, नेपालका लेखोट पुस्तकको शास्त्रीय सूचीपत्र बनाइरहेकाहरू पनि तिनको मतलब राख्दैनन् भन्ने कुराको टड्कारो उदाहरण नेपाली-जर्मनहस्तलिखितग्रन्थसूचीकरणपरियोजनाको वृत्तपत्रमा पाइएको छ ।

कुरा के भने त्यस वृत्तपत्रको दोस्रो अङ्कमा त्यस परियोजनामा कर्मकर एक जना अन्वेषकले राष्ट्रिय अभिलेखालयमा रहेका, २ वटा लेखोट पुस्तक र अधिबाटै प्रकाशित एउटा पुस्तक (ओग्यूस्त क्यूमल बेन्दर १९९६/९७)को आधारमा महेश्वरको *ऊष्मभेद*को १ खण्डको सम्पादन गरेका छन् ।[४] त्यहाँ राष्ट्रिय अभिलेखालयमा रहेका, *ऊष्मभेद*का ती लेखोट पुस्तकको विषयमा लामै लेखिएको छ । अङ्ग्रेजीमा लेखिएको त्यस लेखबाट हामीलाई अहिले चासो परेको कुराको सारांश नेपालीमा खिँच्दा यस्तो हुन्छ –

> राष्ट्रिय अभिलेखालयमा महेश्वरको *ऊष्मभेद*का २ वटा पुस्तक छन् । तिनमध्ये एउटा महेश्वरकै *शब्दभेदप्रकाश*को अंशको रूपमा त्यहाँ छ र नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाद्वारा बी १४/२१ मा सम्पूर्ण सो ग्रन्थको माइक्रोफिल्म गरिँदा त्यसको *विश्वप्रकाशकोष* भन्ने गलत नाम राखिएको छ । सोही *ऊष्मभेद*को अर्को पुस्तकको पहिलो र छैटौं पत्र एकातिर र २ देखि ५ सम्मका पत्र अर्कोतिर मनलागी गरी अभिलेखालयमा राखिएकाले तिनको माइक्रोफिल्म पनि भिन्नाभिन्नै रील नम्बरमा अर्थात् १ र ६ पत्रको ए १८/६ र २ देखि ५ सम्मका पत्रको बी ३४/२७ मा भएको छ । त्यस पुस्तक (ए १८/६)को काठको गातामा **प्र. १०७६– चान्द्रव्याकरणस्य- उपसर्गवृत्तिः तथा उष्मभेदःश्च** भनी लेखिएकोले महेश्वरको *ऊष्मभेद*को यो पुस्तक उहिले *चान्द्रव्याकरण*को भनी ठानिएको *उपसर्गवृत्ति*सँगै राखिएको थियो भन्ने कुराको सबूत मिल्छ । *ऊष्मभेद*को त्यस पुस्तकको सम्बन्ध *चान्द्रव्याकरण*सँग भ्रमवश जोडिएको कुरा त्यसैको पहिलो पत्रको मुखपृष्ठमा **प्र. १०७६– चान्द्रव्याकरणस्य (ऊष्मभेदः)**[५] र २ क पत्रको किनारामा **प्र. १०७६ – चन्द्रव्याकरणस्य (ऊष्मभेदः)**[५] लेखिएकोले देखिन्छ । वीरपुस्तकालयको आफूले तयार गरेको सूचीपत्रमा हरप्रसाद शास्त्री

४. ओलिवर हान २०६३:१९-२३ । बाँकी खण्ड उही २०६३ क:६-९ मा छ ।

५. मूलमा **ऊष्मभेदः**को ऊ दीर्घ नभई ह्रस्व छ भनी देखाउन ल्याटिनको **सिक्** लेखे पनि भ्रमवश दीर्घ ऊ नै लेख्न

(१९६२:३१)ले त्यस पुस्तकालयको पहिलो लगतको १०७६ घमा **चान्द्रव्याकरणम्** भनेर *ऊष्मभेद* (बी ३४/२७ मा माइक्रोफिल्म भएका २-५ पत्र) र पहिलो लगतको १०७६ ङमा **ऊष्मभेद** भनेर (ए १८/६ मा माइक्रोफिल्म भएका १ र ६ पत्र) *ऊष्मभेद*को उही पुस्तक २ पटक चढाएका छन्। यसै गरी राष्ट्रिय अभिलेखालयको *बृहत्सूचीपत्र*को ६ भागको २२ पृष्ठमा विषयाङ्क ६६ को रूपमा *चान्द्रव्याकरणोपसर्गवृत्ति* (बी ३४/२७ मा माइक्रोफिल्म भएको) भनेर र अर्कोचाहिँ त्यसकै ९ भागको ४७ पृष्ठमा विषयाङ्क १२९ को रूपमा *ऊष्मभेद* (ए १८/६ मा माइक्रोफिल्म भएको) भनेर २ पटक चढेको छ।

*ऊष्मभेद*लाई यसरी *चान्द्रव्याकरण*सँग जोडिएकोले नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाद्वारा माइक्रोफिल्म गरिएका, *चान्द्रव्याकरण*सँग सम्बद्ध लेखोट पुस्तकहरूको विषयमा अन्वेषण गर्दा थोमस ओबर्लीस (२०४८-४९:१७९-१८१)को दृष्टि यसमा पऱ्यो र ती दुवै पुस्तक *ऊष्मभेद*को एउटै पुस्तकका भिन्न भिन्न अंश हुन् भन्ने कुरा सौभाग्यवश पत्ता लाग्यो तापनि यी २ खण्डको *चान्द्रव्याकरण*सँग के सम्बन्ध रहेछ भन्ने कुरा पत्ता लाउन भने उनले सकेनन् र *ऊष्मभेद* भनेको महेश्वरकै *शब्दभेदप्रकाश*को १ खण्ड हो भन्ने पनि उनले थाहा पाएनन्। यसो भए पनि पुरुषोत्तमदेवको *ऊष्मभेद* भन्दा यो फरक हो भन्ने कुराचाहिँ उनले पत्ता लाए।[६]

वीरपुस्तकालयका, पहिलो लगतको १०७६ नम्बरको एउटा र त्यही लगतको १४७५ नम्बरको अर्को गरी *ऊष्मभेद*का २ वटा लेखोट पुस्तकको विषयमा गुणनाथ शर्मा भट्टराई (२०१०:३४)ले लेखेको एउटा लेखको उठानको अंश *संस्कृत-सन्देश* १ वर्ष ३ अङ्कमा छापिएको छ। *ऊष्मभेद*का ती २ पुस्तकका उठानका अंश पनि त्यस लेखमा सारिएका छन् र ती २ पुस्तक भिन्नाभिन्नै हुन् भन्ने निष्कर्ष त्यहाँ निकालिएको छ। त्यस लेखको अन्त्यमा **क्रमशः** लेखिए पनि बाँकी अंश भने पछि छापिएन।

ओलिवर हान (२०६३:२० मा ११ सङ्ख्याको टिप्पणी) पुगेका छन्।

हरप्रसाद शास्त्री (१९६२:*प्रेफइस्* (प्रस्तावना) ८, मूल भाग ३१, ६०)ले *ऊष्मभेदः*को जहाँ जहाँ चर्चा गरेका छन्, त्यहाँ त्यहाँ उनले ह्रस्व उ लेखेका छन्।[१] *बृहत्सूचीपत्र* (पूर्णरत्न वज्राचार्य २०२६:४७)मा पनि त्यस्तै छ। हरप्रसाद शास्त्रीको सूचीपत्रमा चढेका पुस्तकको माइक्रोफिल्मको रील नम्बर दिँदा राइन्होल्द ग्र्यूनन्दाल (२०४५:३०, ४४)ले पनि ह्रस्व उ नै लेखेका छन्। तर यस अर्थमा यस शब्दको उ दीर्घ हुने कुरा व्याकरण[२] र कोषबाट[३] बुझिन्छ भनी भनिरहनु नपर्ला।

६. ओलिवर हान २०६३:१९-२०।

१. हरप्रसाद शास्त्रीले तयार गरेको अर्को सूचीपत्र (१९८७/८८:३४४)मा पनि *उष्मविवेक* लेखिएकोले यस शब्दको उ ह्रस्व हुन्छ भन्ने भ्रम उनलाई परेको देखिन्छ।

२ उदाहरणको लागि
[...] स्पृष्टं स्पर्शानां करणम्। ईषत्स्पृष्टमन्तःस्थानाम्। विवृतमूष्मणाम्। ईषदित्येवानुवर्तते। स्वराणां विवृतम्। [...]
(*अष्टाध्यायी* १।१।१० को तेस्रो *वार्तिक*मा *व्याकरणमहाभाष्य*)

३. उदाहरणको लागि
ऊष्माणः शषसाः सहाः। (*वैजयन्ती* ३।६।३६)

ऊष्मा त्वौष्ण्यगुणे ग्रीष्मे वाष्पे शषसहेषु ना। (*वाङ्मयार्णव* ८७५)

ती दुवै पुस्तकका उठानका केही अंश त्यहाँ उद्धरण गरिएकाले तिनमध्ये पहिलो महेश्वरको र दोस्रोचाहिँ पुरुषोत्तमको हो भन्ने स्पष्ट हुन्छ। तिनमा पहिलोको माइक्रोफिल्म ए १८/६ र बी ३४/२७ मा गरी २ फ्याँकमा भए पनि हरप्रसाद शास्त्रीले तयार गरेको, वीरपुस्तकालयको सूचीपत्रमा चढेका पुस्तकको माइक्रोफिल्मको रील नम्बर दिँदा राइन्होल्द ग्यूनन्दाल (२०४५:५४ मा २८७ नम्बर)ले दोस्रोको रील नम्बर नदिएकाले र नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनामार्फत माइक्रोफिल्म गरिएका पुस्तकको सीडीमा राखिएको सूची[7]मा पनि दोस्रो पुस्तक नभेटिएकोले यसको माइक्रोफिल्म भएन कि जस्तो देखिन्छ।

वि.सं. १९७९ मा तयार भएको वीरपुस्तकालयको अप्रकाशित ठूलो सूचीपत्र[8]मा यी पुस्तकको विषयमा यस्तो लेखिएको छ –

नम्बर नम्बर्	ग्रन्थनाम नेम्ज् अफ् म्यान्युस्क्रिप्ट्स् अर् बूक्स्	ग्रन्थकारनाम अथर्	विषयः सब्जिक्ट्	पूर्ण खण्डितं वा कम्प्लीट् अर् इन्कम्प्लीट्	पत्रभेदः काइन्ड् अफ् पेपर्	पत्राङ्काः फोलिओ	आकारः साइज्
१०७६	ऊष्मभेदः		कोषः	पूर्णः	ता.प.	१-६	१०$\frac{१}{२}$ x १$\frac{७}{८}$

पङ्क्तिः लाइन्	ग्रन्थसंख्या इक्स्टेन्ट्	अक्षरः क्यारअक्टर्	लेखसमयः डेट्	पुस्तकावस्था कन्डिशअन्	यावत्पत्रसङ्ख्या टोटल्
५	८०	भुज.अ.	सं. ५४१		६

विशेषः कैफियत

रिमार्क्स्

यो वाँधमा सा.ल.मा चढेका ग्रन्थहरूमध्ये नारदपुराणबाहेक अरू ग्रन्थ सबै रुजु भई लगतमा नचढेका शास्त्रीजीको क्याटलागमा परेका ग्रन्थ, श्रुतबोध, एकादशाद्यधिकरण, ऊष्मभेद, उपसर्गवृत्ति यी ४ ग्रन्थ र लगतमा पनी नचढेको क्याटलागमा पनि नलेखेको अकुलवीरतन्त्र हंसयामलका फुटकर पत्रसमेत २, षोढान्यास १ थान लगतमा चढेकोमा २ थान देखिन आएकोले सा.ल.मा चढेको नारदपुराणको थान १ वाधमा XXXX[9]

१०७६	चान्द्रव्याकरणस्य उपसर्गवृत्तिः		व्याकरणम्	आदिखण्डिता	ता.प.	१६-१९	१०$\frac{१}{२}$ x २

७. यो सीडी *प्रिलिमिनरि लिस्ट् अफ् म्यान्युस्क्रिप्ट्स्, ब्लकप्रिन्ट्स् यान्ड् हिस्टरिक्ल् डक्युमन्ट्स् माइक्रोफिल्म्ड् बाइ द एनजीएमपीपी* नामले ह्याम्बर्गबाट नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाले ई.सं. २००३ (वि.सं. २०६०) मा निकालेको हो।

८. यस सूचीपत्रको विषयमा अलिकति कुरा महेशराज पन्त २०४४:७-८ मा छ।

९. फोटोकपीमा ४ अक्षर स्पष्ट छैनन्।

६ ५५ भु.ज.अ. सं. ५४१ ४

यो कलम सा.ल.मा चढेको छैन

१४७५ ऊष्मभेदः पूर्णः ता.प. १-५ $१३\frac{१}{८}\times१\frac{३}{४}$

४ भुज अ. ५

ऊष्मभेदमा उष्मवर्ण आदिमा भएका शब्दको कोष छ. साविकमा अक्षर बिग्री ऊष्मभेदलाई पुष्पभेद भनी जनिएको रहेछ

पहिलो लगतको १०७६ नम्बरको *ऊष्मभेद*को पुस्तकको नाउँ त्यही पुस्तकको काठको गातामा देवनागरीमा **चान्द्रव्याकरणस्य– उपसर्गवृत्तिः तथा उष्मभेदः**, त्यसैको सबभन्दा अघिल्लो पातामा देवनागरीमै **चान्द्रव्याकरणस्य (उष्मभेदः)** र त्यसैको २ क पत्रको किनारामा देवनागरीमै **प्र. १०७६ – चन्द्रव्याकरणस्य** भनी लेखिएको भए पनि *संस्कृत-सन्देश*मा छापिएको *ऊष्मभेद*का लेखोट पुस्तकसम्बन्धी लेखमा *चान्द्रव्याकरण*को कुरै नपरेकोले गुणनाथ शर्मा भट्टराईले *ऊष्मभेद*को त्यस पुस्तकलाई *चान्द्रव्याकरण*को अङ्ग नमानेको स्पष्ट देखिन्छ । तर नेपाली-जर्मनहस्तलिखितग्रन्थसूचीकरणपरियोजना यसतर्फ बेखबर रहेको कुरा त्यस परियोजनाको वृत्तपत्रबाट माथि उद्धरण गरिएको अंशबाट छर्लङ्ग हुन्छ ।

*ऊष्मभेद*को त्यस पुस्तकलाई *चान्द्रव्याकरण*को अङ्ग भन्ने भ्रम किन पर्न गयो भन्ने विषयमा आफूलाई लागेको कुरा लेखी यो लेख टुङ्ग्याउँछु । सँगसँगै जस्तो सारिसिद्ध्याइएका,[१०] ६।६ पत्रका, *ऊष्मभेद* र *उपसर्गवृत्ति*का पुस्तिका काठको एउटै गाताभित्र राखिएका हुनाले नै त्यस गातामा **चान्द्रव्याकरणस्य–उपसर्गवृत्तिः तथा उष्मभेदः** भनी कुनै वेला पुस्तक खुट्ट्याउँदा जान्ने मान्छेले लेखेकोमा *चान्द्रव्याकरण*सँग सम्बन्धै नभएको *ऊष्मभेद*लाई पनि *चान्द्रव्याकरण*सँग जोडी *ऊष्मभेद*को पहिलो पत्रको मुखपृष्ठमा र २ क पत्रको किनारामा कुनै अज्ञानीले पछि लेखेको देखिन्छ ।

---

१०. वीरपुस्तकालय (राष्ट्रिय अभिलेखालय)को पहिलो लगतको १०७६ नम्बरको *ऊष्मभेद*को पुष्पिकाको पाठ –

४. **इत्युष्मभेदः समाप्तः ॥ ॥**

५. **श्रेयोऽस्तु ॥ सम्वत् ५४१ द्विराषाढशुद्धि १५ तदेव तिथौ सम्पूर्ण्ण यथा दृष्टं तथा लिखितं लेखको नास्ति दोषः ॥ ॥ शुभमस्तु सर्व्वान्वित ॥ ॥**

(पूर्णरत्न वज्राचार्य २०२६:४७ मा छापिएको पाठ ठाउँठाउँमा मूलअनुसारको छैन र त्यो अपूरो पनि छ ।)

वीरपुस्तकालय (राष्ट्रिय अभिलेखालय)को पहिलो लगतका १०७६ र १६९७ नम्बरमा गरी २ फ्याँकमा बाँडिई रहेको *उपसर्गवृत्ति*को पुष्पिकाको पाठ –

५. **इति चान्द्रव्याकरणस्य उपसर्गवृत्तिः समाप्तिः ॥ ॥ श्रेयोऽस्तु सम्बत् एक**

६. **चत्वारिङ्गदुत्तरपञ्चशते द्विराषाढमासे । कृष्णपक्षके । एकादश्या तिथौ । शौरिदिने । सम्पूर्ण्ण ॥ यथा दृष्टं ॥ ॥ तथा लिखितमिति ॥ ० ॥**

(द्रागोमीर दीमित्रोव (२०६३:१२)ले पुष्पिका भएको पृष्ठको फ्याक्सिमिलि र रोमनमा पुष्पिकाको पाठ पनि दिएका छन् । उनले दिएको पाठ एक ठाउँमा –°चत्वारिङ्ग हुनुपर्नेमा **चत्वारिञ्श–** छोडेर शुद्ध छ ।)

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[११] वर्णक्रमअनुसारको तालिका

अमोघवज्र वज्राचार्य २०१०

= *संस्कृत-सन्देश*[१२] १ वर्ष ७ अङ्कको ४१ पृष्ठमा छापिएको, अमोघवज्र वज्राचार्यको *नेपालभाषा* ।

अमोघवज्र वज्राचार्य २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ९७-१०० पृष्ठमा छापिएको, अमोघवज्र वज्राचार्यको *देवताविमर्षस्तुतिः* ।

ओग्यूस्त क्यूमल बेन्दर १९९६/९७

= ई.सं. १९४० (वि.सं. १९९६/९७) मा ग्राइफस्वल्दबाट हन्स आद्लरद्वारा प्रकाशित, ओग्यूस्त क्यूमल बेन्दरको *महेश्वर'स् शब्दभेदप्रकाश मित् देम् कोम्मेन्तार देस् ज्ञानविमलगणि* (महेश्वरको *शब्दभेदप्रकाश* – ज्ञानविमलगणिको टीकासहित)

ओलिवर हान २०६३

= ई.सं. २००६ (वि.सं. २०६३) मा ह्याम्बुर्गबाट नेपाल-जर्मनहस्तलिखितग्रन्थसूचीकरणपरियोजनाद्वारा प्रकाशित *न्यूज्लेटर् अफ् द एन्जीएम्सीपी* (नेपाल-जर्मनहस्तलिखितग्रन्थसूचीकरणपरियोजनाको वृत्तपत्र) २ सङ्ख्याका १९-२३ पृष्ठमा छापिएको, ओलिवर हानको *दि ऊष्मभेद अफ् महेश्वर (पार्ट् १)* (महेश्वरको *ऊष्मभेद* (१ खण्ड)) ।

ओलिवर हान २०६३ क

= ई.सं. २००६ (वि.सं. २०६३) मा http://www.uni-hamburg.de/ngmcp/ मा राखिएको *न्यूज्लेटर् अफ् द एन्जीएम्सीपी* ३ सङ्ख्याका ६-९ पृष्ठमा रहेको, ओलिवर हानको *दि ऊष्मभेद अफ् महेश्वर (पार्ट् २)* (महेश्वरको *ऊष्मभेद* (२ खण्ड)) ।

गुणनाथ शर्मा भट्टराई २०१०

= *संस्कृत-सन्देश* १ वर्ष ३ अङ्कको ३४ पृष्ठमा छापिएको, गुणनाथ शर्मा भट्टराईको *ऊष्मभेदः* ।

थोमस ओबर्लीस २०४८-४९

= ई.सं. १९९२ (वि.सं. २०४८-४९) मा राइन्बेकबाट फेर्लाक फीर ओर्इअन्तालिस्तिशे फाख्पुब्लीकंत्स्योननद्वारा प्रकाशित

---

११. प्राचीन शैलीको ग्रन्थको हकमा रचयिताको नाउँ र ग्रन्थनाम दुवै वर्णक्रमअनुसार यस तालिकामा राखिएका छन् । प्राचीन शैलीको ग्रन्थको मूलभागको होइन कि सम्पादकले लेखेको भागको उपयोग गर्दा भने त्यस ग्रन्थको कर्ता र ग्रन्थको नाउँ यहाँ राखिएका छैनन् । सूचीपत्र बनाउनेको नाउँबाट भन्दा वीरपुस्तकालय (राष्ट्रिय अभिलेखालय)द्वारा प्रकाशित त्यस पुस्तकालयका सूचीपत्र *बृहत्सूचीपत्र*का नाउँले प्रख्यात भएकाले सूचीपत्र बनाउनेको नाउँ र *बृहत्सूचीपत्र* दुवै वर्णक्रमअनुसार यहाँ राखिएका छन् । प्राचीन संस्कृत ग्रन्थका, यहाँ नाउँ लिइएका प्रकाशित पुस्तकबाट यस लेखमा उद्धरण गर्दा महेशराज पन्त २०५७: § ७.१६ = ४६७ मा लेखिएको रीतिको अनुसरण गरिएको छ । लेखोट पुस्तकहरू, माइक्रोफिल्मका रील र सीडीको विषयमा माथि लेखमै खुलाएर लेखिसकेकोले तिनलाई यहाँ चढाइएको छैन ।

१२. वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्षका कुनै पनि अङ्कमा प्रकाशकको नाम नभेटिएकोले ती अङ्कबाट लेखको उद्धरण गर्दा हामीले प्रकाशकको सट्टा सम्पादकको नाम दिई काम चलाउने गरिआएका छौं । कहाँबाट कसले यस पत्रिकाको सम्पादन गरेका हुन् भन्ने कुरा यस लेखको उठानैमा परिसकेकोले र यस तालिकामा *संस्कृत-सन्देश* १ वर्षका १२ अङ्कमा छापिएका ४४ वटा लेखको सूची परेकोले लेख लेख्नेको नाउँ र लेख छापिएको संवत् अघिल्लो पङ्क्तिमा दिइसकेपछि फेरि अर्को पङ्क्तिमा खुलाएर लेख्दा कहिले कहाँबाट कसको सम्पादनमा छापिएको हो भन्ने कुरा दोहऱ्याइरहनु नपरोस् भनी साल, ठाउँ र सम्पादकको नाउँ यहाँ नदिइएको हो ।

स्तुदइअन् चुर् इन्दोलोगि उन्द् इरानिस्तिक् (भारतसम्बन्धी र फारससम्बन्धी विद्याको परिशीलन) १६ वर्षका १६१-१८४ पृष्ठमा छापिएको, थोमस ओबर्लीसको *वेर्शिएदेने नोइ-एन्त्देखूते तेक्स्ते देस् चान्द्रव्याकरण उन्द् इह्रे वेर्साफर्* (*चान्द्रव्याकरणका* भरखरै थाहा भएका पुस्तकहरूको वैचित्र्य र तिनका रचयिता)।

देवीनाथ २०१०

= *संस्कृत-सन्देश* १ वर्ष ३ अङ्कका १०-१६ पृष्ठमा छापिएको, देवीनाथको *कवितानिकषोपलः (कविलक्ष्मणसंकलितः)* (*कवितानिकषोपल* (कवि लक्ष्मणले सङ्कलन गरेको))।

देवीनाथ २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष ४ अङ्कका ४१-४६ पृष्ठमा छापिएको, देवीनाथको *प्रबोधचन्द्रिका*।

देवीनाथ २०१० ख

= *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कका ४७-४८ पृष्ठमा छापिएको, देवीनाथको *सीतारामविहारमहाकाव्यम्*।

देवीनाथ २०१० ग

= *संस्कृत-सन्देश* १ वर्ष ७ अङ्कका ४२-४३ पृष्ठमा छापिएको, देवीनाथको *भावानुवाद*।

देवीनाथ २०१० घ

= *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ७७-७८ पृष्ठमा छापिएको, देवीनाथको *पुष्पचिन्तामणि*।

देवीनाथ २०१० ङ

= *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ८४-८५ पृष्ठमा छापिएको, देवीनाथको *ज्ञानदीपविमर्शिनी*।

देवीनाथ २०१० च

= *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ८५-८६ पृष्ठमा छापिएको, देवीनाथको *लोकेश्वरशतकम्*।

देवीप्रसाद लंसाल २०१०

= *संस्कृत-सन्देश* १ वर्ष १ अङ्कका ३१-३४ पृष्ठमा छापिएको, देवीप्रसाद लंसालको *[भट्टलक्ष्मणाचार्यविरचितम्] जगन्मोहनम्* ([भट्ट लक्ष्मणाचार्यले बनाएको] *जगन्मोहन*)।

देवीप्रसाद लंसाल २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका १३-१५ पृष्ठमा छापिएको, देवीप्रसाद लंसालको *नारद संहिताको अनुवाद*।

देवीप्रसाद लंसाल २०१० ख

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका १५-१६ पृष्ठमा छापिएको, देवीप्रसाद लंसालको *पैतामही दिव्य शुद्धिको अनुवाद*।

द्रागोमीर दीमित्रोव २०६३

= *फिलोलज्इक्ल् आर्कीअल्अजि (नोट्स् अन् सम् रीसन्ट्लि डिस्कभ्अर्ड् म्यानुस्क्रिप्ट्स् अफ् द रत्नश्रीटीका यान्ड् द विंशत्युपसर्गवृत्ति* (शाब्दिक पुराणवस्तुशास्त्र (*रत्नश्रीटीका* र *विंशत्युपसर्गवृत्ति*का भरखरै पत्ता लागेका लेखोट पुस्तकका विषयमा केही टिप्पणी) नाउँले ई.सं. २००६ सेप्टेम्बर २२ तारीख (वि.सं. २०६३ आश्विन ६ गते)को दिन नेपाल रिसर्च सेन्टरमा द्रागोमीर दीमित्रोवले दिएको प्रवचनको विज्ञप्तिपत्र।

नयराज पन्त २०१०

= *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कका ३२-३६ पृष्ठमा छापिएको, नयराज पन्तको *जयरत्नाकरनाटकसमीक्षा*।

नयराज पन्त २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका १९-२४ पृष्ठमा छापिएको, नयराज पन्तको *जयरत्नाकरनाटकसमीक्षा* ।

नरहरिनाथ २०१०

= *संस्कृत-सन्देश* १ वर्ष १ अङ्कका ३७-३८ पृष्ठमा छापिएको, नरहरिनाथको *[श्री ५ मन्महाराजाधिराजरणवाहदूरसाहदेव-समाश्रित] दैवज्ञकेशवकृता] ग्रहणमाला* ([श्री ५ महाराजाधिराज रणबहादुर शाहदेवको आश्रयमा बसेका ज्योतिषी केशवले बनाएको] *ग्रहणमाला*)।

नरहरिनाथ २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका १-७ पृष्ठमा छापिएको, नरहरिनाथको *(श्रीवैजलभूपालविरचिता) प्रबोधचन्द्रिका [रामचन्द्रचन्द्रिका]* ((श्रीवैजल राजाले बनाएको) *प्रबोधचन्द्रिका [रामचन्द्रचन्द्रिका]*)।

नरहरिनाथ २०१० ख

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका ८-१० पृष्ठमा छापिएको, नरहरिनाथको *(१०८२ द्वचशीतिसहितसहस्रवर्षपूर्वं लिखितं ताडपत्रेषु) नारदप्रोक्ते मानवधर्मशास्त्रे नवमं प्रकरणम्* ((१०८२ एक हजार बयासी वर्षअगाडि ताडपत्रमा लेखिएको) *नारदप्रोक्त मानवधर्मशास्त्रमा* नवौं प्रकरण)।

नरहरिनाथ २०१० ग

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका ११-१३ पृष्ठमा छापिएको, नरहरिनाथको *पैतामही दिव्यशुद्धिः* (पितामहको *दिव्यशुद्धि*)।

नरहरिनाथ २०१० घ

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका ३३ पृष्ठमा छापिएको, नरहरिनाथको *कामन्दकीय-नीतिसारः* ।

नरहरिनाथ २०१० ङ

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका ३६-३७ पृष्ठमा छापिएको, नरहरिनाथको *गोपालवंशावली* ।

नरहरिनाथ २०१० च

= *संस्कृत-सन्देश* १ वर्ष ४ अङ्कका २२-२४ पृष्ठमा छापिएको, नरहरिनाथको *विजयतिलकः* ।

नरहरिनाथ २०१० छ

= *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कको १९ पृष्ठमा छापिएको, नरहरिनाथको *रघुवंशमहाकाव्यम्* ।

नरहरिनाथ २०१० ज

= *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कका ४३-४७ पृष्ठमा छापिएको, नरहरिनाथको *आदर्शपुस्तकम्* ।

नरहरिनाथ २०१० झ

= *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका १३-१७ पृष्ठमा छापिएको, नरहरिनाथको *पशुपतिपुराणम्* ।

नरहरिनाथ २०१० ञ

= *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका २५-३१ पृष्ठमा छापिएको, नरहरिनाथको *कृत्यचिन्तामणिः* ।

नरहरिनाथ २०१० ट

= *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका ३१-३२ पृष्ठमा छापिएको, नरहरिनाथको *कृत्य-तत्वार्णवः* ✱[१३]।

---

१३. यस तालिकामा जहाँ जहाँ यस्तो ✱ चिह्न छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारेको भन्ने हो।

स्तुदइअन् चुर् इन्दोलोगि उन्द् इरानिस्तिक् (भारतसम्बन्धी र फारससम्बन्धी विद्याको परिशीलन) १६ वर्षका १६१-१८४ पृष्ठमा छापिएको, थोमस ओबर्लीसको *वेर्शिएदेने नोइ-एन्त्देखूते तेक्स्ते देस् चान्द्रव्याकरण उन्द् इह्रे वेर्साफर्* (चान्द्रव्याकरणका भरखरै थाहा भएका पुस्तकहरूको वैचित्र्य र तिनका रचयिता)।

देवीनाथ २०१०

= *संस्कृत-सन्देश* १ वर्ष ३ अङ्कका १०-१६ पृष्ठमा छापिएको, देवीनाथको *कवितानिकषोपल: (कविलक्ष्मणसंकलित:)* (*कवितानिकषोपल* (कवि लक्ष्मणले सङ्कलन गरेको))।

देवीनाथ २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष ४ अङ्कका ४१-४६ पृष्ठमा छापिएको, देवीनाथको *प्रवोधचन्द्रिका* ।

देवीनाथ २०१० ख

= *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कका ४७-४८ पृष्ठमा छापिएको, देवीनाथको *सीतारामविहारमहाकाव्यम्* ।

देवीनाथ २०१० ग

= *संस्कृत-सन्देश* १ वर्ष ७ अङ्कका ४२-४३ पृष्ठमा छापिएको, देवीनाथको *भावानुवाद* ।

देवीनाथ २०१० घ

= *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ७७-७८ पृष्ठमा छापिएको, देवीनाथको *पुष्पचिन्तामणि* ।

देवीनाथ २०१० ङ

= *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ८४-८५ पृष्ठमा छापिएको, देवीनाथको *ज्ञानदीपविमर्शिनी* ।

देवीनाथ २०१० च

= *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ८५-८६ पृष्ठमा छापिएको, देवीनाथको *लोकेश्वरशतकम्* ।

देवीप्रसाद लंसाल २०१०

= *संस्कृत-सन्देश* १ वर्ष १ अङ्कका ३१-३४ पृष्ठमा छापिएको, देवीप्रसाद लंसालको *[भट्टलक्ष्मणाचार्यविरचितम्] जगन्मोहनम्* ([भट्ट लक्ष्मणाचार्यले वनाएको] *जगन्मोहन*)।

देवीप्रसाद लंसाल २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका १३-१५ पृष्ठमा छापिएको, देवीप्रसाद लंसालको *नारद संहिताको अनुवाद* ।

देवीप्रसाद लंसाल २०१० ख

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका १५-१६ पृष्ठमा छापिएको, देवीप्रसाद लंसालको *पैतामही दिव्य शुद्धिको अनुवाद* ।

द्रागोमीर दीमित्रोव २०६३

= *फिलोलज्इक्ल् आर्कीअल्अजि (नोट्स् अन् सम् रीसन्ट्लि डिस्कभ्अर्ड् म्यानुयुस्क्रिप्ट्स् अफ् द रत्नश्रीटीका यान्ड् द विंशत्युपसर्गवृत्ति* (शाब्दिक पुराणवस्तुशास्त्र (*रत्नश्रीटीका* र *विंशत्युपसर्गवृत्ति*का भरखरै पत्ता लागेका लेखोट पुस्तकका विषयमा केही टिप्पणी) नाउँले ई.सं. २००६ सेप्टेम्वर २२ तारीख (वि.सं. २०६३ आश्विन ६ गते)को दिन नेपाल रिसर्च सेन्टरमा द्रागोमीर दीमित्रोवले दिएको प्रवचनको विज्ञप्तिपत्र।

नयराज पन्त २०१०

= *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कका ३२-३६ पृष्ठमा छापिएको, नयराज पन्तको *जयरत्नाकरनाटकसमीक्षा* ।

नयराज पन्त २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका १९-२४ पृष्ठमा छापिएको, नयराज पन्तको *जयरत्नाकरनाटकसमीक्षा* ।

नरहरिनाथ २०१०

= *संस्कृत-सन्देश* १ वर्ष १ अङ्कका ३७-३८ पृष्ठमा छापिएको, नरहरिनाथको *[श्री ५ मन्महाराजाधिराजरणवाहदूरसाहदेव-समाश्रित] दैवज्ञकेशवकृता] ग्रहणमाला* ([श्री ५ महाराजाधिराज रणवहादुर शाहदेवको आश्रयमा बसेका ज्योतिषी केशवले बनाएको] *ग्रहणमाला*)।

नरहरिनाथ २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका १-७ पृष्ठमा छापिएको, नरहरिनाथको *(श्रीवैजलभूपालविरचिता) प्रबोधचन्द्रिका [रामचन्द्रचन्द्रिका]* ((श्रीवैजल राजाले बनाएको) *प्रबोधचन्द्रिका [रामचन्द्रचन्द्रिका]*)।

नरहरिनाथ २०१० ख

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका ८-१० पृष्ठमा छापिएको, नरहरिनाथको *(१०८२ द्वयशीतिसहितसहस्रवर्षपूर्वं लिखितं ताडपत्रेषु) नारदप्रोक्ते मानवधर्मशास्त्रे नवमं प्रकरणम्* ((१०८२ एक हजार बयासी वर्षअगाडि ताडपत्रमा लेखिएको) *नारदप्रोक्त मानवधर्मशास्त्रमा* नवौं प्रकरण)।

नरहरिनाथ २०१० ग

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका ११-१३ पृष्ठमा छापिएको, नरहरिनाथको *पैतामही दिव्यशुद्धिः* (पितामहको *दिव्यशुद्धि*)।

नरहरिनाथ २०१० घ

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका ३३ पृष्ठमा छापिएको, नरहरिनाथको *कामन्दकीय-नीतिसारः* ।

नरहरिनाथ २०१० ङ

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका ३६-३७ पृष्ठमा छापिएको, नरहरिनाथको *गोपालवंशावली* ।

नरहरिनाथ २०१० च

= *संस्कृत-सन्देश* १ वर्ष ४ अङ्कका २२-२४ पृष्ठमा छापिएको, नरहरिनाथको *विजयतिलकः* ।

नरहरिनाथ २०१० छ

= *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कको १९ पृष्ठमा छापिएको, नरहरिनाथको *रघुवंशमहाकाव्यम्* ।

नरहरिनाथ २०१० ज

= *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कका ४३-४७ पृष्ठमा छापिएको, नरहरिनाथको *आदर्शपुस्तकम्* ।

नरहरिनाथ २०१० झ

= *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका १३-१७ पृष्ठमा छापिएको, नरहरिनाथको *पशुपतिपुराणम्* ।

नरहरिनाथ २०१० ञ

= *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका २५-३१ पृष्ठमा छापिएको, नरहरिनाथको *कृत्यचिन्तामणिः* ।

नरहरिनाथ २०१० ट

= *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका ३१-३२ पृष्ठमा छापिएको, नरहरिनाथको *कृत्त्य-तत्वार्णवः**[१३]।

---

१३. यस तालिकामा जहाँ जहाँ यस्तो * चिह्न छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारेको भन्ने हो।

नरहरिनाथ २०१० ठ

= *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका ३२-३३ पृष्ठमा छापिएको, नरहरिनाथको *कृत्यरत्नावली* ।

नरहरिनाथ २०१० ड

= *संस्कृत-सन्देश* १ वर्ष ७ अङ्कका ३७-४०, ४२ पृष्ठमा छापिएको, नरहरिनाथको *त्रिरत्नसौन्दर्यगाथा* ।

नरहरिनाथ २०१० ढ

= *संस्कृत-सन्देश* १ वर्ष ८ अङ्कका २९-३१ पृष्ठमा छापिएको, नरहरिनाथको *(गोरक्षाचलराजधान्यां रामसाहसमये जयभद्रलिखितम् । ३३५ वर्षपुराणम्) मेघदूतकाव्यम्* ((गोरखा पहाडको राजधानीमा राम शाहको समयमा जयभद्रले लेखेको । ३३५ वर्ष पुरानो) *मेघदूतकाव्य*)) ।

नरहरिनाथ २०१० ण

= *संस्कृत-सन्देश* १ वर्ष ८ अङ्कका ३१-३२ पृष्ठमा छापिएको, नरहरिनाथको *भास्वती* ।

नरहरिनाथ २०१० त

= *संस्कृत-सन्देश* १ वर्ष ८ अङ्कका ३२-३५ पृष्ठमा छापिएको, नरहरिनाथको *मल्लादर्शः* ।

नरहरिनाथ २०१० थ

= *संस्कृत-सन्देश* १ वर्ष ९ अङ्कका ११-१४ पृष्ठमा छापिएको, नरहरिनाथको *प्रशस्तिरत्नम् (श्री ५ पृथ्वीनारायणसाहसमय-समस्तप्रशस्तप्रशंस्तिसङ्ग्रह)* (*प्रशस्तिरत्न* (श्री ५ पृथ्वीनारायण शाहको उही समयको, सबै उत्तम प्रशस्तिहरूको सँगालो) ।

पतञ्जलि *व्याकरणमहाभाष्य*

= शाके १८८४ (वि.सं. २०१९) मा पूनावाट भाण्डारकर-प्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, काशिनाथ वासुदेव अभ्यंकरद्वारा परिष्कृत, फ्रन्त्स कीलहोर्नको *श्रीभगवत्पतञ्जलिविरचितं व्याकरणमहाभाष्यम्* (श्रीभगवान् पतञ्जलिले वनाएको *व्याकरणमहाभाष्य*) १ भाग, ३ संस्करण ।

पूर्णरत्न वज्राचार्य २०२६

= वि.सं. २०२६ मा काठमाडौँवाट राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, पूर्णरत्न वज्राचार्यको *नेपाल-राष्ट्रियाभिलेखालयस्थ-हस्तलिखित-पुस्तकानाम्* वृहत्सूचीपत्रम्* (नेपाल राष्ट्रिय अभिलेखालयमा रहेका लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र) ९ भाग ।

प्रजीत शाक्य, राजेश आचार्य र ज्ञानबहादुर के.सी. २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०६ पूर्णाङ्कका १-५० पृष्ठमा छापिएको; प्रजीत शाक्य, राजेश आचार्य र ज्ञानबहादुर के.सी.को *नयराज पन्त (वि.सं. १९७०-२०५९)को जीवनकालमा प्रकाशित, उहाँका कृतिको सूची* ।

फत्यजङ्गपराक्रम साह २०१०

= *संस्कृत-सन्देश* १ वर्ष १ अङ्कका १८-२२, ३० पृष्ठमा छापिएको, फत्यजङ्गपराक्रम साहको *(मैथिल-कोकिल-कविकण्ठहार-सत्कवि-विद्यापति-ठक्कुर-विरचितम्) गोरक्षविजयनाटकम्* (मिथिलाका कोइली, कविहरूका कण्ठका हार, असल कवि विद्यापति ठाकुरले वनाएको) *गोरक्षविजयनाटक*) ।

वावुकृष्ण शर्मा २०२१

= वि.सं. २०२१ मा काठमाडौँवाट वीरपुस्तकालयद्वारा प्रकाशित, वावुकृष्ण शर्माको *नेपालराजकीय–वीरपुस्तकालयस्थपुस्तकानाम्* वृहत्सूचीपत्रम्* (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका पुस्तकहरूको ठूलो सूचीपत्र) ६ भाग ।

बुद्धिसागर शर्मा २०१०

= *संस्कृत-सन्देश* १ वर्ष ४ अङ्कका ७-९ पृष्ठमा छापिएको, बुद्धिसागर शर्माको *रघुवंशमहाकाव्यम्* ।

बुद्धिसागर शर्मा २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष ४ अङ्कका ९-१० पृष्ठमा छापिएको, बुद्धिसागर शर्माको *[पुस्तकपरिचयः] एकादशाद्यधिकरणम् [मीमांसा]* ([पुस्तकको चिनारी] *एकादशाद्यधिकरण* [मीमांसा]) ।

बुद्धिसागर शर्मा २०१० ख

= *संस्कृत-सन्देश* १ वर्ष ७ अङ्कका २०-२२ पृष्ठमा छापिएको, बुद्धिसागर शर्माको *न्यायरत्नाकरः श्रीचन्द्रविरचितः । मिथिलाक्षरलिखितः मीमांसाग्रन्थः* (*न्यायरत्नाकर* श्रीचन्द्रले बनाएको । मैथिल लिपिमा लेखिएको मीमांसाग्रन्थ) ।

बृहत्सूचीपत्र ६ भाग

= बाबुकृष्ण शर्मा २०२१ मा हेर्नू ।

बृहत्सूचीपत्र ९ भाग

= पूर्णरत्न वज्राचार्य २०२६ मा हेर्नू ।

महेशराज पन्त २०४४

= वि.सं. २०४४ मा प्रकाशित *पूर्णिमा* ७२ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *द गोपालराजवंशावली सरसरी हेर्दा* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग ।

महेशराज पन्त २०५८

= वि.सं. २०५८ मा काठमाडौंबाट पन्डिट पब्लिकेशन्जद्वारा प्रकाशित *आदर्श* २ सङ्ख्याका ६१-१५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *डकुयुमन्ट्स् फ्रम् द रेग्मि रिसर्च् कलेक्शन्ज् १* (रेग्मी-अन्वेषण-सङ्ग्रहमा रहेका कागजात १ सङ्ख्या) ।

यादवप्रकाश *वैजयन्ती*

= वि.सं. २०२८ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरीज आफिसद्वारा प्रकाशित, हरगोविन्द शास्त्रीको *श्रीयादवप्रकाशाचार्यविरचितः वैजयन्तीकोषः सलिङ्गनिर्देशं शब्दानुक्रमणिकासहितः* (आचार्य श्रीयादवप्रकाशले बनाएको *वैजयन्तीकोष*, लिङ्ग देखाई [राखिएको] शब्दानुक्रमणिकासहित) ।

राइनहोल्द ग्र्यूनन्दाल २०४५

= ई.सं. १९८९ (वि.सं. २०४५) मा श्टुत्गर्तबाट फ्रन्त्स श्टाइनर फेर्लागद्वारा फेरि प्रकाशित, हरप्रसाद शास्त्रीको *अ क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्टइड् पेपर् म्यानुस्क्रिप्ट्स् बिलङ्गिङ् टु द डर्बार् लाइब्ररि नेपाल्* (नेपाल राजकीय पुस्तकालयका, ताडपत्रका पुस्तक र कागतका छनौट पुस्तकहरूको सूचीपत्र) १-२ भागमा गाँसिएको राइनहोल्द ग्र्यूनन्दालको *अ कन्कर्डन्स् अफ् एच्.पी. शास्त्रि'ज् क्याट्अलग् अफ् द डर्बार् लाइब्ररि यान्ड् द माइक्रोफिल्म्ज् अफ् द नेपाल्-जर्मन् म्यानुस्क्रिप्ट् प्रिज्अर्भेशन् प्रोजेक्ट्* (हरप्रसाद शास्त्रीको नेपाल राजकीय पुस्तकालयको सूचीपत्र र नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाका माइक्रोफिल्मको मिलान) (११-१२९ पृष्ठ) ।

रामावतार शर्मा २०२४

= वि.सं. २०२४ मा वाराणसीबाट ज्ञानमण्डल लिमिटेडद्वारा प्रकाशित, रामावतार शर्माको *श्रीविश्वविद्यापराभिधः वाङ्मयार्णवः* (श्रीविश्वविद्या भन्ने अर्को नाउँ भएको *वाङ्मयार्णव*) ।

वाङ्मयार्णव

= रामावतार शर्मामा हेर्नू।

वैजयन्ती

= यादवप्रकाशमा हेर्नू।

व्याकरणमहाभाष्य

= पतञ्जलिमा हेर्नू।

शङ्करनाथ फलेग्रहि २०१०

= *संस्कृत-सन्देश* १ वर्ष २ अङ्कका ३४-३६ पृष्ठमा छापिएको, शङ्करनाथको *संस्कृतपारसीकपदप्रकाशः* ।

शङ्करनाथ फलेग्रहि २०१० क

= *संस्कृत-सन्देश* १ वर्ष ४ अङ्कका ११-१४ पृष्ठमा छापिएको, शङ्करनाथ फलेग्रहिको *(मुरारिकविविरचितम्) अनर्घराघवनाटकम्* ((मुरारि कविले बनाएको) *अनर्घराघवनाटक*)।

शङ्करनाथ फलेग्रहि २०१० ख

= *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ७४-७६ पृष्ठमा छापिएको, शङ्करनाथ फलेग्रहिको *मल्लभूपालानां विद्याव्यसनम्* (मल्ल राजाहरूको विद्याव्यसन)।

शङ्करनाथ फलेग्रहि २०१० ग

= *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ७६-७७ पृष्ठमा छापिएको, शङ्करनाथ फलेग्रहिको *शिवगीता* ।

हरप्रसाद शास्त्री १९६२

= ई.सं. १९०५ (वि.सं. १९६२)मा कलकत्ताबाट प्रकाशित, हरप्रसाद शास्त्रीको *अ क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्ट्इड् पेपर् म्यान्युस्क्रिप्ट्स् बिलङ्इङ् टु द डर्बार् लाइब्रेरि नेपाल्* (नेपाल राजकीय पुस्तकालयका, ताडपत्रका पुस्तक र कागतका छनौट पुस्तकहरूको सूचीपत्र) १ भाग।

हरप्रसाद शास्त्री १९८७/८८

= ई.सं. १९३१ (वि.सं. १९८७/८८) मा कलकत्ताबाट एशियाट्इक ससाइइटि अफ बेन्गलद्वारा प्रकाशित, हरप्रसाद शास्त्रीको *अ डिस्क्रिप्टिभ् क्याट्अलग् अफ् द स्यान्स्क्रिट् म्यान्युस्क्रिप्ट्स् इन् द कलेक्शन्ज् अफ् दि एशियाट्इक् ससाइइटि अफ् बेन्गल्* (बङ्गालको एशियाटिक सोसाइटीको सङ्ग्रहमा रहेका, संस्कृतका लेखोट पुस्तकको विवरणात्मक सूचीपत्र) ६ भाग।

संसारदेवीको एउटा अभिलेख

– महेशराज पन्त

गूठीसंस्थानको काठमाडौँ भद्रकालीस्थानमा रहेको गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा देवदेवीलाई समयसमयमा चढाइएका गहनाका लगत छन् । कुन देवतालाई कसले, कहिले, कस्तो, केको, कति तौलको गहना चढाएका रहेछन् भन्ने कुरा ती लगतबाट थाहा पाइन्छ । तिनमध्ये वहुमूल्य धातुले बनाइएका र कुनैकुनैचाहिँ जुहारात पनि जडेका गहना छन् । त्यस्ता गहनामध्ये थरीथरीका फूलको आकारका पनि छन् । देवदेवीलाई चढाइने, फूलहरूलाई **पर**, **अपर**, **उत्तम**, **मध्यम** र **अधम** गरी ५ श्रेणीमा वाँडी जुहारात र सुन आदिबाट बनाइएको फूल सबभन्दा असल (**पर**) हुन्छ[१] भनी शास्त्रमा लेखिएकोले होला, धातु र रत्नको गहना चढाइएको ।

---

१. **पुष्पाणि तावत् पञ्चधा परमपरमुत्तमं मध्यममधमं चेति । मणिरत्नसुवर्णादिनिर्मितं कुसुमं परम् । तच्च न कदाचिन्निर्माल्यम् । चित्रवसनादिकर्तनजमपरम् । तच्च प्रतिदिनप्रोक्षणेन शुध्येत् । उत्तमं वृक्षभवम् । तच्च प्रातरपचितं तत् सन्ध्यात्रितयावधि न निर्माल्यम् । मध्यमं फलरूपम् । अधमं पत्रजलरूपम् । एते च तत्तत्काल एवार्पणार्हे इति प्रयोगपारिजाते नारदः ।**

(*नित्योत्सव* ७ उल्लास = ए. महादेव शास्त्री र अरू २००४/५:१६८ = परमहंस मिश्र २०६१:३२८)

(**पर** (सवभन्दा असल), **अपर** (अघिल्लो), **उत्तम** (असल), **मध्यम** (ठीकैको) र **अधम** (खराव) गरी ५ प्रकारका फूल हुन्छन् । मणि, रत्न र सुन आदिले वनाइएको फूल **पर** हो । त्यो कहिल्यै निर्वाली हुँदैन । चहकिलो कपडा[१] आदि काटेर वनाइएको **अपर** हो । हरेक दिन पुछ्नाले त्यो शुद्ध हुन्छ । **उत्तम** रूखमा फुलेको हो । विहान चढाइएको त्यो ३ सन्ध्या (विहान, दिउँसो र वेलुकी)सम्म निर्वाली हुँदैन । **मध्यम** फूल भनी चढाइएको फल हो । **अधम** फूल भनी चढाइएका पात र पानी हुन् । यी २ त्यही त्यही वेलामा मात्र चढाउन हुन्छ भनी *प्रयोगपारिजात*मा नारदले भनेका छन् ।)

वि.सं. १८०२ मा रचिएको[२] *नित्योत्सव*भन्दा पुरानो,[३] *पुष्परत्नाकर*मा पनि यसै गरी फूललाई **पर**, **अपर**, **उत्तम**, **मध्यम** र **हीन** गरी ५ श्रेणीमा वाँडिएको छ । सुनको फूल **पर** र चाँदी र तामाको फूल **अपर** हो भनी त्यहाँ लेखिएको छ –

---

१. *नित्योत्सव*को हिन्दीमा उल्था गर्ने (परमहंस मिश्र २०६१:३२८)ले **चित्रवसनादिकर्तनजम्**को अर्थ **चित्र, वस्त्र के कटपीस से बने** (चित्र, कपडा काट्दा भएका टुक्राटाक्रीले वनेका) भनी गरेका छन् । *रूपमण्डन* (४।१७)मा **चित्रवस्त्र** आएको छ । *रूपमण्डन*को हिन्दीमा उल्था गर्ने (वलराम श्रीवास्तव २०२१:१५७)ले त्यसको अर्थ **चित्रित वस्त्र** र भारतीय कलाका महनीय ऐतिहासिक टी.ए. गोपीनाथ राव (१९७२:३९१)ले भने इम्व्रइडर्ड् क्लद्ज् (कारचोपी भरेको लुगा) भनी गरेका छन् ।

२ गूद्रुन व्यूह्नेमन २०४४/४५:उपोद्घातखण्ड १५-१७ को आधारमा अस्त्रिद क्राउज़ (२०६२:७९)ले *नित्योत्सव*को यो समय दिएकी छिन् । गूद्रुन व्यूह्नेमनको किताव मैले देखेको छैन ।

३. नवमीसिंहले वनाएको *पुष्परत्नाकर*① (*पुष्परत्नाकर* १ पटलका २-३ श्लोक)मा यस ग्रन्थको रचना भएको तिथिमिति नदिई **भास्करेन्द्रमहीपाले नवे राज्यं प्रशासति** (नयाँ राजा भास्करेन्द्रले राज्य गर्दा) मात्र लेखिएको छ । यहाँ **राजा भास्करेन्द्र** भनेको

---

① *पुष्परत्नाकर*को विषयमा वावुकृष्ण ढकाल २०४३:७५-७९ हेर्नू ।

गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा गूठीजाँचलगतअड्डाको ४ नम्बरको पोकामा रहेको गहनालगतमा

पुष्पं पञ्चविधं प्रोक्तं परं चापरमेव च ॥२१ ॥
उत्तमं मध्यमं हीनं तेषां वक्ष्यामि लक्षणम् ॥
परं सुवर्णपुष्पं स्यात् तत् सदा योग्यमेव हि ॥ २२ ॥
[...]
अपरं राजतं पुष्पं ताम्रजं च प्रकीर्तितम् ॥ २३॥

(*पुष्परत्नाकर* १ पटल)

(**पर, अपर, उत्तम, मध्यम** र **हीन** गरी ५ थरी फूल कहिएका छन् । तिनको लक्षण भन्नेछु । **पर** सुनको फूल हो, किनभने त्यो सधैं उचितै हुन्छ । **अपर** चाँदीको र तामाको फूल हो ।)

उत्तम मध्यम आदिमा चाहिँ त्यहाँ साँच्चिकै फूलका नाम दिइएका छन् (यही पटलका २४-४८ श्लोक) ।[४]

काठमाडौँका राजा पार्थिवेन्द्र मल्लका नाति, भूपालेन्द्र मल्लका छोरा भास्कर मल्ल हुन् ।[②] भास्कर मल्ललाई **नयाँ राजा** भनी यहाँ लेखेकोले उनी राजा भएको धेरै भएको रहेनछ भन्ने यताबाट बुभि्कन्छ । ग्रन्थकर्ता नवमीसिंह भनेको भास्कर मल्लका बाबुको पालाका चौतारा नवमीसिंह भँडेल हुन् ।[③] बाबु भूपालेन्द्र मल्ल ने.सं. ८२० (वि.सं. १७५७) कार्तिकअमावास्याको दिन परदेशमा परलोक भएका र उनी परलोक भएको खबर आएपछि माघशुक्लपञ्चमीको दिन उनको चिनाको अग्निसंस्कार गर्ने र सती जाने काम भए[④]पछि भास्कर मल्ल राजा भएकाले र नवमीसिंह ने.सं. ८२३ (वि.सं. १७६०) आश्विनकृष्णतृतीयाको दिन परलोक भए भनी उनको विषयमा खोजी गर्नेहरूले लेखेकाले[⑤] यही अन्तरालमा *पुष्परत्नाकर*को रचना भएको देखिन्छ ।

४. प्रताप मल्लको पालामा रचिएको[⑥] *पुष्पचिन्तामणि*मा सुनले बनाएको केतकीफूलको माहात्म्य यसरी गाइएको छ –

सुवर्णकेतकीपुष्पं यच्छन्ति च जनार्दने ।
कोटिजन्मार्जितं पापं दहते गरुडध्वजः ॥ ५३$\frac{1}{2}$ ॥

(*पुष्पचिन्तामणि* २ प्रकाश)

(सुनले बनाएको केतकीफूल [जजसले] विष्णुलाई चढाउँछन्, [तिनको] करोड जन्मको पाप विष्णुले डढाइदिन्छन् ।)

---

② पण्डितहरूमा साधारणतया देखिने इतिहासको ज्ञानको घोर अभावसँगसँगै अब संस्कृत व्याकरणको साधारण ज्ञान पनि उनीहरूमा हराउँदै गएको एउटा उदाहरण एक जना पण्डितले **श्री भाष्करेन्द्र मल्ल** (**श्री भूपालेन्द्र मल्ल**) (विद्यानाथ भट्ट (उपाध्याय) २०४८:ञ) लेखेकोमा पाइएको छ ।

③ विश्वनाथ भट्टराई २०३२:३९-५२, तीर्थलाल २०४०:५०-५३, तीर्थलाल नःघःभनी राजभण्डारी २०४८:क-भ, विद्यानाथ उपाध्याय २०५४:६-१० ।

④ धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:२२५-२२८, ३५०-३५१ ।

⑤ *पुष्परत्नाकर*का प्रस्तोताले त्यहीँ (तीर्थलाल नःघःभनी राजभण्डारी २०४८:च) र *पुष्परत्नाकर* प्रकाशित हुनुभन्दा ८ वर्षअगाडि छापिएको लेख (तीर्थलाल २०४०:५३)मा ने.सं. ८२३ (वि.सं. १७६०) आश्विनकृष्णतृतीयाको दिन नवमीसिंह परलोक भए भनी लेखेका छन् । नवमीसिंहको अर्को ग्रन्थ *तन्त्रचिन्तामणि*का सम्पादक (विद्यानाथ उपाध्याय २०५४:९,१०)ले *पुष्परत्नाकर*का प्रस्तोता तिनै सज्जनले प्रमाण हाली लेखेको अप्रकाशित लेखको आधारमा नवमीसिंहको विषयमा लेख्दा यही मिति दिएका छन् । तर यी ३ लेखमध्ये कुनैमा पनि प्रमाण खुलाइएको छैन ।

⑥ तल १९ सङ्ख्याको टिप्पणी ।

भक्तपुरको इन्द्राणी[२] स्थानमा रानी संसारदेवीले चढाएको एउटा गहनाको लगत छ। त्यस लगतमा १०८ नम्बरको रूपमा एउटा गहना दर्ता गरिएको छ र त्यहाँ त्यस गहनामा कुँदिएको अभिलेखको पाठ दिई त्यस गहनाको प्रकार र तौलको विषयमा लेखिएको छ। त्यसको माइक्रोफिल्म नेपाल-जर्मनहस्तलिखितग्रन्थ-संरक्षणपरियोजनाको के ३७४/९२ र के ३७५/१ मा भएको छ। १०८ नम्बरको यो लगत प्रमाणित गर्न १ र २ पङ्क्तिको बीचमा एउटा ठूलो छाप र त्यस छापसँग जोडेर अर्को सानो छाप लगाइएको छ। पाठ सार्दा बिग्रेको ठाउँमा सच्याई फेरि त्यही सानो छाप लगाइएको छ। दुवै छापमा कुँदिएका जम्मै कुरा स्पष्ट आएका छैनन् तापनि दुवै छाप वृत्ताकार छन् भनी भन्न सकिन्छ। पहिलो छापमा **५ स** बुझिन्छ र शिरमा चन्द्रमा देखिन्छ। सानो छापमा चाहिँ **मान ८४** बुझिन्छ।

ठूलो छाप गूठीअड्डाका कुनै कुनै कागजातमा स्पष्टसँग आएकोले[३] त्यसको आधारमा त्यस छापको बयान यसरी गर्न सकिन्छ –

छापमा २ वटा वृत्ताकार घेरा छन्। ती २ घेराको बीचमा वरिपरि थोप्ला छन्, ती थोप्लाभित्र पर्ने गरी छापको शिरमा **श्री** लेखिएको छ, त्यसको बायाँपट्टि चन्द्र र दायाँपट्टि सूर्य छन्, त्यसभन्दा तल **५ सर्कारतर्फका** लेखिएको छ, त्यसभन्दा तल **लगतअडा** लेखिएको छ, त्यसभन्दा अझ तल दायाँबायाँ बुट्टा कुँदी तिनको बीचमा **६२** लेखिएको छ। यतावाट **श्री ५ सर्कारतर्फका लगतअड्डाको, वि.सं. १९६२** मा बनाइएको छाप यहाँ लगाइएको स्पष्ट हुन्छ।

सानो छाप पनि गूठीका कुनै कुनै कागजातमा स्पष्टसँग देखिएकोले[४] त्यसको आधारमा त्यस छापको बयान यसरी गर्न सकिन्छ –

छापमा सबभन्दा माथि **श्री** लेखिएको छ। त्यसको बायाँपट्टि चन्द्र र दायाँपट्टि सूर्य छन्। त्यसपछि एउटा सीधा धर्को दिई त्यसभन्दा तल **दीर्घमान** र फेरि अर्को सीधा धर्को दिई त्यसभन्दा तल **८४** लेखिएको छ। यतावाट दीर्घमानको, वि.सं. १९८४ मा बनाइएको छाप यहाँ लगाइएको स्पष्ट हुन्छ।[५]

दीर्घमानले मूलबाट अभिलेखको पाठ पढी यो लगत तयार गरेको र श्री ५ सरकारतर्फको लगतअड्डाबाट यो प्रमाणित गरेको यतिसम्मका कुराबाट बुझिन्छ।

त्यस लगतमा सारिएको अभिलेखको पाठ र त्यस गहनाको विषयमा लेखिएको कुरा अब उतारिन्छ –

---

२. **इन्द्राणी ब्रह्माणी रुद्राणी**को ठाउँमा **इन्द्रायणी ब्रह्मायणी रुद्रायणी** भन्ने र लेख्ने चलन छ। नाम र स्त्रीवाचक प्रत्ययको बीचमा **य**कारको आगम कसरी भयो, यसमा नव्यभाषाका वैयाकरणहरूको दृष्टि जानु आवश्यक छ।

३. उदाहरणको लागि माइक्रोफिल्मको रील नम्बर के २२६/८१ हेर्नू।

४. उदाहरणको लागि माइक्रोफिल्मको रील नम्बर के ३७७/४० हेर्नू।

५. यिनै दीर्घमानले तयार गरेका गूठीका कागजातका पञ्जिका गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा छन्।

१. श्री ३ इन्द्रायणी माजुस्के

२. दोहलया याव पाया १ के-

३. केस्वान दुता सम्बत ५४८ मा-

४. र्गसुदी ३ रोज ४ स श्रीसंसा-

५. र देवीप्रमु [६]त थकुंरानी-

६. सन सुभत्वालया भाने कट्-

७. कन चीता यान्याव सेनी

८. बाऱ्ह्या दामन तोसा ताना

९. भनी केतकीपत्रपछाडी

१०. अक्षर काटीयाको मझौ-

११. ला हाकं तोला ३६ को १[७]

गूठीअड्डामा राखिएका अभिलेखका पाठ २ थरी मान्छेले पढेका छन् । तिनमा एक थरी गूठीअड्डाका कर्मचारीले पढेको र कुनै गूठीमा हकदावी गर्ने मानिसले पेश गरेको पाठ, अर्को थरीचाहिँ वीरपुस्तकालयमा काम गर्ने गुभाजू पण्डितहरूले पढेको पाठ । पहिलो थरीका मान्छेहरूमा प्राचीन लिपि र भाषाको ज्यादै नै अधकल्चो ज्ञान भएकोले तिनीहरूले उतारेको पाठ निकै नै भ्रष्ट हुन्छ भन्ने विषयमा मैले वारंवार लेखी पनि सकेको छु[८] गुभाजू पण्डितहरूले पढेको पाठचाहिँ अन्यापेक्षया शुद्ध हुन्छ भन्ने मैले अनुभव गरेको छु ।[९] गूठीअड्डाका कर्मचारीले उतारेको, माथि दिइएको पाठ अशुद्ध भए पनि मूल अभिलेख मैले हेर्न नपाएकोले त्यही भ्रष्ट पाठबाट चित्त वुझाउनुपरेको छ ।

६. प्रमु र तको वीचका २ अक्षरमध्ये पहिलोमा मसी भरेर र दोस्रोचाहिँ काटेर तिनलाई रद्द गरी तिनमा छाप लगाइएको छ । काटिएका अक्षरमध्ये पहिलो ष जस्तो लाग्छ, दोस्रोचाहिँ त हो ।

७. अभिलेखको पाठ र चढाएको कुराको वयान लगतमा उत्रै उत्रै अक्षरमा लेखिएको भए पनि अभिलेखको मूलपाठसँग चढाएको कुराको वयान छुट्ट्याउन अक्षर ठूलो सानो पारिएको हो ।

८. महेशराज पन्त २०५८:७०-७१ ।
उही २०६०:३४-३५ ।
उही २०६० क:३४ ।
उही २०६० ख:४४ ।

९. उदाहरणको लागि सिद्धिहर्ष वज्राचार्य[१]ले पढेको पाठ (माइक्रोफिल्मको रील नम्बर के ८७/२५ वी = महेशराज पन्त २०६२:१५-१७) र चित्तहर्ष वज्राचार्य[२]ले पढेको पाठ (माइक्रोफिल्मको रील नम्बर के ३६८/७२ = महेशराज पन्त २०६२ क:१९) हेर्नू ।

१. यिनको विषयमा नागेन्द्रमणि कुलिशाचार्य २०५३:३२-३५ र महेशराज पन्त २०६२:४-८ हेर्नू ।

२ यिनी सिद्धिहर्ष वज्राचार्यका छोरा हुन् (फणीन्द्ररत्न वज्राचार्य २०५९:६३ मा पूर्णहर्ष वज्राचार्य हेर्नू) ।

यस अभिलेखको पाठ ज्यादै भ्रष्ट ढङ्गले उतारिएकोले यसको विषयवस्तु राम्ररी बुझ्न सकिँदैन तापनि ने.सं. ५४८ मार्गशुक्लतृतीया बुधवारको दिन रानी संसारदेवीले [भक्तपुरकी] इन्द्राणी (**इन्द्रायणी माजु**)मा केतकीपत्र (**केकेस्वान**) चढाएकोसम्म थाहा पाउन सकिन्छ । यो अभिलेख उतार्नमा मात्र गल्ती नगरी एउटा शब्दको ठाउँमा यहाँ समानार्थक अर्को शब्द राखिएको छ भन्ने कुरा निकै धेरैपछिका लिखतमा मात्र देखिने, फारसीको **रोज** र त्यसपछि अङ्क दिई **रोज ४ ले बुधवार** बुझाएकोबाट स्पष्ट हुन्छ ।

चढाइएको त्यस वस्तुको यस लगतमा गरिएको बयानअनुसार ३ तोला ६ मासा तौल भएको, मझौला केतकीपत्रको पछाडि यो अभिलेख कुँदिएको बुझिन्छ । त्यो केतकीपत्र कुन धातुको थियो भन्ने कुरा यस लगतबाट खुल्दैन तापनि देवदेवीमा चढाइएका अरू अरू केतकीपत्र चाँदीका भएकाले यो पनि चाँदीकै हुनु धेरै सम्भव छ ।

लगतमा तोलाको अगाडि **हाकं** लेखिएकोले यसको अर्थ खुलाउनु राम्रै होला । गूठीका लगतमा तौल बुझाउन **हाकं**को प्रशस्त प्रयोग भएको यस प्रसङ्गमा सम्झनुपर्छ ।

सयौँ वर्षअगाडि चढाइएको, धातुको केतकीपत्र खिइँदै जानु स्वाभाविक भएकोले हाल जोख्दा यति तोला छ भनी बुझाउने प्रसङ्गमा यहाँ हा लेखिएको देखिन्छ । ई.सं. १८३३ (वि.सं. १८८९/९०) मा इस्ट इन्डिया कम्पनीले तोलाको ओजनमा अलिकति संशोधन गरी पुरानो तोलाभन्दा नयाँ तोलाको ओजन केही बढी पारेको थियो ।[10] यसरी बढाइएको ओजनअनुसार ढालिएको कम्पनी रुपियाँलाई १ तोला मान्ने चलन चल्यो[11] र त्यही ओजनलाई यहाँ **कं** भनेको हो । यस कारण **हाल** र **कंपनी** यी २ शब्दका आद्याक्षर **हाकं** हुन् भन्ने स्पष्ट छ ।

संसारदेवीका पति ज्योतिर् मल्लको पाइएसम्ममा सबभन्दा पछिल्लो लिखत ने.सं. ५४८ (वि.सं. १४८५) भाद्रशुक्लप्रतिपदाको र उनीहरूका छोरा यक्ष मल्लको पाइएसम्ममा सबभन्दा पहिलो लिखत शाके १३५० (वि.सं. १४८५) मार्गशुक्लनवमी (मार्ग १८ गते)को[12] भएकोले ने.सं. ५४८ (वि.सं. १४८४) मार्गशुक्लतृतीयामा

१०. होरेस हिमन विल्सन १९११:५२४ मा **तोल, तोला** ।

११. गोपालदत्त पाडे १९७१: *परिभाषा*को ४ पृष्ठ ।

१२. महेशराज पन्त २०६१:२७ मा ३२ सङ्ख्याको टिप्पणी ।
ने.सं. ५४९ (वि.सं. १४८५) कार्तिककृष्णपञ्चमीको दिन स्थितिराज मल्ल परलोक भए भनी *भाषावंशावली*का कुनै कुनै पाठमा लेखिएको छ ।[1] तर ने.सं. ५१५ (वि.सं. १४५२) भाद्रकृष्णषष्ठीको दिन उनी बितेको कुरा

१. डयान्यल राइट १९३३:१८३ ।
रमेशजङ्ग थापा २०२७-२०३१:(*प्राचीन नेपाल* १७ संख्याको ४ पृष्ठ)मा महीना पक्ष तिथि छैन, खालि संवत् मात्र दिइएको छ । यीबाहेक *भाषावंशावली*का आफ्नो पहुँच भएका र स्थितिराज मल्ल र यक्ष मल्लको कुरा परेका, अरू पाठमा यो तिथिमिति भेट्टाइएन ।

संसारदेवीले इन्द्राणीमा केतकीपत्र चढाउँदा उनका पति राजा ज्योतिर् मल्ल बाँचिरहेकै थिए भन्ने स्पष्ट छ ।

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[१३] वर्णक्रमअनुसारको तालिका

अक्सल मिषायेल्स २०५२

= ई.सं. १९९६ (वि.सं. २०५२) मा बर्नवाट पिटर लाङ्द्वारा प्रकाशित, अक्सल मिषायेल्स, कर्नेलिआ फोगलसाङ्गर र अनेते विल्केद्वारा सम्पादित *वाइल्ड् गडिसिइज् इन् इन्डिअ यान्ड् नेपाल्* (नेपाल र भारतका क्रूर देवीहरू)का ३०३-३४२ पृष्ठमा छापिएको, नूतन शर्मासँग मिली अक्सल मिषायेल्सले लेखेको *गडिस् अफ् द सीक्रिट् – गुह्येश्वरी इन् नेपाल् यान्ड् हर् फेस्टिभल्* (गुह्यकी देवी – नेपालकी गुह्येश्वरी र उनको चाडपर्व) ।

अल्ब्रेख्त वेज्लर २०५२

= आदोल्फ फ्रीद्रिख़ स्तेन्ज्लरमा हेर्नू ।

भएको तात्कालिक लिखत पाइन्छ ।[२] *भाषावंशावली*का आफ्नो पहुँच भएका, अरू सबै पाठमा स्थितिराज मल्लका छोरा ज्योतिर् मल्लको नामै परेको छैन र नाति यक्ष मल्ललाई छोरा भनी लेखिएको छ ।[३] ज्योतिर् मल्लको पाइएसम्ममा सबभन्दा पछिल्लो लिखत ने.सं. ५४८ (वि.सं. १४८५) भाद्रशुक्लप्रतिपदाको र यक्ष मल्लको पाइएसम्ममा सबभन्दा पहिलो लिखत शाके १३५० (वि.सं. १४८५) मार्गशुक्लनवमी (मार्ग १८ गते)को भएकोले यसैवीचमा ज्योतिर् मल्ल परलोक भएको देखिन्छ । त्यस कारण जसले *भाषावंशावली* लेखे, तिनले ज्योतिर् मल्लको मृत्युतिथिलाई स्थितिराज मल्लको मृत्युतिथि भनी भ्रमवश लेखेका हुन् भनी ज्ञानमणि नेपाल (२०६२:२५१, २८६[४]-२८७)ले गरेको तर्क ठीक देखिन्छ ।

१३. कुनै कृतिमा रचयिता वा सम्पादक आदिको नाउँ नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार यस तालिकामा राखिएको छ । प्राचीन शैलीको ग्रन्थको हकमा चाहिँ रचयिताको नाउँ र ग्रन्थनाम दुवै वर्णक्रमअनुसार यहाँ राखिएका छन् । प्राचीन शैलीको ग्रन्थको मूलभागको होइन कि सम्पादकले लेखेको भागको उपयोग गर्दा भने त्यस ग्रन्थको कर्ता र ग्रन्थको नाउँ यहाँ राखिएका छैनन् । प्राचीन संस्कृत ग्रन्थका, यहाँ नाउँ दिइएका प्रकाशित पुस्तकवाट यस लेखमा उद्धरण गर्दा महेशराज पन्त २०५७:§ ७.१६ = ४६७ मा लेखिएको रीतिको अनुसरण यहाँ गरिएको छ । नेपाली भाषामा लेखिएका, नामविशेष नभएका, वंशावलीका अप्रकाशित पाठमध्ये ती पाठ जजसको सङ्ग्रहमा छन्, तिनको छोटकरी नाउँ वंशावलीको अगाडि जोडी यस लेखमा काम चलाइएको छ । गुठीअड्डाको लगत र माइक्रोफिल्मका रीलको विषयमा माथि लेखमै खुलाएर लेखिसकेकोले तिनलाई यहाँ चढाइएको छैन ।

---

२ धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:मूलभाग ३८ ।

३. *केम्ब्रिजवंशावली* १:१०९ ख पत्र, *केम्ब्रिजवंशावली* २:३२ ख-३३ क पत्र, डयान्यल राइट १९३३:१८८, देवीप्रसाद लंसाल २०२३:५०-५१, बालचन्द्र शर्मा २०२५ (*प्राचीन नेपाल* ५ संख्याको ४ पृष्ठ), विक्रमजित् हस्रत २०२७:५६, *मण्डलवंशावली* १:११६, *मण्डलवंशावली* २:५१ क पत्र, रमेशजङ्ग थापा २०२७-२०३१ (*प्राचीन नेपाल* १७ संख्याको ३-४ पृष्ठ), *राजभोगमाला* (*प्राचीन नेपाल* ९ संख्याको १७ पृष्ठ), *राजोपाख्यान*:३३ ख-३४ क पत्र, *लेविवंशावली*:३६ ख-३७ क पत्र ।

४. **ने.सं. ५४९ (वि.सं. १४८५) कार्तिक कृष्ण ५ हुनुपर्नेमा त्यहाँ भ्रमवश ने.सं. ५४८ (वि.सं. १४८५) कार्तिक कृष्ण ५ छापिएको छ ।**

असृत्रिद काउज़[१४] २०६१

= ई.सं. २००५ (वि.सं. २०६१) मा लाइप्जिगविश्वविद्यालयमा एम्.ए.को लागि प्रस्तुत, असृत्रिद काउज़[१४]को *उन्तर्सुखुङ्गेन् त्सुर् वेर्वेन्दुङ्ग फन् ब्ल्यूतेन् बाइ देर् पूजा : दास् द्रित्त कापितेल् देस् पुष्पचिन्तामणि* (पूजामा फूलको प्रयोगसम्बन्धी परिशीलन– *पुष्पचिन्तामणि*को तेस्रो प्रकाश)।

अष्टाध्यायी

= पाणिनिमा हेर्नू।

आदोल्फ फ्रीद्रिख़ स्तेन्ज्लर १९२५/२६

= ई.सं. १८६९ (वि.सं. १९२५/२६) मा ब्रेस्लाउबाट फेर्लाग मेइल्ज़रद्वारा प्रकाशित, आदोल्फ फ्रीद्रिख़ स्तेन्ज्लरको *इलेमेन्तार्बुख् देर् सन्स्क्रित्-स्प्राखे* (संस्कृतभाषाको उठानको पुस्तक)।

[ई.सं. १९९५ (वि.सं. २०५२) मा बर्लिनबाट वाल्टर द ग्रुइटरद्वारा प्रकाशित, अल्ब्रेख्त वेज्लरद्वारा परिष्कृत १८ संस्करण।]

उमानन्दनाथ *नित्योत्सव*

= ई.सं. १९४८ (वि.सं. २००४/५) मा वडोदाबाट अर्इएन्टल इन्स्टिटचुटद्वारा तेस्रोपटक प्रकाशित, ए. महादेव शास्त्री र अरूको *नित्योत्सव बाइ उमानन्दनाथ : सप्लिमन्ट् टु परशुराम-कल्प-सूत्र* (उमानन्दनाथले लेखेको *नित्योत्सव – परशुरामकल्पसूत्र*को परिशिष्ट) ३ संस्करण।[१५]

वि.सं. २०६१ मा काशीबाट चौखम्बा सुरभारतीप्रकाशनद्वारा प्रकाशित, परमहंस मिश्रको *श्रीभासुरानन्दनाथचरणचञ्चरीक श्रीउमानन्दनाथविरचितः नित्योत्सवः* (श्रीभासुरानन्दनाथको पाउका भवँरा श्रीउमानन्दनाथले वनाएको *नित्योत्सव*)।

ए. महादेव शास्त्री र अरू २००४/५

= उमानन्दनाथमा हेर्नू।

केम्ब्रिजवंशावली १

= केम्ब्रिजविश्वविद्यालयको पुस्तकालयको म्यान्युस्क्रिप्ट् याड्. ११६० सङ्ख्याको, राजा शिवसिंह [मल्ल]सम्मको कुरा परेको खण्डित अप्रकाशित वंशावली।

केम्ब्रिजवंशावली २[१६]

= केम्ब्रिजविश्वविद्यालयको पुस्तकालयको म्यान्युस्क्रिप्ट् याड्. १९५२[ए] सङ्ख्याको, श्री ५ सुरेन्द्रको जन्म भएसम्मको कुरा परेको अप्रकाशित वंशावली।

गूद्रुन ब्यूह्नेमन २०४४/४५

= ई.सं. १९८८ (वि.सं. २०४४/४५) मा विशत्रखबाट इन्स्तितुत फीर् इन्दोलोगीद्वारा प्रकाशित, गूद्रुन ब्यूह्नेमनको *द वर्शिप् अफ् महागणपति अकर्ड्इङ् टु द नित्योत्सव* (*नित्योत्सव*अनुसार महागणपतिको पूजा)।

---

१४. यस थरको उच्चारण हलन्त नगरी अजन्त गर्नुपर्छ।

१५. यो पुस्तक समग्र रूपमा मैले देखेको छैन। सम्बद्ध पृष्ठको फोटोकपी असृत्रिद काउज़बाट मैले पाएको हुँ। यसको मुखपृष्ठको फोटोकपी आफूसँग नभएकोले सबै सम्पादकको नाउँ दिन सकिएन।

१६. अक्सल मिषायेल्स (२०५२:३१३ मा १० सङ्ख्याको टिप्पणी)ले यस वंशावलीको उल्था डचान्यल राइट १९३३ हो भनी लेखेका छन्। तर स्थितिराज मल्ल परलोक भएको दिन भनी दिइएको मिति डचान्यल राइट १९३३ मा भएको र यसमा नभएकोले (माथि ९५ पृष्ठमा १२ सङ्ख्याको टिप्पणीको १ उपटिप्पणी) डचान्यल राइट १९३३ यस वंशावलीकै उल्था हो भन्ने कुरा चिन्त्य छ जस्तो लाग्छ।

गोपालदत्त पाडे १९७१

= वि.सं. १९७१ मा नेपालबाट गोपालदत्त पाडेद्वारा प्रकाशित, उनैको *व्यक्तचंद्रिका**[१७] ४ संस्करण।

ज्ञानमणि नेपाल २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट मकालु बुक्स एण्ड स्टेशनर्सद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *नेपालको माध्यमिक कालको इतिहास*।

टी.ए. गोपीनाथ राव १९७२

= ई.सं. १९१६ (वि.सं. १९७२) मा प्रकाशित टी.ए. गोपीनाथ रावको *एल्इमन्ट्स् अफ् हिन्डू आइकन्अग्र्याफि* (हिन्दू प्रतिमालक्षणका मूल कुरा) २ खण्ड २ भाग।
[ई.सं. १९७१ (वि.सं. २०२७/२८) मा वाराणसीबाट इन्डोलजिक्ल बुक हाउसद्वारा फेरि प्रकाशित।]

डचान्यल राइट १९३३

= ई.सं. १८७७ (वि.सं. १९३३) मा केम्ब्रिजबाट यूनिभर्सिटि प्रेसद्वारा प्रकाशित, डचान्यल राइटको *हिस्टरि अफ् नेपाल्, ट्रान्स्लेटेड्इड् फ्रम् द पर्बतिया बाइ मुन्शी श्यू शङ्कर् सिङ्घ् यान्ड् पन्डिट् श्री गुणानन्द् : विथ् यान् इन्ट्रडक्टरि स्केच् अफ् द कन्ट्रि यान्ड् पीप्ल् अफ् नेपाल्, बाइ दि एड्इटर्* (नेपालको इतिहास – मुन्शी शिवशङ्कर सिंह र पण्डित गुणानन्दले पर्वतेबाट उल्था गरेको; सम्पादकले लेखेको, नेपालको मुलुक र दुनियाँको चिनारी गराउने बयानसहित)।

तीर्थलाल २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *मधुपर्क* १५ वर्ष १२ अङ्कका ५०-५३ पृष्ठमा छापिएको, तीर्थलालको *चौतारा नवमीसिंह*।

तीर्थलाल नःघःभनी राजभण्डारी २०४८

= वि.सं. २०४८ मा काठमाडौँबाट विनोदमान* राजभण्डारीद्वारा प्रकाशित, तीर्थलाल नःघःभनी राजभण्डारीद्वारा प्रस्तुत *पुष्परत्नाकर*का क-झ पृष्ठमा छापिएको, उनैको *एक दृष्टि*।

देवीनाथ २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ७७-७८ पृष्ठमा छापिएको, देवीनाथको *पुष्पचिन्तामणि*।

देवीप्रसाद लंसाल २०२३

= वि.सं. २०२३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, देवीप्रसाद लंसालको *भाषा वंशावली* २ भाग।

धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय*।

नवमीसिंह *पुष्परत्नाकर*

= वि.सं. २०४८ मा काठमाडौँबाट विनोदमान*, राजभण्डारीद्वारा प्रकाशित, तीर्थलाल नःघःभनी राजभण्डारीद्वारा प्रस्तुत *पुष्परत्नाकर*।

---

१७. यस तालिकामा जहाँ जहाँ यस्तो * चिह्न छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारेको भन्ने हो।

नागेन्द्रमणि कुलिशाचार्य २०५३

= वि.सं. २०५३ मा काठमाडौँबाट नेपालभाषापरिषद्द्वारा प्रकाशित *नेपाल ऋतु-पौ* (आर्तव पत्रिका नेपाल) ८३ पूर्णाङ्कका ३२-३५ पृष्ठमा छापिएको, नागेन्द्रमणि कुलिशाचार्यको *बौद्ध विद्वान् पण्डित सिद्धिहर्ष वज्राचार्य* (*बाबुकाजी गुरूजु**)।

नित्योत्सव

= उमानन्दनाथमा हेर्नू।

परमहंस मिश्र २०६१

= उमानन्दनाथमा हेर्नू।

पाणिनि *अष्टाध्यायी*

= वि.सं. २००९ मा बनारसबाट चौखम्बा-संस्कृत-पुस्तकालयद्वारा प्रकाशित, शोभित मिश्रको *पाणिनीयव्याकरणसूत्रवृत्तिः काशिका विद्वद्वरवामनजयादित्यविरचिता* (पाणिनीय व्याकरणका सूत्रको वृत्ति *काशिका* – विद्वान्हरूमा श्रेष्ठ वामन र जयादित्यले बनाएको) ३ संस्करण।

पुष्पचिन्तामणि

= मायासिंहमा हेर्नू।

पुष्परत्नाकर

= नवमीसिंहमा हेर्नू।

फणीन्द्ररत्न वज्राचार्य २०५९

= वि.सं. २०५९ मा काठमाडौँबाट नेपालभाषा एकेदमिद्वारा प्रकाशित, फणीन्द्ररत्न वज्राचार्यद्वारा सङ्कलित *म्हसीका धलः (नेपालभाषा साहित्य ख्यलय् योगदान दुपिनिगु)* (परिचयसूची (नेवारी-भाषासाहित्यक्षेत्रमा अवदान भएकाहरूको))।

बलराम श्रीवास्तव २०२१

= मण्डनमा हेर्नू।

बाबुकृष्ण ढकाल २०४३

= वि.सं. २०४३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ४ पूर्णाङ्कका ७५-७९ पृष्ठमा छापिएको, बाबुकृष्ण ढकालको *पुष्परत्नाकर*।

बालचन्द्र शर्मा २०२५

= वि.सं. २०२५ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ४ संख्याका १-१५, ५ संख्याका १-१७, ६ संख्याका १-२९ पृष्ठमा छापिएको, बालचन्द्र शर्माको *काठमाण्डू-उपत्यकाको एक राजवंशावली*।

विक्रमजित्* हस्रत २०२७

= ई.सं. १९७० (वि.सं. २०२७) मा होशियारपुरबाट प्रकाशित, विक्रमजित्* हस्रतको *हिस्टरि अफ् नेपाल्, याज् टोल्ड् बाइ इट्स् ओन् यान्ड् कन्टेम्परि क्रन्इक्ल्ज्* (नेपालको इतिहास – नेपालका आफ्नै र उही समयका इतिवृत्तकारहरूले बताएबमोजिमको)।

भाषावंशावली

= *केम्ब्रिजवंशावली* १, *केम्ब्रिजवंशावली* २, डयान्यल राइट १९३३, देवीप्रसाद लंसाल २०२३, बालचन्द्र शर्मा २०२५, विक्रमजित् हस्रत २०२७, *मण्डलवंशावली* १, *मण्डलवंशावली* २, रमेशजङ्ग थापा २०२७-२०३१, *राजभोगमाला, राजोपाख्यान, लेविवंशावली*मा हेर्नू।

मण्डन *रूपमण्डन*

= वि.सं. २०२१ मा काशीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, बलराम श्रीवास्तवको *रूपमण्डन* ।

मण्डलवंशावली १

= संशोधन-मण्डलको सङ्ग्रहमा रहेको, नेपाली पाको कागतमा लेखिएको, एकातिर हरिताल लाएको, पत्रपत्र सिएर किताब जस्तो बनाइएको, सबभन्दा पछिल्लो पानामा वि.सं. १९४८ कार्तिक ८ गतेसम्मको घटनाको चर्चा परेको, अप्रकाशित वंशावली ।[१८]

मण्डलवंशावली २

= संशोधन-मण्डलको सङ्ग्रहमा रहेको, नेपाली पाको कागतमा लेखिएको, एकातिर हरिताल लाएको, सबभन्दा पछिल्लो पानामा वि.सं. ४२ साल पर्वको चर्चा परेको, खण्डित अप्रकाशित वंशावली ।

महेशराज पन्त २०३१

= वि.सं. २०३१ मा प्रकाशित *पूर्णिमा* ३१ पूर्णाङ्कका १६१-१७२ पृष्ठमा छापिएको, महेशराज पन्तको *गोपालराजवंशावली र भाषा-वंशावलीको साधर्म्यका केही उदाहरण* ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीवाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूप'ज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग ।

महेशराज पन्त २०५८

= वि.सं. २०५८ मा काठमाडौँबाट पन्डिट पब्लिकेशन्जद्वारा प्रकाशित *आदर्श* २ सङ्ख्याका ६१-१५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *डक्युमन्ट्स् फ्रम् द रेग्मि रिसर्च् कलेक्शन्ज् १* (रेग्मी-अन्वेषण-सङ्ग्रहमा रहेका कागजात १ सङ्ख्या) ।

महेशराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* ११० पूर्णाङ्कका ३४-५० पृष्ठमा छापिएको, महेशराज पन्तको *जङ्गमठसम्बन्धी ८ वटा पत्र* ।

महेशराज पन्त २०६० क

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १११ पूर्णाङ्कका ३०-४२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – थप १० वटा लिखतपत्र* ।

महेशराज पन्त २०६० ख

= *पूर्णिमा* १११ पूर्णाङ्कका ४३-५८ पृष्ठमा छापिएको, महेशराज पन्तको *दुर्गानाथी देव गिरिले राखेको शिलापत्र* ।

महेशराज पन्त २०६१

= वि.सं. २०६१ मा प्रकाशित *पूर्णिमा* ११४ पूर्णाङ्कका १-५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतपत्रमा अधिमास* ।

महेशराज पन्त २०६२

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका १-१७ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको सिद्धिहर्ष वज्राचार्य(वि.सं. १९३६-२००९)ले पढेको पाठ र गरेको उल्था* ।

महेशराज पन्त २०६२ क

= *पूर्णिमा* ११८ पूर्णाङ्कका १८-३० पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १५१४ देखि १८२५ भित्रका, अहिलेसम्म प्रकाशमा नआएका ८ वटा पत्र* ।

---

१८. महेशराज पन्त २०३१:१६६ ।

मायासिंह *पुष्पचिन्तामणि*[१९]

= ई.सं. १९६६ (वि.सं. २०२२/२३) मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्वविभागद्वारा प्रकाशित, जयमन्त मिश्रको *पुष्पचिन्तामणि* ।

रमेशजङ्ग थापा २०२७-२०३१[२०]

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* १२ संख्याका १-२७, १३ संख्याका १-२४, १४ संख्याका १-२४ पृष्ठमा छापिएको *नेपाल देशको इतिहास*[२१]।

वि.सं. २०२८ मा प्रकाशित *प्राचीन नेपाल* १६ संख्याका १-२४, १७ संख्याका १-११, १८ संख्याका १-२४ पृष्ठमा छापिएको *नेपाल*

---

१९. *पुष्पचिन्तामणि*का सम्पादक जयमन्त मिश्रले *पुष्पचिन्तामणि*को रचना कसले गरेका हुन् भनी भन्न सकेका छैनन् । *पुष्पचिन्तामणि*का भेटिएका लेखोट पुस्तकमध्ये झण्डै आधा जसोको पुष्पिकामा[१] यस्तो

क्षेत्रे पाशुपते पदे हिमवतो गुह्येश्वरीसंनिधौ
भ्राजद्भानुनिभे प्रतापनृपते राज्येऽतिसौख्यास्पदे[२] ।
कृष्णाचार्य्यसुतः सतामिह विना कष्टेन वाञ्छाप्तये
मायासिंह इमं मनोज्ञमकरोच्छ्रीपुष्पचिन्तामणिम् ॥

लेखिएकोले यो ग्रन्थ प्रताप मल्लको पालामा मायासिंह भन्नेले बनाएका रहेछन् भन्ने देखिन्छ । यी मायासिंह नै प्रताप मल्लको पालाको राजनीतिमा खालखेल गरी कुनाम कमाएका मयासिङ हुन् कि भन्ने उनको विचार छ (अस्त्रिद काउज़ २०६२:१६-१८) ।

२०. यो वंशावली कसले प्रस्तुत गरेको हो, त्यो कुरा खुलाइएको छैन । त्यसो भए पनि क्रमशः छापिएको यस वंशावलीको पहिलो किस्ता (*प्राचीन नेपाल* १२ संख्याको १ पृष्ठ)मा टिप्पणी हालिसकेपछि अन्त्यमा सम्पादक लेखिएकोले *प्राचीन नेपाल*का सम्पादक रमेशजङ्ग थापाकै नाउँमा यो दर्ता गरिएको हो ।

२१. १५ किस्तामा छापिएको यस वंशावलीको पहिलो र पाँचौं किस्तामा *नेपाल देशको इतिहास संग्रह* भन्ने शीर्षक राखिए पनि अरू किस्तामा भने *नेपाल देशको इतिहास* भन्ने शीर्षक छ ।

---

१. देवीनाथ (२०१०:७७-७८)ले *पुष्पचिन्तामणि*को एउटा लेखोट पुस्तकबाट यो श्लोक दिँदा यस श्लोकको दोस्रो पाउका तेह्रौं र चौधौं वर्ण कोष्ठमा पढेका छन् र पूरै तेस्रो पाउ र चौथो पाउका अघिल्ला २ वर्ण नपढी तिनको ठाउँमा **यो पक्तिमा हरिताल लागेको छ** भनी लेखेका छन् । पछिल्ला २ पाउको अविकल पाठ उनले *पुष्पचिन्तामणि*को अर्को लेखोट पुस्तकबाट दिएका छन् ।
अस्त्रिद काउज़ (२०६२)ले *पुष्पचिन्तामणि*का १५ वटा लेखोट पुस्तक (१-२, ४-१५ र २० सङ्ख्या)का पुष्पिकाका फ्याक्सिमिलि दिएकोमा ९ वटा (१-२, ६-७, ११-१२, १४-१५ र २० सङ्ख्या)मा यो श्लोक छ । खुलाएर भन्दा ६ सङ्ख्याको लेखोट पुस्तकमा यस श्लोकको दोस्रो पाउको पाँचौं वर्णदेखिको अंश मात्र छ र १४ सङ्ख्याको लेखोट पुस्तकको १८ ख पत्रको मात्र फ्याक्सिमिलि उनले दिएकीले यस श्लोकको दोस्रो पाउको तेस्रो वर्णदेखिको अंश मात्र देखिए पनि त्यस लेखोट पुस्तकबाट पुष्पिकाको पाठ दिँदा भने उन(२०६२:१३१)ले पूरै श्लोक दिएकी छिन् । माथि उद्धरण गरिएको श्लोकमा कुनै कुनै पुस्तकमा पाठभेद छ र १ सङ्ख्याको पुस्तकमा कहीं कहीं जानाजान अक्षर मेटिएको छ ।

२. अस्त्रिद काउज़ (२०६२:१६) ले **राज्येति सौख्यास्पदे** पाठ दिई टिप्पणी (२४ सङ्ख्या)मा **राज्ये + इति = राज्य इति = राज्येति** लेखी यस राज्येतिलाई डबल सन्धि ठहऱ्याएकी छिन् । वास्तवमा यो राज्येको ए अर्थात् पदान्त एदेखि अतिसौख्यास्पदेको अ पर हुँदा पूर्व ए र पर अको ठाउँमा पूर्वरूप एकादेश ए भई बनेको **राज्येऽतिसौख्यास्पदे** हो (**एङः पदान्तादति** (*अष्टाध्यायी* ६।१।१०९ = आदोल्फ फ्रीद्रिख़ स्तेन्ज़्लर १९२५/२६: § २२))* । पूर्वरूप भएको बुझाउन राज्येको ज्ये र तिसौख्यास्पदेको तिको बीचमा ७ सङ्ख्याको लेखोट पुस्तकमा यसैले अवग्रह हालेको हो । **प्रतापनृपतेः अतिसौख्यास्पदे राज्ये** अर्थात् प्रताप [मल्ल] राजाको ज्यादै सुखको ठाउँ भएको राज्यमा भन्ने यसको अर्थ हुन्छ भनी भनिरहनु नपर्ला । यस कारण **राज्येतिसौख्यास्पदे** जोडेर लेख्नुपर्छ ।

---

* मैले यो संस्करण देखेको छैन । अल्ब्रेख़्त वेज़्लर २०५२:§ २२ = ७ बाट काम चलाएको हुँ ।

देशको इतिहास ।

वि.सं. २०२९ मा प्रकाशित *प्राचीन नेपाल* १९ संख्याका १-२३, २० संख्याका १-२४, २१ संख्याका १-२८, २२ संख्याका १-२० पृष्ठमा छापिएको *नेपाल देशको इतिहास* ।

वि.सं. २०३० मा प्रकाशित *प्राचीन नेपाल* २३ संख्याका १-१०, २४ संख्याका १-२३, २५ संख्याका १-२०, २६ संख्याका १-१४ पृष्ठमा छापिएको *नेपाल देशको इतिहास* ।

वि.सं. २०३१ मा प्रकाशित *प्राचीन नेपाल* २७ संख्याका १-३२ पृष्ठमा छापिएको *नेपाल देशको इतिहास* ।

राजभोगमाला

= वि.सं. २०२६ मा काठमाडौँवाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ७ संख्याका १-२४, ८ सङ्ख्याका १-२४, ९ संख्याका १-२४, १० संख्याका १-२४ पृष्ठमा छापिएको *नेपालको इतिहास राजभोगमाला* ।

वि.सं. २०२७ मा प्रकाशित *प्राचीन नेपाल* ११ संख्याका १-१७ पृष्ठमा छापिएको *नेपालको इतिहास राजभोगमाला* ।

राजोपाख्यान

= सिद्धिनारायणमा हेर्नू ।

रूपमण्डन

= मण्डनमा हेर्नू ।

लेविवंशावली

= प्यारिसको आँस्तित्यु दे सिभिलिजास्यौं आँदियन्नमा सिल्विं लेविको सङ्ग्रहमा रहेको, कोतपर्वसम्मको उल्लेख भएको अप्रकाशित वंशावली ।

विद्यानाथ उपाध्याय २०५४

= वि.सं. २०५४ मा दाङवाट महेन्द्रसंस्कृतविश्वविद्यालयद्वारा प्रकाशित, विद्यानाथ उपाध्यायको *महामात्यनवमीसिंहविरचितः तन्त्रचिन्तामणिः* (ठूला मन्त्री नवमीसिंहले वनाएको *तन्त्रचिन्तामणि*)मा छापिएको, उनैको *भूमिका*खण्ड (१-६६ पृष्ठ) ।

विद्यानाथ भट्ट (उपाध्याय) २०४८

= वि.सं. २०४८ मा काठमाडौँवाट विनोदमान* राजभण्डारीद्वारा प्रकाशित, तीर्थलाल नःघःभनी राजभण्डारीद्वारा प्रस्तुत *पुष्परत्नाकर*मा विद्यानाथ भट्ट (उपाध्याय)को *दुइ शब्द* (ञ-ठ पृष्ठ) ।

विश्वनाथ भट्टराई २०३२

= वि.सं. २०३२ मा काठमाडौँवाट शान्तदेव भट्टराईद्वारा प्रकाशित *रत्नश्री* १३ वर्ष २ अङ्कका ३९-५२ पृष्ठमा छापिएको, विश्वनाथ भट्टराईको *आगमानुसन्धानको सन्दर्भमा (२) – चौतारा नवमी सिंह* ।

सिद्धिनारायण *राजोपाख्यान*

देउपाटन वस्ने व्राह्मण सिद्धिनारायणले वि.सं. १८९१ ज्येष्ठकृष्णदशमी (आषाढ ४ गते) लेखिसिद्धयाएको वंशावली ।[२२] अप्रकाशित यस वंशावलीको मूल प्रति प्यारिसको आँस्तित्यु दे सिभिलिजास्यौं आँदियन्नमा सिल्विं लेविको सङ्ग्रहमा छ ।

होरेस हेमन विल्सन १९११

= ई.सं. १८५५ (वि.सं. १९११) मा लन्डनवाट विलियम एच. आलेनद्वारा प्रकाशित, होरेस हेमन विल्सनको *अ ग्लसअरि अफ् जुडिश्-अल् यान्ड् रेभ्इन्यू टर्म्ज्, यान्ड् अफ् यूसफुल् वर्ड्ज् अकरइङ् इन् अफिसअल् डक्युमन्ट्स् रिलेट्इङ् टु दि याड्मिनिस्ट्रेशन् अफ् द गभ्अर्न्मन्ट् अफ् व्रिट्इश् इन्डिअ* (अदालती र मालपोतसम्वन्धी शव्दको र व्रिटिश-भारत-सरकारको कार्यनिर्वाहसँग सम्वद्ध, आधिकारिक कागजातमा पाइने उपयोगी शव्दहरूको अभिधानकोष) ।

---

२२. महेशराज पन्त २०३१:१६३-१६५ ।

संसारदेवीको प्रतिमाको वर्षवर्धनपूजाको विषयमा

– महेशराज पन्त

संसारदेवीको प्रतिमाको वर्षवर्धनपूजा माघकृष्णअष्टमीको दिन हुन्छ भन्ने थाहा भएकोले[१] र त्यो पूजा मैले कहिल्यै नहेरेकोले यस पाला वि.सं. २०६३ मा त हेर्नुपर्छ भन्ने मनमा लिएको थिएँ। अष्टमीको दिन त्यो पूजा कुन वेला हुन्छ भन्ने मलाई थाहा पनि थिएन, सरोकारवालाहरूसँग सम्पर्क गर्न पनि सकिएन। माघकृष्णअष्टमी पौष २७ गते बृहस्पतिवारको दिन बिहानको खाना खाइवरी म पशुपतितिर लागेँ। पशुपतिवरपर त्यस पूजासँग सरोकार भएका मानिसहरू नदेखेपछि गुठीसंस्थानको पशुपतिगोस्वारामा उक्लिएँ र त्यहाँका कर्मचारीहरूसँग त्यस पूजाको विषयमा सोधपुछ गरेँ। उनीहरूलाई पनि त्यस विषयमा खास थाहा रहेनछ र पशुपतिका एक जना भण्डारीलाई सौजन्यवश फोन गरेर गोस्वाराका हाकिमले सोधिदिए। ती भण्डारीलाई पनि खास थाहा नभएकोले संसारदेवीको प्रतिमामा दिनकादिन भोग चढाउने अभिभारा बोकेका सानुमान वैद्यको घर जयवागीश्वरी दुनेछेँतिर लागेँ।

त्यहाँ पुग्दा सानुमान वैद्यसमेत अरूहरू टीका लाई घाँटीमा रातो धरो बाँधी बसिरहेको र बोका काटकुट गर्न लागेको देख्दा पूजा सिद्धिइसकेको जस्तो मलाई लाग्यो। नभन्दै पूजा त साढे ९ बजे नै सिद्धिइसकेको रहेछ। यस पाला पूजा हेर्न नपाएकोले त्यस इच्छालाई आघुँको लागि साँची सानुमान वैद्यसँग त्यस पूजाको विषयमा बुझ्नुपर्‍यो भन्ने विचार गरेँ। त्यसै सिलसिलामा *पूर्णिमा*को अघिल्लो अङ्कमा छापिएको संसारदेवीको प्रतिमामा दिनकादिन चढाइने भोग र त्यसको पूजाआजाको विषयमा लेखिएको लेख[२]को सम्बद्ध अंश पढेर सुनाएँ। सानुमान वैद्यले भनेअनुसार वर्षवर्धनपूजाको लागि गुठीसंस्थानबाट दिइने च्यूराको परिमाण **१ मुरी १७ पाथी** भनी त्यस लेखमा छापिएकोमा उनले **१ मुरी ७ पाथी** मात्र हो भनी सच्याए। संसारदेवीको पूजा वा वर्षवर्धनपूजासम्बन्धी मैले हेरेका कागजातमा बलिको चर्चा नभएको[३] र छागबलि भइसकेको देखेर यस विषयमा उनीसँग मैले सोद्धा यो दिन कीर्तिमुखभैरवमा आफ्नै खर्चले बलि दिने गरिएको छ भनी उनले जवाफ दिए। हामी परम्परादेखि संसारदेवीको प्रतिमाको पूजाआजा गर्दै आएका वैद्य थरका होइनौँ, वैद्यहरूले पूजाआजा छोडेकाले मेरा बाबु हुछेमान श्रेष्ठदेखि हामीले यसको अभिभारा बोकेका हौँ भनी उनले भने। सानुमानले कुनै वेला दायाँपट्टिको मूर्ति संसारदेवीको, बायाँपट्टिको गौरीको[४] र कुनै वेला दायाँपट्टिको मूर्ति गौरीदेवी वा मणिदेवीको, बायाँपट्टिको चाहिँ संसारदेवीको[५] भनी हामीसँग भनेकाले त्यो दिन मैले यस विषयमा उनलाई केराएर सोद्धा दायाँपट्टिको मूर्ति संसारदेवीको र बायाँपट्टिको चाहिँ मणिदेवीको हो भनी उनले भने। यी मणिदेवी को हुन्, यो त खोजीकै विषय छ।

---

१. वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२५ पूर्णाङ्कका २-२७ पृष्ठमा छापिएको, महेशराज पन्त र दिनेशराज पन्तको *संसारदेवी परलोक भएको दिन* (१४ पृष्ठ)।

२. *पूर्णिमा* १२५ पूर्णाङ्कको ३० पृष्ठमा छापिएको, राजेश आचार्यको *संसारदेवीको प्रतिमामा चढाइने भोग र पूजाआजाको विषयमा*।

३. वि.सं. २०५६ मा काठमाडौँबाट झरेन्द्र शम्शेर ज.ब.रा र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भागको ३८१ पृष्ठ।
वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका ५३-६७ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीगूठीसम्बन्धी, अहिलेसम्म प्रकाशमा नआएका ५ वटा पत्र* (५४, ५६-५७, ६३-६४ पृष्ठ)।

४. *पूर्णिमा* १२५ पूर्णाङ्कका २८-२९ पृष्ठमा छापिएको, राजेश आचार्यको *पशुपतिको मन्दिरको पश्चिमढोकाबाट गर्भगृहमा देखिने २ स्त्रीमूर्ति* (२९ पृष्ठ)।

५. उही:२९ पृष्ठमा ३ सङ्ख्याको टिप्पणी।

नेवारराज्यमा ब्राह्मण – २ वटा थप पत्र

– महेशराज पन्त

१ सङ्ख्या

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रील नम्बर ई ११३२/५

ने.सं. ७६२ (वि.सं. १६९८) मार्गशुक्लएकादशीको ताम्रपत्र

यस पत्रको रबिङ र माइक्रोफिल्मबाट तयार गरिएको फोटोका फ्याक्सिमिलि तल ११५ र ११६ पृष्ठमा छन्।

कानपुलिमा बस्ने ब्राह्मण काशी जोशीलाई १०० रोपनी खेत राजा प्रताप मल्लले सङ्कल्प गरी दान दिएको कुरा प्रमाणित गर्न यो ताम्रपत्र जारी गरिएको हो। पछिपछिका राजकीय ताम्रपत्रमा राजाको छाप लाउने चलन भए[१] पनि पुराना पुराना ताम्रपत्र[२]मा र खुद प्रताप मल्लका बाबु लक्ष्मीनरसिंह मल्लका ताम्रपत्र[३]मा जस्तै यस ताम्रपत्रमा पनि छाप लागेको छैन।

१०० रोपनी खेतसँगै दिइएको घडेरीको चारकिल्ला खुलाउँदा यस ताम्रपत्रमा **कानपुलिको तेमालद्वबातादेखि पश्चिम (कानपुलिस तेमालद्वबातान पश्चिम)**, **रासक्वतको पानिदेखि उत्तर (रासक्वतया पानिन उत्तर)**, **बोहोराखोराद्वबातादेखि पूर्व्वदक्षिण (बोहोराखोराद्वबातान पूर्व्व दक्षिनं)** भनी लेखिएको छ र यसैको आधारमा यी ठाउँ पत्ता लाउने कोशिश गरिन्छ।

कोटतिमाल (उत्तर अक्षांश २७° ३३' र पूर्व देशान्तर ८५° ४२') पुग्नुभन्दा अगाडि आधवाटो[४] (उत्तर अक्षांश २७° ३४' र पूर्व देशान्तर ८५° ४२')भन्दा माथि एउटा दोबाटो आउँछ, त्यताबाट अर्कोतिर लाग्दा **मेछे** (उत्तर अक्षांश २७° २८' र पूर्व देशान्तर ८५° ४८') पुगिन्छ, त्यही दोबाटोलाई **तिमालदोबाटो** भन्छन् भनी त्यतातिरका मानिसले भनेकाले यसैलाई यस ताम्रपत्रमा **तेमालद्वबाता** भनेको ठहर्छ। **तिमालडाँडा** (उत्तर अक्षांश २७° ३१' र पूर्व देशान्तर ८५° ४५')बाट उत्तरदक्षिणमा पर्ने **कानपुर** (उत्तर अक्षांश २७° ३२' र पूर्व देशान्तर ८५° ४१') नै यस ताम्रपत्रको **कानपुलि** हो भन्ने पनि यतावाट देखिन गएको छ। जिल्लाको सदरमुकामको हिसाबबाट भन्ने हो भने यो **कानपुर** काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलिखेल (उत्तर अक्षांश २७° ३७' र पूर्व देशान्तर ८५° ३४')बाट पूर्वमा पर्छ। **कानपुर**बाट दक्षिणमा पर्ने, **लासकोट** (उत्तर अक्षांश २७° ३२' र पूर्व देशान्तर ८५° ४२')सँगै उत्तरको **कालापानी** (उत्तर अक्षांश २७° ३२' र पूर्व देशान्तर ८५° ४२') लाई यस ताम्रपत्रमा **रासक्वतको पानि** भनेको देखिन्छ। त्यस इलाकाको

---

१. उदाहरणको लागि महेशराज पन्त २०५७ ख:६१ हेर्नू। यस ताम्रपत्रको फ्याक्सिमिलि तल ११७ पृष्ठमा छ।

२. उदाहरणको लागि उही २०६३:१-५ हेर्नू। यस ताम्रपत्रको फ्याक्सिमिलि उही २०६३:४४ र ४५ पृष्ठको बीचमा छ।

३. उदाहरणको लागि उही २०४१:२५-२७। यस पत्रको फ्याक्सिमिलि तल ११४ पृष्ठमा छ।

४. टप्अग्र्याफ्इक्ल सर्भे ब्रान्च २०४४/४५ मा यस ठाउँको नाम आधाबा र *नारायणस्थान*मा चाहिँ **आधाभाट** भए पनि त्यतातिरका मानिसले त्यसलाई **आधवाटो** भन्ने गरेकाले त्यही नाउँ माथि राखिएको हो।

नक्शामा देखिएको **बोहरेखोला** नै कालापानीनजीकै बग्ने **धारापानीखोला** उत्तरतिर झरेपछि **बोहरेखोला** कहिन्छ भनी त्यतातिरका मानिस भन्छन् र त्यही **बोहरेखोला** यस ताम्रपत्रको **बोहोराखोरा** देखिन्छ ।[५]

कुमाउको मैनोरीगाउँबाट आई भक्तपुरका राजाबाट काभ्रेको कानपुर र तिमाललगायत ७ गाउँ बिर्ता पाएका काशी जोशी मैनालीहरूका पूर्वज हुन् भन्ने प्रख्यात छ ।[६] तिनै काशी जोशी नै यहाँ दानीय ब्राह्मण देखिन्छन् ।

यस ताम्रपत्रको विषयमा मैले लामै लेख लेखेको छु, त्यो यथासमय प्रकाशित हुने नै छ ।

मूलपाठ

१. **१ स्वस्ति ॥ श्रीश्रीजयप्रताप मल्लदेव प्रभु ठाकुलसन कानपूलिस चोङ काशिजो-**
२. **सिब्राह्मणनाम्ने प्रसादिकृतं ॰ स्थानस्य पश्चिमदिशि प्रदेशे ॰ रजभुमिक्षेत्रनामसं-**
३. **ज्ञकं ॰ पुरूषुउपाध्याकस्य क्षेत्रेन ॰ पश्चिमतो ॰ विष्णुउपाध्याकस्य क्षेत्रेन उत्तरतो**
४. **प्रपातसिमाया पूर्व्वतो ॰ श्रीश्रीराजकुलक्षेत्रेन नद्याया दक्षिणतो ॰ एतेषां मध्य ए-**
५. **कशतरोपनीकं क्षेत्राङ्कतोपि बु रो १०० थ्वते सक बु संकल्प याङ प्रसन्‍र्न जुया ॥**
६. **घल्यालि कानपुलिस तेमालद्वबातान पश्चिम रासक्वतया पानिन उत्तर बो-**
७. **होराखोराद्वबातान पूर्व्व दक्षिनं थ्वतेन दुं घल्यालि जुरो ॥ थ्वते भाखाया दृष्टसा-**

५. टप्अग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५ अनुसार यहाँ ठाउँहरूका अक्षांश र देशान्तर हालेको हो । नक्शाको हकमा *नारायणस्थान*को उपयोग यहाँ गरिएको छ । यी ठांउँ चिन्नमा काभ्रेपलाञ्चोक जिल्लाका जिल्लाविकास-समितिका भूतपूर्व अध्यक्ष भैरव सेढाइँ र तिमालतिरका अन्वेषक प्रमोदप्रसाद खकुरेलको सहयोग छ ।

६. यी काशी जोशी मैनालीहरूका पूर्वज हुन् र यिनी **आजभन्दा पाँचसय जति वर्ष अघि नेपाल उपत्यकाको भक्तपुरराज्यमा [...] आएका थिए** भनी अच्युतरमण अधिकारी (२०३७:१०-११)ले लेखेका छन् । यस ताम्रपत्रबाट काशी ज्रोशीको अवस्थिति ५०० वर्ष जतिअगाडि होइन कि अच्युतरमण अधिकारीको लेख छापिएको वर्ष अर्थात् वि.सं. २०३७ बाट हिसाब गर्ने हो भने ३३९ वर्षअगाडि देखिन्छ । काशी जोशीका वंशधर गुरुप्रसाद मैनालीको विषयमा अन्वेषण गरी पुस्तक तयार गर्ने सुशीला भट्ट (२०६०:१)ले चाहिँ **यी तेह्रौं शताब्दीतिर वर्तमान भारतको नैनितालस्थित मैनोरी गाउँबाट मल्लकालीन नेपाल उपत्यकामा भक्तपुरका राजाकहाँ पुगेका थिए । [...] यिनै जोशीको कुलमा एघारौं पुस्तापछि गुरुप्रसाद मैनालीको जन्म भयो । वि.सं. १९५७ भाद्रशुक्लचतुर्दशीका दिनमा [...] गुरुप्रसाद मैनालीको जन्म धनकुटामा भएको थियो** भनी लेखेकी छिन् । ७०० वर्षमा ११ पुस्ता मात्र कसरी बित्छ, सामान्य समझ भएकाले पनि यस्तो नलेख्नुपर्नेमा विश्वविद्यालयका एक हूल अध्यापकहरूले **निरन्तर मार्गदर्शन** गरी तयार गरिएको त्यस कृति*मा यस्तो लेखिएको देख्दा **दन्त्यकथा र वास्तव घटना घोलमेल गरेर एक प्रकारको इतिहास लेख्ने**** वंशावलीयुगतिर विश्वविद्यालय

* सुशीला भट्ट २०६०: *कृतज्ञता-ज्ञापन*।

** महेशराज पन्त र दिनेशराज पन्त २०३६:१०५ ।

८. क्षि श्रीभीम मल्लदेव श्रीबलभद्र मल्ल तेषूसिंह बाबु भाजुदेव शिवकृष्ण मथूरा जि-
९. रचादेव विश्व कर्चलिया ॱ दुर्गादास तेकनसिंह खदेगाहा सूर्यभान खदेगाहा
१०. राय राजा वरि बसनायत इद्र थापा रामभद्र विश्वेभर राजा राघव कुमर
११. कल्यान कुमर रामदास कुमर ॥ सम्बत् ७६२ मार्ग्गशिरशुद्धि ११ शुभ ॥ ꣼

२ सङ्ख्या

यो पत्र लक्ष्मीपति-नयराजसङ्ग्रहमा छ ।

ने.सं. ८२८ (वि.सं. १७६५) भाद्रशुक्लदशमीको पत्र

नेपाली काँचो कागतमा लेखिएको यो पत्र मूलपत्रको उल्था हो । मूलपत्र केमा लेखिएको थियो भन्ने कुरा यताबाट खुल्दैन । मूलपत्र नपाइएको अवस्थामा नहुने मामाभन्दा कानो मामा निको भन्ने आहान चरितार्थ गर्दै यसलाई यहाँ प्रकाश गरिएको हो ।

उल्था गर्दा यहाँ राजाको नाउँ छोडिएकोले बाह्य प्रमाणले राजाको नाउँ पत्ता लाउनुपरेको छ । यो ताम्रपत्र ने.सं. ८२८ (वि.सं. १७६५) को भएको र बाबु भूपालेन्द्र मल्ल ने.सं. ८२० (वि.सं. १७५७) मा परलोक[७] भएपछि गद्दीमा बसेका भास्कर मल्ल (महीन्द्रसिंह) ने.सं. ८४२ (वि.सं. १७७९) मा परलोक भएकाले[८]; उनका अरू लिखतपत्रमा पनि साक्षीको रूपमा देखा परेका जगज्जय मल्ल यहाँ पनि साक्षी राखिएकाले[९];

फर्केको मात्र नदेखिई विश्वविद्यालय **विद्याया आलयम्** अर्थात् **विद्याको घर** नभई **सद्विद्यालयः** अर्थात् **सच्चा विद्याको नाश** हुन गएको छ भनी महनीय ज्योतिर्विद् वेङ्कटेश रामकृष्ण केतकर (वि.सं. १९१०-१९८७)ले लेखेको कुरालाई यसले चरितार्थ गरेको छ ।*

७. महेशराज पन्त २०६३ कः९२ ।

८. शङ्करमान राजवंशी २०२१ कः६० ।

९. भास्कर मल्ल (महीन्द्रसिंह)का लिखतपत्रमा मलाई थाहा भएअनुसार साक्षी बस्नेहरू**–
ने.सं. ८२२ (वि.सं. १७५९) वैशाखशुक्लएकादशीको ताम्रपत्रमा सुन्दरनारायण मल्ल (*ताम्रपत्र* २०५१:९-१०) ।
ने.सं. ८३४ (वि.सं. १७७०) चैत्रशुक्लचतुर्थीको ताम्रपत्रमा दामोदर मल्ल (डिल्लीरमण रेग्मी २०२३:२५६-२५७ = २१८ सङ्ख्या, गोविन्द टण्डन २०५६:२२२ = अभिलेखखण्ड (क)को ६२ परिशिष्ट) ।

* **विद्याया न तदालयं भवति सद्विद्यालयः केवलः** (वेङ्कटेश रामकृष्ण केतकर १९९४:*प्रस्तावना* २०) ।

** भास्कर मल्ल (महीन्द्रसिंह)का लिखतपत्रमा साक्षी बस्नेहरूको विषयमा देवीप्रसाद भण्डारी २०५८:४२-४३ मा सम्पादकको तर्फबाट हालिएका टिप्पणीमा दामोदर मल्लको सन्दर्भ, नीलनारायण मल्लको पहिलो सन्दर्भ र जगज्जय मल्लको लगातार आएकामध्ये पहिलो सन्दर्भ छुटेका छन् । त्यसै गरी मोहनप्रसाद खनाल २०२८:४४-४५ मा २२ सङ्ख्याको रूपमा छापिएको ताम्रपत्र र देवीप्रसाद भण्डारी २०५८:३८-३९ मा छापिएको ताम्रपत्र एउटै हो भन्ने कुरा पनि त्यहाँ लेख्न छुटेको छ ।

ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिकशुक्लनवमीदेखि ने.सं. ८३६ (वि.सं. १७७३) ज्येष्ठशुक्लपञ्चमीसम्मकोमा नीलनारायण मल्ल ।[१]

ने.सं. ८३७ (वि.सं. १७७३) माघशुक्लद्वादशीको ताम्रपत्रमा जगज्जय मल्ल (शङ्करमान राजवंशी २०२१ क:५५) ।

ने.सं. ८३७ (वि.सं. १७७३) माघकृष्णचतुर्दशीको ताम्रपत्रमा जगज्जय मल्ल (मोहनप्रसाद खनाल २०२८:४८-४९ = २५ सङ्ख्या) ।

ने.सं. ८३७ (वि.सं. १७७३) चैत्रशुक्लतृतीयाको ताडपत्रमा नीलनारायण मल्ल (महेशराज पन्त २०५७ क:५३ = २ सङ्ख्या ।

ने.सं. ८३७ (वि.सं. १७७४) ज्येष्ठकृष्णसप्तमीको ताम्रपत्रमा नीलनारायण मल्ल (छत्रवहादुर कायस्थ २०५४:४३) ।

ने.सं. ८३९ (वि.सं. १७७५) कार्तिककृष्णनवमीदेखिका लिखतपत्रमा जगज्जय मल्ल ।[२]

१. ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिकशुक्लनवमीको ताडपत्रमा (शङ्करमान राजवंशी २०४४:३९ = १० क्रमसङ्ख्या) ।
ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिककृष्णसप्तमीको ताम्रपत्रमा (मोहनप्रसाद खनाल २०२८:४४-४५ = २२ सङ्ख्या, देवीप्रसाद भण्डारी २०५८:३८-३९, महेशराज पन्त २०५३:३१ = २२१ क सङ्ख्या) ।①
ने.सं. ८३५ (वि.सं. १७७१) माघकृष्णद्वादशीको ताडपत्रमा (दिनेशराज पन्त २०५३:४०-४१) ।
ने.सं. ८३५ (वि.सं. १७७१) फाल्गुनशुक्लद्वादशीको ताडपत्रमा (मोहनप्रसाद खनाल २०२६:५१, शङ्करमान राजवंशी २०२७:*सम्पादकीय वक्तव्य* २, मोहनप्रसाद खनाल २०२८:४५-४६ = २३ सङ्ख्या) ।②
ने.सं. ८३५ (वि.सं. १७७१) फाल्गुनपूर्णिमाको ताम्रपत्रमा (मोहनप्रसाद खनाल २०२६:५०-५१, शङ्करमान राजवंशी २०२७:*सम्पादकीय वक्तव्य* ३, मोहनप्रसाद खनाल २०२८:४७-४८ = २४ सङ्ख्या) ।③
ने.सं. ८३६ (वि.सं. १७७३) ज्येष्ठशुक्लपञ्चमीको ताडपत्रमा (शङ्करमान राजवंशी २०१८:१-२ = ३५ सङ्ख्या) ।

२. ने.सं. ८३९ (वि.सं. १७७५) कार्तिककृष्णनवमीको ताडपत्रमा (शङ्करमान राजवंशी २०४२:४०-४१ = ८६ क्रमसंख्या) ।
ने.सं. ८३९ (वि.सं. १७७६) भाद्रशुक्लपञ्चमीको ताम्रपत्रमा (महेशराज पन्त २०५५ क:४५) ।

① महेशराज पन्त २०५३:३१ मा मूल होइन कि कुलमान गुभाजूले गरेको उल्था छापिएको छ।* मोहनप्रसाद खनाल २०२८ मा मूल ताम्रपत्रको पाठ छापिएको कुरा त्यस वेला मैले याद गरेको थिइनँ। वि.सं. २०२० मा देवीप्रसाद भण्डारीले लेखेको लेख नै देवीप्रसाद भण्डारी २०५८:३८-४५ भएको हुनाले मूल लेखमा मोहनप्रसाद खनाल २०२८ को चर्चा हुने कुरै भएन।

② शङ्करमान राजवंशी २०२७ मा यो ताडपत्र मोहनप्रसाद खनाल २०२६ मा छापिसकेको भनी लेखिएको छैन । त्यसै गरी मोहनप्रसाद खनाल २०२८ मा पनि अघिल्ला दुवैमा यो छापिइसकेको कुराको चर्चा छैन। मोहनप्रसाद खनाल २०२६:५१ मा यसको पाठ दिँदा भ्रमवश संवत् ८२५ र उही २०२८:४५ मा शीर्षकमा ताम्रपत्राभिलेख छापिएको छ।

③ शङ्करमान राजवंशी २०२७ मा यो ताम्रपत्र मोहनप्रसाद खनाल २०२६ मा छापिसकेको भनी लेखिएको छैन । त्यसै गरी मोहनप्रसाद खनाल २०२८ मा पनि अघिल्ला दुवैमा यो छापिइसकेको कुराको चर्चा छैन।

* **तारपत्रको नकल उलथा गर्दा सो नकलबमोजीं यो नकल दुरुस्त छ भनी सहीछाप गर्ने कुलमान** गुभाजु भनी त्यस उल्था (गुठीअड्डाको बा.द. ५३ नम्बरको पोकामा रहेको पत्र = नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रील नम्बर के ३५८/५४)को वायाँ फट्केमा लेखिएकोले र यस वाक्यको उठानमा र अन्त्यमा उनको छाप लागेकोले त्यो उल्था कुलमान गुभाजूले गरेको देखिन्छ। यिनी वीरपुस्तकालयका पण्डित हुन्। यिनको विषयमा नागेन्द्रमणि कुलिशाचार्य २०५३:३२, ३५ र महेशराज पन्त २०६२:७ मा प्रसङ्गवश अलिकति लेखिएको छ । मैले (महेशराज पन्त २०५३:३१) पनि कुलमान गुभाजूकै भर परी त्यस पत्रलाई ताडपत्र सम्झी अरू ताडपत्रसँगै त्यो उल्था प्रकाश गरेको हुँ। यस विषयमा देवीप्रसाद भण्डारी २०५८:४२ मा सम्पादकको टिप्पणीमा पनि लेखिसकिएको छ।

बिक्री गरिने कुराको मोल राख्दा राजाहरूका पछिपछिका फार्सेपत्रमा जुन राजाको फार्सेपत्र हो, तिनै राजाको नाउँको टङ्कामा मोल राखिने गरेको पनि देखिएको[१०] र महीन्द्रसिंह (भास्कर मल्ल)का फार्सेपत्रमा पनि उनकै नाउँको टङ्कामा मोल राखेको पनि देखिएकोले[११] यहाँ खेतको मोल दिँदा **महिन्द्रसिंहको टक्**

नेसं. ८२८ (वि.सं. १७६५) भाद्रशुक्लदशमीमा नै जगज्जय मल्ल साक्षीको रूपमा यस लिखतपत्रवाट देखिन गएका छन् तापनि अरू लिखतपत्रवाट ने.सं. ८३७ (वि.सं. १७७३) माघशुक्लद्वादशीको दिन मात्र साक्षीको रूपमा जगज्जय मल्ल पहिलोपटक देखा परेकाले कतै ८३८ हुनुपर्नेमा यस उल्थामा ८२८ हुन गएको त होइन भन्ने शङ्का उठ्छ ।

१०. उदाहरणको लागि
महेशराज पन्त २०४९:७४-७६ = ४-६ सङ्ख्या, उही २०५७:४२ = १७ सङ्ख्या, उही २०४९:७८-८० = ९ सङ्ख्या ।
उही २०५७:४५ = २१ सङ्ख्या ।
उही:४७-४८ = २४-२५ सङ्ख्या ।
शङ्करमान राजवंशी २०२१ क:५५ ।

११. गोविन्द टण्डन २०५६:२२२ ।
शङ्करमान राजवंशी २०२७:*सम्पादकीय वक्तव्य* २ ।
उही:*सम्पादकीय वक्तव्य* ३ ।
उही २०१८:१-२ ।

नेसं. ८३९ (वि.सं. १७७६) नष्टाश्विनकृष्णएकादशीको ताडपत्रमा (श्यामसुन्दर राजवंशी २०४२:१५) ।
ने.सं. ८४० (वि.सं. १७७७) आश्विनशुक्लतृतीयाको ताम्रपत्रमा (मोहनप्रसाद खनाल २०२९:३५-३६ = १० सङ्ख्या) ।
ने.सं. ८४० (वि.सं. १७७७) आश्विनशुक्लसप्तमीको ताडपत्रमा (शङ्करमान राजवंशी २०२६:३२-३३) ।*
ने.सं. ८४१ (वि.सं. १७७७) माघकृष्णपञ्चमीको ताम्रपत्रमा (महेशराज पन्त छापिन बाँकी) ।
ने.सं. ८४१ (वि.सं. १७७७) माघअमावास्याको ताम्रपत्रमा (मोहनप्रसाद खनाल २०२८:५१-५३ = २७ सङ्ख्या) ।
ने.सं. ८४१ (वि.सं. १७७७) फाल्गुनशुक्लद्वादशीको पत्रमा (धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:मूल भाग ८६-८७) ।
ने.सं. ८४१ (वि.सं. १७७८) चैत्रकृष्णद्वितीयाको ताम्रपत्रमा (नरहरिनाथ २०१३:४५७) ।
ने.सं. ८४१ (वि.सं. १७७८) भाद्रकृष्णएकादशीको ताडपत्रमा (महेशराज पन्त २०५७ क:५४ = ३ सङ्ख्या) ।
ने.सं. ८४२ (वि.सं. १७७८) मार्गकृष्णद्वादशीको ताडपत्रमा (उही २०५२:४ = २३९ सङ्ख्या) ।
ने.सं. ८४२ (वि.सं. १७७८) माघअमावास्याको ताडपत्रमा (उही २०५७ ग:३९ = ५३ सङ्ख्या ।
ने.सं. ८४२ (वि.सं. १७७९) आषाढशुक्लद्वितीयाको ताडपत्रमा (उही:४० = ५४ सङ्ख्या) ।
ने.सं. ८४२ (वि.सं. १७७९) आषाढशुक्लअष्टमीको ताडपत्रमा (शङ्करमान राजवंशी २०२६:३३)** ।

---

* आफ्नै विभागको मुखपत्रमा २३ वर्षभन्दा अगाडि छापिइसकेको यो पत्र यादै नगरी पूर्णरत्न वज्राचार्य (२०४९:११६-११७)ले फेरि छपाएका छन् । राष्ट्रिय अभिलेखालयबाट छापिएका लेखमा यस्तो हेलचक्र्याइँ बग्रेल्ती देखिन्छ ।

** आफ्नै विभागको मुखपत्रमा २३ वर्षभन्दा अगाडि छापिइसकेको यो पत्र यादै नगरी पूर्णरत्न वज्राचार्य (२०४९:११८)ले फेरि छपाएका छन् ।

भयेको मोहर भनी लेखिएकोले यो पत्र महीन्द्रसिंह (भास्कर मल्ल)ले जारी गरेको स्पष्ट हुन्छ ।

५० रोपनी खेत, २२ रोपनी पाखो, आधा रोपनी डिही (**देही कर्ष** २)[१२] र १० आना घडेरी (**घल्याली कर्ष** २॥)[१२] १४०० मोहर टङ्कामा कान्तिपुरको चिरिङमा बस्ने परमानन्द उपाध्यायनाउँका ब्राह्मणलाई जग्गा बेची राजाले गरिदिएको फार्सेपत्र यो हो । इन्द्रजात्राको लागि तेल किन्न यो जग्गा बेच्नुपरेको हो भन्ने कुरा इन्द्रजात्रा शुरू हुनुभन्दा २ दिनअगाडिको यस पत्रमा लेखिएको छ ।

यी राजाले जग्गा बेची काम चलाएको अरू अरू प्रमाण पनि पाइएका छन् । तलब बाँड्न,[१३] फागुको लागि तेल किन्न र लडाइँमा खर्च गर्न,[१४] भीमसेन देवताको आसन र चूलिका बनाउन,[१५] हात्तीखेदाको खर्च टार्न,[१६] मास चामल र चिउरा किन्न,[१७] दिनकादिनको खर्च टार्न,[१८] चामल किन्न[१९] र मकवानपुरको

शङ्करमान राजवंशी २०२१ क:५५ ।
मोहनप्रसाद खनाल २०२८:४८-४९ ।
उही २०२९:३५-३६ ।
महेशराज पन्त छापिन बाँकी ।
मोहनप्रसाद खनाल २०२८:५१-५३ ।
नरहरिनाथ २०१३:४५७ ।
अपवादको रूपमा बाबुको नाउँको टङ्कामा मोल राखिएका, छोराको नाउँका लिखतपत्रको लागि मोहनप्रसाद खनाल २०३०:५१-५२ = २० सङ्ख्या, महेशराज पन्त २०५७:४३ = १८ सङ्ख्या, उही ४४-४५ = २० सङ्ख्या र उही २०५५:५२-५३ = ६७ सङ्ख्या हेर्नू ।

१२. ४ कर्ष = १ रोपनी (शङ्करमान राजवंशी २०२१:३२-३३) ।

१३. गोविन्द टण्डन २०५६:२२२ ।

१४. शङ्करमान राजवंशी २०२७:*सम्पादकीय वक्तव्य* २-३ । मोहनप्रसाद खनाल २०२६:५०-५१ मा यी सकल पत्रका पाठ र ती पृष्ठको बीचमा तिनका फोटा छापिएका छन् ।

१५. शङ्करमान राजवंशी २०१८:१-२ ।

१६. उही २०२१ क:५५ ।
मोहनप्रसाद खनाल २०२८:४८-४९ ।
महेशराज पन्त २०५७ क:५३ ।
छत्रवहादुर कायस्थ २०५४:४३ ।

१७. मोहनप्रसाद खनाल २०२९:३५-३६ ।
प्रत्तित भोराकोथ वू दूकायाओ थ्वगुलि बू पादशि बिया बाकि मास जाकि बजि दूकास्यं सर्व सुद्धान पाचू*(मूलका १०-११ पङ्क्ति) (भोराकोथको खेत भित्र्याएर यति खेत पादशि दिइयो, बाँकीले मास चामल चिउरा भित्र्याएर सबै फच्चे भयो) भनी दशैंको तृतीयाको दिनको यस पत्रमा लेखिएको छ ।

---

* सकल ताम्रपत्र, यसको फोटो वा रबिङ मैले नदेखे पनि यस ताम्रपत्रको प्रकाशित पाठमा पूरै विश्वास नगरी यादशिलाई पादशि बनाउने जस्तो सामान्य संशोधन गरेको छु ।

लडाइँको लागि चामल र चिउराको मोल तिर्न[२०] यिनले जग्गा बेचेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।

काठमाडौँका अघिअघिका मल्ल राजाहरूले लेखिदिएका फार्से पत्रमा घरजग्गा बेच्नुपरेको कारण नखुलाइए पनि पछिपछिका राजाहरूकामा चाहिँ कुनै कुनैमा कारण खुलाइएको हुन्छ । भास्कर मल्लका बराज्यू प्रताप मल्लले घोडाको दाना किन्न;[२१] बाबु भूपालेन्द्र मल्लले ढल बनाउन,[२२] पशुपति र अर्को देवस्थलमा शान्तिपूजा गर्न[२३] र दिनका दिनको रोटीको लागि[२४] जग्गा बेचेकोको पनि यस प्रसङ्गमा सम्झना हुन्छ ।

भास्कर मल्लका उत्तराधिकारी जगज्जय मल्लले पनि यस्तो काम पटक पटक गरेका छन् । उनले माहुतेलाई दिन[२५] र लडाइँको खर्च चलाउन[२६] जग्गा; चौतारालाई घर दिन बारी (**केब**);[२७] इन्द्रजात्रामा

१८. महेशराज पन्त छापिन बाँकी ।

१९. नरहरिनाथ २०१३:४५७ ।

नकलको पनि नकलबाट छापिएको यस पत्रमा जग्गा बिक्री गर्नुपरेको कारणमा **प्रतितरो जपानजाकि मुल्ये विया** लेखिएको छ । पदयोग र पदवियोगको समेत खयाल नराखी छापिएको यस वाक्यको ठीक अर्थ लाग्दैन तापनि चामलको मोल दिइयो भन्नेसम्म चाहिँ बुझिन्छ ।

२०. मोहनप्रसाद खनाल २०२८:५१-५३ ।

२१. महेशराज पन्त २०४९:७६-७७ = ७ सङ्ख्या ।[१]

उही २०५७:४२ = १७ सङ्ख्या ।

अघिल्लो पत्रको एक ठाउँमा पहिलेबाट लेखिएका केही अक्षर मेटी तिनको ठाउँमा अरू कुरा लेखिएकोले यसको सबै कुरा बुझिँदैन तापनि **मल्ली टंका १० दुंकास्यं बिज्याङाव निस्तार प्रसर्न्न जुया ॥ प्रति दानायात** (मूलको ३ पङ्क्ति) भनी लेखेकोले दानाको लागि १० टङ्का भित्र्याई चुक्ती गरिदिएको भन्नेचाहिँ स्पष्ट छ। **तेन्दुप्वाट वल[२] चुलं १ मूल कवीन्द्रमल्ली टंका ९x दुंकास्य बिज्याङाव निस्तार प्रसन्न जुया ॥ प्रति थ्व दाम संलयात॰ दानायातं** (मूलको २ पङ्क्ति) भनी पछिल्लोमा लेखिएकोले घोडाको दानाको लागि साढे ९ टङ्का भित्र्याई तेन्दुख्वाटको ४ आना (१ चुल) बारी (वल) चुक्ती गरी लेखिदिएको भन्ने कुरा पछिल्लोमा आएकोले अघिल्लो पत्र घोडाको दानाको लागि १० टङ्का लिई जग्गा चुक्ती गरी लेखिदिएको देखिन्छ ।

२२. महेशराज पन्त २०५७:४७ = २४ सङ्ख्या ।

२३. उही:४७-४८ = २५ सङ्ख्या ।

२४. सिद्धिरत्न शाक्यभिक्षु २०६२:३८ ।

२५. पूर्णरत्न वज्राचार्य २०४८:१३४-१३५ ।

शङ्करमान राजवंशी २०२०:९-१० = १३८ सङ्ख्या ।

अघिल्लोमा **सुवर्णमूल्य चतुपंचसताधिकत्रिशत जगज्जयमल्ली टंका ३५४ मादाय वतुकं न्यायेन क्रियेन विक्रीतं भवति ॥ प्रति ङाबोस छिबो कटं ७० बोति कायाओ बाकि माहुत वुथुलयातं बिया**[३] (मूलका ३-४ पङ्क्ति) भनी लेखिएकोले जग्गा बिक्री भएर आएको ३५४ टङ्काको ५ भागको १ भाग अर्थात् ७० टङ्का लिएर बाँकी

१. ८ वर्षभन्दा अगाडि छापिइसकेको यो पत्र यादै नगरी सिद्धिरत्न शाक्यभिक्षु (२०५७:६३-६४)ले फेरि छपाएका छन्।

२. महेशराज पन्त २०५७:४२ मा भ्रमवश **बल** छापिएको छ।

३. प्रकाशित पाठमा पदयोग पदवियोग बकार वकार आदि आफ्नो ढङ्गले सच्याएको छु।

बत्ती बाल्न चाहिने सुकुण्डा किन्न घर[२८] बेचेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ। अझ खोज्दै जाने हो भने पाटनका राजा [इन्द्रजात्रामा?] काठमाडौं आउँदा कोठा उठाउन, हनूमान्‌ढोका त्रिशूल-डबलीमा नचाइने नाच र इन्द्रजात्राको लागि तेल किन्न;[२९] आफ्नो तुलादान गर्न, तेल किन्न र माहुतेलाई दिन;[३०] दशैँखर्च टार्न र माहुतेलाई दिन;[३१] दशैँखर्च टार्न;[३२] पार्थिवपूजाको दक्षिणा दिन र दशैँखर्च

माहुतेलाई दिएको[४] र पछिल्लोमा चाहिँ **सुवर्णमुल्य चत्वारिंशदधिकपंचशत श्रीजगज्जयमल्ली टंका ५४० आदाय स्वाधिनेन वतुकन्यायेन क्रिविक्रीतुं भवति ॥ प्रतित मोहो टंका २०० श्रीश्रीन दुकासे बिज्यात बाकि ह्निदवाल माओत राज बिया**[५] (मूलका ९-११ पङ्क्ति) भनी लेखिएकोले जग्गा विक्री भएर आएको ५४० मध्ये २०० राजाले भित्र्याएर बाँकी माहुतेलाई दिएको देखिन्छ।

अन्यत्र पनि **ह्निदवाल** (तल ३६ सङ्ख्याको टिप्पणी) वा यसका रूपभेद – **ह्निदवार** (दिनेशराज पन्त २०५३ क:४२-४३, शङ्करमान राजवंशी २०१६:१६-१७ = ८ सङ्ख्या, १९-२० = १० सङ्ख्या) र **ह्निदुवार** (तल ३१ सङ्ख्याको टिप्पणी, शङ्करमान राजवंशी २०१६:१६-१७ = ८ सङ्ख्या, महेशराज पन्त २०५७ क:५९ = १० सङ्ख्या, ६०-६१ = १२ सङ्ख्या) आएका छन्। १ ठाउँमा **रोजयात** र **ह्निदुवार** सँगै आएकाले[६] र **रोज** र **ह्निं** दुवैको अर्थ **दिन** भएकोले पछिल्लो शब्दको अर्थ **दैनिक खर्च** हो कि जस्तो लाग्छ।

२६. महेशराज पन्त २०५७ क:५५-५६ = ५ सङ्ख्या।

२७. उही:५६ = ६ सङ्ख्या।

२८. उही:५७ = ७ सङ्ख्या।

२९. उही २०५६:५४ = ३ सङ्ख्या।

३०. मोहनप्रसाद खनाल २०२८:५३-५५ = २८ सङ्ख्या।

त्यहाँ सम्वद्ध अंशको पाठ यसरी छापिएको छ – **थ्वया मूल टंका ४४१ थ्वते सशतछि मोहन देगुलित लेपापनि सेन गुलिप्याथ यात काल वाकि श्री श्रीया तुलादान यातज्या १२ यात यात चेकन मूल माहतयात नोजयात विया** (मूलका ८-१० पङ्क्ति)। सकल ताम्रपत्र, यसको फोटो वा रबिङ मैले देखेको छैन। पद जोड्नेछुट्ट्याउनेसम्म पनि मिलाउन नसक्ने अनधिकारीले पढेको यस भ्रष्ट पाठवाट कुरा राम्रो बुझिँदैन तापनि जग्गा बेचेर आएको ४४१ टङ्कामध्ये कुनै काममा १०० टङ्का खर्च गरी बाँकी रकम राजाको तुलादानमा र तेलमा खर्च गरेको र माहुतेलाई पनि दिएको जस्तो बुझिन्छ।

३१. शङ्करमान राजवंशी २०१६:१३-१४ = ६ सङ्ख्या।

थ्वया मूल टंका ७१४ थ्वतेस सोस्र मोहर पदु भाजुयात बिल सत्या मोहर श्रीन दुकासे बिज्यात महनी खरचयात बाकी रोजयात किसि माहुतयात ह्निदुवार[७] (मूलका ९-१२ पङ्क्ति) भनी यस पत्रमा लेखिएकोले जग्गा विक्री भएर

४. यस पत्रमा पाँच भागको १ भाग ७० रूपैयाँ खेत विचार गर्नेलाई दिइयो भन्ने पनि उल्लेख गरेको छ भनी यस पत्रको सारांश दिँदा पूर्णरत्न वज्राचार्य (२०४८:१३५) बुझनसुझ लेख्न पुगेका छन्।

५. सकल ताम्रपत्र, यसको फोटो वा रबिङ मैले देखेको छैन। प्रकाशित पाठमा अन्तिम ४ अक्षरलाई **राजविद्या** पढेकोमा यहाँ राजविद्याको प्रसङ्ग नभएकोले **राज बिया** भनी संशोधन गरेको छु र पदयोग पदवियोग बकार वकार आदि आफ्नो ढङ्गले सच्याएको छु।

६. ३१ सङ्ख्याको टिप्पणी।

७. प्रकाशित पाठमा पदयोग पदवियोग बकार वकार आदि आफ्नो ढङ्गले सच्याएको छु।

टार्न;[३३] घोडाको दानाको लागिको मासको मोल तिर्न;[३४] चामल, चिउरा र तेल किन्न;[३५] हात्तीखेदाको खर्च टार्न र परमानलाई दिन;[३६] दशैंको लागिको राँगो र चिउराको मोल तिर्न, नाचको लागि तेल किन्न, गयाश्राद्धको खर्च टार्न र चौधरी (माहुते ?)लाई दिन;[३७] परमान पूर्व जानको लागि रसद अर्थात् चामल, चिउरा र तेलको मोल तिर्न[३८] जग्गा बेचेको र हात्तीखेदाको खर्च टार्न जग्गा बेची बाँकी रकम गुह्येश्वरीको जात्राको लागि जगेडा राखेको[३९]लाई यस प्रसङ्गमा औंल्याउनुपर्छ ।

आएको ७१४ टङ्कामध्ये ३०० मोहर पदु भाजूलाई दिएको, डेढ सय मोहर दशैंखर्चको लागि राजाले भित्र्याएकोसम्म त स्पष्ट बुझिन्छ, बाँकी रकमचाहिँ माहुतेलाई दिएको भन्ने बुझिए पनि **ह्लिदुवार**को अर्थ नलागेकोले कुरा स्पष्ट भएन ।

३२. मोहनप्रसाद खनाल २०२८:५६-५७ = २९ सङ्ख्या ।

३३. शङ्करमान राजवंशी २०१६:१४-१५ = ७ सङ्ख्या ।

३४. नयनाथ पौडेल र मोहनप्रसाद खनाल २०३२:१५-१६ = ५ सङ्ख्या ।
सप्तत्रिशतिरोपनिकं क्षेत्रांकतोपि बू रो ३७ धलगास्य ब्वाक बू द्विक कर्ष अंकतोपि कर्ष २ प्रति ङापिकओ कर्ष नसियाव मूल दूकाया कटं ९३ सल दाना मास मूल बिया ॥ सूयनेपिक कूस प्रसन्न जुया[१] (मूलका ७-१० पङ्क्ति) भनी यस पत्रमा लेखिएकोले ३७ रोपनी २ कर्ष जग्गामध्ये ३२ रोपनी जग्गा कुशबिर्ता दिएको, बाँकी ५ रोपनी २ कर्ष जग्गा बेची आएको ९३ टङ्का घोडाको दानाको लागि मासको मोल तिरेको कुरा यस ताम्रपत्रमा लेखिएकोले साढे ५ रोपनी बिक्री गरी बाँकी दान दिएको देखिन्छ ।

३५. मोहनप्रसाद खनाल २०२९:३८-३९ = ११ सङ्ख्या ।

३६. *ताम्रपत्र* २०४९:६९-७० ।
सूवर्णमूल्य षच्छत श्रीजगज्जयमल्ली टंका ६०० मादाय स्वाधिनेन वतुकं न्यायेन क्रिविक्रीतुं भवति ॥ [...] मोहो टंका ३०० परमानन कायाओ हातिखेलास खर्च्च बिल भूयं टंका २०० श्रीश्रीन कासे बिज्याङाओ परमानयात बिल बाकि ह्लिदवाल खर्च्च[२] (मूलका ८-११ पङ्क्ति) भनी यस पत्रमा लेखिएकोले जग्गा विक्री भएर आएको ६०० टङ्कामध्ये ३०० परमानले लिई हात्तीखेदाको खर्च दिएको, २०० राजाले लिई परमानलाई दिएको स्पष्ट बुझिन्छ, बाँकी रकम अर्थात् १०० चाहिँ केमा खर्च गरेको भन्ने कुरा **ह्लिदवाल**को अर्थ नलागेकोले स्पष्ट भएन ।

३७. महेशराज पन्त २०५७ ख:६०-६१ = १ सङ्ख्या ।

३८. उही:६१ = २ सङ्ख्या । यस पत्रको फ्याक्सिमिलि तल ११७ पृष्ठमा छ ।

३९. उही २०५७ क:५८-५९ = ९ सङ्ख्या ।[३]

---

१. सकल ताम्रपत्र, यसको फोटो वा रबिङ मैले देखेको छैन । प्रकाशित पाठमा सामान्य संशोधन गरेको छु ।

२. सकल ताम्रपत्र, यसको फोटो वा रबिङ मैले देखेको छैन । प्रकाशित पाठमा केही संशोधन गरेको छु ।

३. ५ वर्षअगाडि छापिइसकेको यो पत्र यादै नगरी सिद्धिरत्न शाक्यभिक्षु (२०६२:३४-३५)ले फेरि छपाएका छन् । मूलमा संवत्को एकस्थानी अङ्क नष्ट भएकोले महेशराज पन्त २०५७ कमा ८५x छापिएकोमा सिद्धिरत्न शाक्यभिक्षु (२०६२)ले मूलपाठ दिँदा ८५(५) र आफ्नो तर्फबाट लेख्दा शिरमा र मूलपत्रको परिचयमा भने ने.सं. ८६० छपाएका छन् ।

जगज्जय मल्लका उत्तराधिकारी छोरा जयप्रकाश मल्लले पनि घरजग्गा वेची काम चलाएको प्रमाण नपाइने होइन ।[४०]

मूलपाठ

श्री

१. प्रभु राजाबाट श्रीकान्तिपुरमा चिरिङमा बस्ने श्रीप्रमानंद उपाध्या ब्राह्मणलाई नीगाहा
२. गरीबक्स्यौं. मालसी नाउं गरेको षेत रैकर जगादेर्षी पश्चिम उत्तर पूर्व दक्षिण ये-
३. ति चार किल्ला साध गरीयाको पंचास रोपनी [४१]फेरी यस्तै साध गरीये-
४. को पाषा रोपनी २२[४२] तेस षेतको जस्तो देसमा चलेको चलन्ले असल वर्ण भयाका
५. चौध सये महिन्द्रसिंहको टक् भयेको मोहर १४०० लीयेर आफ्ना अधीनसं-
६. ग नीतीपूर्वक् किन्नु बेचनु भयो. बाबत् ईन्द्रजात्रालाई अडामा तेल किन्ने मोललाई
७. लि सबै शुद्ध हिसाबसंग छिन्छान् भयो. देही कर्ष २ घल्याली कर्ष
८. २॥ अत्र पत्रार्थे दृष्टसाछि श्रीजगत्जय मल्ल सम्वत् ८२८ भाद्रसुदी १० शुव

---

४०. उही:५९ = १० सङ्ख्या ।*
शङ्करमान राजवंशी २०१६:१६-१७ = ८ सङ्ख्या ।
ताम्रपत्र २०५१:४-५ ।
दिनेशराज पन्त २०५३ क:४२-४३ ।
शङ्करमान राजवंशी २०१६:१९-२० = १० सङ्ख्या ।
महेशराज पन्त २०५७ क:६०-६१ = १२ सङ्ख्या ।
महेशराज पन्त छापिन बाँकी क ।
महेशराज पन्त २०५७ क:६१-६२ = १४ सङ्ख्या ।**
उही:६३ = १६ सङ्ख्या ।

४१. रोपनी र फेरिको वीचमा केही ठाउँ खाली छोडिएको छ ।

४२. यस पत्रमा जहाँ जहाँ अङ्क आएको छ, त्यहाँ त्यहाँ अर्को अङ्क पनि अर्कै मसीले लेखिएको छ । खुलाएर भन्दा ४ पङ्क्तिको २२ को ठीक माथि ३३, ५ पङ्क्तिमा १४०० को ठीक माथि ७००, ७ पङ्क्तिमा २ को ठीक माथि ६, ८ पङ्क्तिमा २ पछि २ धर्को ॥ र ठीक माथि ३॥ थपिएको छ ।

---

* यो पत्र पछि सिद्धिरत्न शाक्यभिक्षु (२०५७:७२)ले भ्रष्ट रूपमा छापेका छन् । त्यसमा प्रकाशनमिति २०५७ आश्विन १७ गते दिए पनि यो छापिएको चाहिँ केही महीनापछि मात्र हो ।


** ५ वर्षअगाडि छापिइसकेको यो पत्र यादै नगरी सिद्धिरत्न शाक्यभिक्षु (२०६२:३२)ले फेरि छपाएका छन् ।

लक्ष्मीनरसिंह मल्लले त्रिपुरदास उभ्फालाई जग्गा दिई गरिदिएको ताम्रपत्रको माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रील नम्बर ई १७४०/१० मा माइक्रोफिल्म भएको यस ताम्रपत्रको मूलपाठ र व्याख्या महेशराज पन्त २०४१:२५-२७ मा छापिएको छ। पछि राष्ट्रिय अभिलेखालयमा लगतसङ्ख्या ७३ मा यो ताम्रपंत्र सङ्कलित हुन पुगेछ। फण्डै १० वर्षअगाडि छापिइसकेको यो ताम्रपत्र यादै नगरी *ताम्रपत्र* २०५१:५-६ मा फेरि छपाइएको छ, पाठ पनि ठाउँठाउँमा मूलअनुसारको छैन ।

प्रताप मल्लले काशी जोशीलाई जग्गा दिई गरिदिएको ताम्रपत्रको रबिङको फ्याक्सिमिलि

यसको पाठ माथि १०५-१०६ पृष्ठमा छ।



प्रताप मल्लले काशी जोशीलाई जग्गा दिई गरिदिएको ताम्रपत्रको माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि

जगज्जय मल्लले विद्यापति उपाध्यायलाई जग्गा बेची गरिदिएको ताम्रपत्रको माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि

यसको पाठ महेशराज पन्त २०५७ ख:६१ मा छ।

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[४३] वर्णक्रमअनुसारको तालिका

अच्युतरमण अधिकारी २०३७

= वि.सं. २०३७ मा काठमाडौँबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *मधुपर्क* १३ वर्ष ११ अङ्कका १०-२० पृष्ठमा छापिएको, अच्युतरमण अधिकारीको *इतिहासका चक्रमा गुरुप्रसाद मैनाली* ।

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट झरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग ।

छत्रवहादुर कायस्थ २०५४

= वि.सं. २०५४ मा ललितपुरबाट छत्रवहादुर कायस्थद्वारा प्रकाशित *नेपाल संस्कृति* ६८ पूर्णाङ्कका ४३-४४ पृष्ठमा छापिएको, उनैको *नेपाल सम्वत*[४४] *८३७ या तामापत्र – छगू अध्ययन* (ने.सं. ८३७ को तामापत्र – एक अध्ययन) ।

टप्अग्र्याफ्इक्ल सर्भे व्रान्च २०४४/४५

= ई.सं. १९८८ (वि.सं. २०४४/४५) मा काठमाडौँबाट न्याश्अनल काउन्सिल फर साइअन्स यान्ड टेक्नल्अजिको म्याप्इङ सब्-कमिट्इद्वारा प्रकाशित, टप्अग्र्याफ्इक्ल सर्भे ब्रान्चको *इन्डेक्स् अफ् जिअग्रफ्इक्ल् नेम्ज् अफ् नेपाल्* (नेपालका स्थाननामको फेहरिस्त) २ भाग ।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) ४ भाग ।

ताम्रपत्र २०४९

= वि.सं. २०४९ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* १० पूर्णाङ्कका ३१-७३ पृष्ठमा छापिएको *ताम्रपत्र* ।

ताम्रपत्र २०५१

= वि.सं. २०५१ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा संस्कृति तथा समाजकल्याणमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* १२ पूर्णाङ्कका १-१२ पृष्ठमा छापिएको *ताम्रपत्र* ।

दिनेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका ४०-४१ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *महीन्द्रसिंह (भास्कर मल्ल)ले झगल ठकुरको नाममा गरिदिएको अप्रकाशित ताडपत्र* ।

दिनेशराज पन्त २०५३ क

= *पूर्णिमा* ८९ पूर्णाङ्कका ४२-४३ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *जयप्रकाश मल्लले रत्नमणि जैसीलाई गरिदिएको अप्रकाशित ताम्रपत्र* ।

४३. कुनै कृतिमा रचयिता वा सम्पादक आदिको नाउँ नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार यस तालिकामा राखिएको छ । २ सङ्ख्याको पत्र कहाँ छ भन्ने र माइक्रोफिल्मका रीलको विषयमा माथि लेखमै खुलाएर लेखिसकेकोले तिनलाई यहाँ चढाइएको छैन ।

४४. यस तालिकामा जहाँ जहाँ हामीले यस्तो * चिह्न छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारेको भन्ने हो ।

देवीप्रसाद भण्डारी २०५८

= वि.सं. २०५८ मा प्रकाशित *पूर्णिमा* १०३ पूर्णाङ्कका ३८-४५ पृष्ठमा छापिएको, देवीप्रसाद भण्डारीको *भास्कर मल्लले गरिदिएको ताम्रपत्र* ।

धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

नयनाथ पौडेल र मोहनप्रसाद खनाल २०३२

= वि.सं. २०३२ मा काठमाडौँबाट नयनाथ पौडेल र मोहनप्रसाद खनालद्वारा प्रकाशित, उनीहरूकै *अभिलेख-माला* ।

नरहरिनाथ २०१३

= वि.सं. २०१३ मा काठमाडौँबाट इतिहासप्रकाशसंघद्वारा प्रकाशित *इतिहासप्रकाश* २ अङ्क ३ भागको ४५७ पृष्ठमा छापिएको, नरहरिनाथको *महिन्द्रसिंहदेवको* ताम्रपत्र* ।

नागेन्द्रमणि कुलिशाचार्य २०५३

= वि.सं. २०५३ मा काठमाडौँबाट नेपालभाषा परिषद्द्वारा प्रकाशित *नेपाल ऋतु-पौ* (आर्तव पत्रिका नेपाल) ८३ पूर्णाङ्कका ३२-३५ पृष्ठमा छापिएको, नागेन्द्रमणि कुलिशाचार्यको *बौद्ध विद्वान् पण्डित सिद्धिहर्ष वज्राचार्य* (*बाबुकाजी गुरुजु**) ।

नारायणस्थान

= ई.सं. १९९५ (वि.सं. २०५१/५२) मा काठमाडौँबाट श्री ५ को सरकार सर्भेविभागद्वारा प्रकाशित २७८५ ०७ डी सङ्ख्याको *नारायणस्थान*नाउँको नक्शा ।

पूर्णरत्न वज्राचार्य २०४८

= वि.सं. २०४८ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ९ पूर्णाङ्कका १२५-१३६ पृष्ठमा छापिएको, पूर्णरत्न वज्राचार्यको *भूमिसम्बन्धी ताडपत्रहरू* ।

पूर्णरत्न वज्राचार्य २०४९

= वि.सं. २०४९ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* १० पूर्णाङ्कका ८७-१२२ पृष्ठमा छापिएको, पूर्णरत्न वज्राचार्यको *भूमिसम्बन्धी केही ताडपत्र-तमसूक* ।

महेशराज पन्त २०४१

= वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ६० पूर्णाङ्कका २५-२७ पृष्ठमा छापिएको, महेशराज पन्तको *लक्ष्मीनरसिंह मल्लको अप्रकाशित ताम्रपत्र* ।

महेशराज पन्त २०४९

= वि.सं. २०४९ मा प्रकाशित *पूर्णिमा* ८२ पूर्णाङ्कका ७१-८१ पृष्ठमा छापिएको, महेशराज पन्तको *प्रताप मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका दशवटा लिखतपत्र* ।

महेशराज पन्त २०५२

= वि.सं. २०५२ मा प्रकाशित *पूर्णिमा* ९० पूर्णाङ्कका १-५३ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका २३-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९४ पूर्णाङ्कका १-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, विक्रमको पन्ध्रौंदेखि अठाह्रौं शताब्दीभित्रका, अहिलेसम्म प्रकाशमा नआएका ७५ वटा लिखतपत्र*।

महेशराज पन्त २०५५ क

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९५ पूर्णाङ्कको ४५ पृष्ठमा छापिएको, महेशराज पन्तको *महीन्द्रसिंह [भास्कर मल्ल] ले जग्गा दिई गरिदिएको, अहिलेसम्म प्रकाशमा नआएको ताम्रपत्र* ।

महेशराज पन्त २०५६

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९७ पूर्णाङ्कका ५२-५५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण – चारवटा थप ताम्रपत्र* ।

महेशराज पन्त २०५७

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ पूर्णाङ्कका ३२-४८ पृष्ठमा छापिएको, महेशराज पन्तको *काठमाडौंका राजाहरूका, ताडपत्रमा लेखिएका,. अहिलेसम्म प्रकाशमा नआएका, २६ वटा लिखतपत्र (वि.सं. १५७५-१७५२)*।

महेशराज पन्त २०५७ क

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका ५२-६४ पृष्ठमा छापिएको, महेशराज पन्तको *काठमाडौंका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, १८ वटा लिखतपत्र (वि.सं. १७७३-१८१६)* ।

महेशराज पन्त २०५७ ख

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०१ पूर्णाङ्कका ६०-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण – दुइवटा थप ताम्रपत्र* ।

महेशराज पन्त २०५७ ग

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०२ पूर्णाङ्कका १-५१ पृष्ठमा छापिएको, महेशराज पन्तको *पाटनका मल्लराजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ६८ वटा लिखतपत्र (वि.सं. १६७८-१८२३)* ।

महेशराज पन्त २०६२

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका १-१७ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको सिद्धिहर्ष वज्राचार्य(वि.सं. १९३६-२००९)ले पढेको पाठ र गरेको उल्था* ।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२३ पूर्णाङ्कका १-६६ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६३ क

= *पूर्णिमा*को यही पूर्णाङ्कका ९१-१०२ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको एउटा अभिलेख* ।

महेशराज पन्त छापिन बाँकी

= *महीन्द्र सिंह (भास्कर मल्ल)ले जग्गा बेची गरिदिएको, अहिलेसम्म प्रकाशमा नआएको एउटा ताम्रपत्र*।

महेशराज पन्त छापिन बाँकी क

= *जयप्रकाश मल्लले जग्गा बेची गरिदिएको, अहिलेसम्म प्रकाशमा नआएको एउटा ताम्रपत्र।*

महेशराज पन्त र दिनेशराज पन्त २०३६

= वि.सं. २०३६ मा प्रकाशित *पूर्णिमा* ४३ पूर्णाङ्कका १०५-१५२ पृष्ठमा छापिएको, महेशराज पन्त र दिनेशराज पन्तको *नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला* ।

मोहनप्रसाद खनाल २०२६

= वि.सं. २०२६ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ९ संख्याका ४७-५२ पृष्ठमा छापिएको, मोहनप्रसाद खनालको *राजा भास्कर मल्ल (महीन्द्र सिंह)का विषयमा संशोधन र निर्णय* ।

मोहनप्रसाद खनाल २०२८

= वि.सं. २०२८ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *अभिलेख-संकलन* ।

मोहनप्रसाद खनाल २०२९

= वि.सं. २०२९ मा काठमाडौँबाट मोहन खनालद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *नेपालका केही मल्लकालीन* * *अभिलेख* ।

मोहनप्रसाद खनाल २०३०

= वि.सं. २०३० मा काठमाडौँबाट मोहनप्रसाद खनालद्वारा प्रकाशित, उनैको *मध्यकालीन* * *अभिलेख* ।

वेङ्कटेश रामकृष्ण केतकर १९९४

= शाके १८५९ (वि.सं. १९९४) मा विजापुरबाट दत्तात्रेय वेङ्कटेश केतकरद्वारा प्रकाशित, वेङ्कटेश रामकृष्ण केतकर[४५]को *ज्योतिर्गणितम्* २ संस्करण।

शङ्करमान राजवंशी २०१६

= वि.सं. २०१६ मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *पुरातत्त्व-पत्रसंग्रह* १ भाग।

शङ्करमान राजवंशी २०१८

= वि.सं. २०१८ मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *पुरातत्त्व-पत्रसंग्रह* २ भाग।

शङ्करमान राजवंशी २०२०

= वि.सं. २०२० मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्वविभाग वीरपुस्तकालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *पुरातत्त्व-पत्रसंग्रह* ३ भाग।

शङ्करमान राजवंशी २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ पूर्णाङ्कका ३०-३३ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *कर्षको अर्थ* ।

शङ्करमान राजवंशी २०२१ क

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* २ पूर्णाङ्कका ५५-६० पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *हात्तीखेदा गर्ने खर्चको निमित्त वि.सं. १७७३ मा गरिदिएको महीन्द्रसिंह (भास्कर मल्ल)को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या* ।

शङ्करमान राजवंशी २०२६

= वि.सं. २०२६ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ८ संख्याका २९-३३ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *ललितपुरका मल्ल राजाका ताडपत्र तमसुकहरू* ।

४५. यसमा संशोधक दत्तात्रेय वेङ्कटेश केतकर र पिडपर्ति सुब्रह्मण्य शास्त्री।

शङ्करमान राजवंशी २०२७
= वि.सं. २०२७ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची* ।

शङ्करमान राजवंशी २०४२
= वि.सं. २०४२ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *भूमिसम्बन्धी तमसूक–ताडपत्र* ३ भाग।

शङ्करमान राजवंशी २०४४
= वि.सं. २०४४ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *भूमिसम्बन्धी तमसूक–ताडपत्र* ४ भाग।

श्यामसुन्दर राजवंशी २०४२
= वि.सं. २०४२ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ९० संख्याको नेपाली खण्डका १५-१८ पृष्ठमा छापिएको, श्यामसुन्दर राजवंशीको *राजा महीन्द्रसिंहदेव (भाष्कर* मल्ल) को तमसुक ताडपत्र* ।

सिद्धिरत्न शाक्यभिक्षु २०५७
= वि.सं. २०५७ मा काठमाडौंबाट श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* १८ पूर्णाङ्कका ५६-७६ पृष्ठमा छापिएको, सिद्धिरत्न शाक्यभिक्षुको *भूमि सम्बन्धी तमसूक ताडपत्र* ।

सिद्धिरत्न शाक्यभिक्षु २०६२
= वि.सं. २०६२ मा काठमाडौंबाट श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* २३ पूर्णाङ्कका २६-४७ पृष्ठमा छापिएको, सिद्धिरत्न शाक्यभिक्षुको *भूमि सम्बन्धी केही तमसुक ताडपत्रहरू* ।

सुशीला भट्ट २०६०
= वि.सं. २०६० मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, सुशीला भट्टको *गुरुप्रसाद मैनाली : व्यक्ति र कृति* ।

थानकोट चन्दनप्रभातेश्वरस्थानको अभिलेखको सारभाग

– **महेशराज पन्त**

तल दिइएको शिलालेखको पाठ धनवज्र वज्राचार्यको हस्ताक्षरमा छ । त्यसको शिरमा **२०२२।८।५।१ को अन्वेषणयात्रामा पत्ता लगाएको थानकोट चन्दनप्रभातेश्वरमहादेवस्थानको अभिलेखको सारभाग** भनी धनवज्र वज्राचार्यकै हस्ताक्षरमा लेखिएको छ । यो पाठ भएको कापी संशोधन-मण्डलको सङ्ग्रहमा छ । त्यसताका हामीहरू नेपालखाल्डोका ३ शहर र वरपर अभिलेख खोज्न जान्थ्यौं । त्यसै सिलसिलामा थानकोट पुग्दा यो अभिलेख भेटिएकोले त्यसको सारभाग भनी हामीहरूलाई त्यसताका चाख लाग्ने अंश जति उतारिएको देखिन्छ ।

यस शिलालेखको समग्र पाठ २ चोटि छापिइसकेको[१] भए पनि हामीले पढेको पाठ कहीं कहीं फरक भएकोले यस विषयमा गढेर काम गर्नेलाई उपयोगी होओस् भन्ने मनसायले जति अंशको सरोट संशोधन-मण्डलको सङ्ग्रहमा छ, त्यति अंश फेरि प्रकाश गरिंदैछ ।

सङ्गीतार्णवपारग[२] भन्ने पदवी लिएका राजा योगनरेन्द्र मल्लको बयानमा उनलाई नाच्न र बाजा बजाउन जान्ने[३] भनेर पनि लेखेको देखिन्छ । यो शिलालेख राख्ने लक्ष्मीराज नाचगानमा सिपालु भएकाले उनको पहुँच शत्रुका ९ वटा जिल्ला एकैचोटि जित्ने राजा योगनरेन्द्र मल्लको खोपीसम्म थियो भन्ने भाव यहाँ सगर्व झल्काइएको छ ।

यो शिलालेख जुन महादेवस्थानमा राखियो, त्यहाँका महादेवलाई **चन्दनभराटकेश** (*अभिलेख* १४ पूर्णाङ्कको ८७ पृष्ठ)/**चन्दनभराटकेश्वर** (उही ९० पृष्ठ) भनी यस शिलालेखमा लेखिएको छ । यस नाउँको सट्टा

---

१. वि.सं २०५० मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा, संस्कृति तथा समाजकल्याणमन्त्रालय पुरातत्त्व-विभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ११ पूर्णाङ्कका ८९-९३ पृष्ठमा छापिएको, श्यामसुन्दर राजवंशीको *थानकोटस्थित चन्दन भराटकेश्वर मन्दिरका अभिलेखहरू* (९१-९३ पृष्ठ) मा छापिएको यस **शिलालेखको संस्कृत पाठमा कतिपय त्रुटिहरू देखिन आएको हुनाले** (*अभिलेख* १४ पूर्णाङ्कको ९१ पृष्ठमा सम्पादकको टिप्पणी) वि.सं. २०५३ मा काठमाडौंबाट श्री ५ को सरकार युवा, खेलकूद तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* १४ पूर्णाङ्कका ८५-९१ पृष्ठमा छापिएको, श्रीहरि रुपाखेती र श्यामसुन्दर राजवंशीको *थानकोट महादेव गाउँस्थित चन्दनभराटेश्वर मन्दिरका अभिलेखहरू* (८६-९० पृष्ठ) मा फेरि छापिएको ।

२. उदाहरणको लागि योगनरेन्द्र मल्लका टक हेर्नू ।*

३. उदाहरणको लागि वि.सं. २०१९ मा काठमाडौंबाट संशोधन-मण्डलद्वारा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ६ भागको २० पृष्ठमा छापिएको *यम्पिविहारको अभिलेख*का ३-५ पङ्क्ति ।

---

* वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, सत्यमोहन जोशीको *नेपाली राष्ट्रिय मुद्राका* ९८-१०० पृष्ठ ।

धनवज्र वज्राचार्यले लेखेको **चन्दनप्रभातेश्वरको** व्युत्पत्ति अर्का अन्वेषकको कृति[४]मा भएको कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।

अभिलेखको उतारेसम्मको पाठ

नेपालपीठे ललितानगर्य्या ऽ स्वैकुण्ठनामा सुजनः प्रवीणः ।
परोपकारी नृपतिप्रियो यो बभूव भूपाल्पितनित्यसेवः ॥
अमुष्य नाम्ना मधुरा प्रियासीत्साध्वी सुवाणी सुतरां सुशीला ।
लज्जाभियुक्ता गृहकर्म्मविज्ञा प्रायोऽपरा या कमलेव भूमेः ॥
अस्यास्सुतासीद्धवधर्मधीरा ऽ नाम्नेति लक्ष्मीः प्रियवादिनी सा ।
यामेत्य पत्नीं बहु[५] तत्प्रियस्य गृहेषु लक्ष्मीर्व्ववृधे तदैव ॥
अस्या धवोऽभून्मुतिराजनामा परोपकारी कुलधर्म्मधारी ।
यस्सेवया तोषितभूमिपालः स सज्जनालीगणनाग्रगामी ॥
पुत्रौ बभूवतुस्तस्य सुशीलौ प्रियवादिनौ ।
ज्येष्ठो लक्ष्मीधरो नाम्ना लक्ष्मीराजोऽनुजोऽपरः ॥
नित्यं कुमारीपदभक्तिचित्तौ साधुस्वभावौ चतुरौ दयालू ।
तुतोषतुस्तौ नृपतिं सदैव भोज्योपचारोचितकर्म्मदक्षौ ॥
लक्ष्मीराजो यष्कनिष्ठो गुणज्ञो नित्यं नृत्ये तोषयामास धीरः ।
रागैर्गीतैः श्रीनरेन्द्रन्नरेशं शक्रं[६] प्रायेणेव गन्धर्व्वमुख्यः ॥
नृपप्रेमपात्रष्प्रवीणष्प्रधानस्सगीतादिसङ्गीतविद्यासुविज्ञः ।
सदा गीतगानोद्यमोऽन्तष्पुरेऽसौ नरेन्द्रेण भूपेन साकं ससाद ॥
शत्रूणां युगपज्जहार तरसा प्रोद्यत्प्रतापी बली ऽ
यो दुर्गान्नवसंख्यकान्नयरतस्सङ्गीतविद्यान्तगः ।
श्रीश्री[७]योगनरेन्द्रभूपतिरसौ नेपालभूपाधिपो
लक्षीराजममुं सुरागनिपुनं मत्वा मुमोदाऽनिशम् ।

---

४. वि.सं २०४४ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, कृष्णप्रकाश श्रेष्ठको *स्थाननाम-कोश*को ३३ पृष्ठमा **चन्दनप्रभातेश्वर** हेर्नू ।
५. **बहु** यो पाठ सन्दिग्ध भन्ने सङ्केत सरोटमा छ ।
६. सरोटमा **शकं** भए पनि छन्दोनुऽरोध र अर्थानुरोध दुवैले **शक्रं** हुनुपर्ने भएकोले सार्दा बिग्रेको हो कि भनी **शक्रं** वनाएको ।
७. सरोटमा एउटा मात्र **श्री** भए पनि छन्दोऽनुरोधले र राजालाई २ वटा **श्री** लाग्ने भएकोले सच्याएको ।

नेवारराज्यमा ब्राह्मण

ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिककृष्णसप्तमीको ताम्रपत्रसम्बन्धी वि.सं. १९७४ वैशाख ३० गतेको फैसला

– महेशराज पन्त

गूठीसंस्थानको काठमाडौँ भद्रकालीस्थानमा रहेको गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा बा.द.को ५३ नम्बरको पोकामा यो पत्र छ । यसको माइक्रोफिल्म नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको के ३५८/५१ मा भएको छ ।

यस पत्रको उठानमा दायाँपट्टि वृत्ताकार छाप लगाइएको छ । त्यस छापमा २ वटा वृत्ताकार घेरा छन् । ती २ घेराको बीचमा वरिपरि थोप्ला छन् । ती थोप्लाभित्र पर्ने गरी छापको शिरमा **श्री** लेखिएको छ, श्रीको बायाँपट्टि चन्द्र छन्, छाप स्पष्ट नभएकोले **श्री**को दायाँपट्टि के छ त्यो भन्न सकिएन, त्यसभन्दा तल ५ **स** मात्र देखिन्छ, त्यसभन्दा तलचाहिँ **लगतअडा** लेखिएको छ, त्यसभन्दा अझ तल दायाँबायाँ बुट्टा कुँदी तिनको बीचमा ६२ लेखिएको छ ।

गूठीअड्डामा रहेका अरू अरू कागजातमा पनि यही छाप लगाइएकोले **श्री**को तल हामीले पढ्न नसकेका अक्षर **५ सर्कारतर्फका**[1] हुन् भन्ने देखिन गएको छ । यताबाट **श्री ५ सर्कारतर्फका लगतअड्डाको, वि.सं.** १९६२ मा बनाइएको छाप यहाँ लगाइएको स्पष्ट हुन्छ ।

यो पत्र श्री ५ सरकारतर्फ गूठीलगतजाँचअड्डाले गरेको फैसला हुनाले त्यो फैसला गर्ने त्यस अड्डाका ३ जना अधिकारीहरूका वृत्ताकार साना छाप त्यहाँ क्रमशः लगाइएका छन् ।

तिनमध्ये पहिलो छाप त्यस अड्डाका हाकिम मुखिया वटुकनाथ उपाध्यायको नाउँको ठीक अगाडि बायाँपट्टि ठूलो छापको अलि तल दायाँपट्टि लगाइएको छ । त्यस छापमा एउटा वृत्ताकार घेरा छ । घेराभित्र पर्ने गरी त्यस छापको सबभन्दा माथि **श्री** र **श्री**को दायाँबायाँ चन्द्रसूर्य छन्, त्यसको तल **वटुकनाथ** लेखिएको छ, त्यसभन्दा तल ७३ लेखिएको छ । वि.सं. १९७३ मा बनाइएको, वटुकनाथ उपाध्यायको छाप लगाइएको यताबाट स्पष्ट हुन्छ ।

वटुकनाथको छापभन्दा तल तहरीर मुखिया सत्यलाल श्रेष्ठको नाउँको ठीक अगाडि बायाँपट्टि अर्को छाप लगाइएको छ । त्यस छापको सबभन्दा माथि **श्री** र **श्री**को दायाँबायाँ चन्द्रसूर्य छन् । त्यसको तल **सत्यलाल** लेखिएको छ । त्यसभन्दा तल ६५ लेखिएको छ । वि.सं. १९६५ मा बनाइएको, सत्यलाल श्रेष्ठको छाप लगाइएको यताबाट स्पष्ट हुन्छ ।

---

१. महेशराज पन्त २०६३ क:९३ ।

सत्यलालको छापभन्दा तल विचारी ईश्वरीप्रसाद उपाध्यायको नाउँको ठीक अगाडि बायाँपट्टि अर्को एउटा छाप लगाइएको छ । त्यस छापको सबभन्दा माथि **श्री** र **श्री**को दायाँबायाँ चन्द्रसूर्य छन् । त्यसको तल **इश्वरिप्रसाद** लेखिएको छ । त्यसभन्दा तल तेर्सो धर्को तानी त्यसको तल **७३** लेखिएको छ । वि.सं. १९७३ मा बनाइएको, ईश्वरीप्रसाद उपाध्यायको छाप लगाइएको यताबाट स्पष्ट हुन्छ ।

ज्यादै लामो यो फैसला एक ताउ कागतमा नअटाएकोले बन्धगाँस गरी लेखिएको छ । ताउ ताउ गाँस्दा फैसलाको प्रामाणिकतामा शङ्का नउठोस् भनी त्यस्तो ठाउँमा हाकिमको छाप लगाइएको छ । बीचबीचमा अड्डाको छाप र अरू साना छाप पनि लगाइएका छन् । लेख्दा बिग्री सच्याएको ठाउँमा पनि साना छाप लगाइएका छन् । पत्रको अन्त्यमा ३ जनै अधिकारीका छापसँगै अड्डाको पनि छाप लगाइएको छ ।

गोकर्णथलीका सिंखडाहरूका कुनै पुर्खाले राजा भास्कर मल्लबाट पाएको जग्गाको विषयमा खिचोला पर्दा श्री ५ सर्कारतर्फ गूठीलगतजाचअड्डाले गरेको यो फैसला नेवारराज्यमा ब्राह्मणहरूको स्थिति बुझ्न उपयोगी छ ।

वि.सं. १९७४ वैशाख ३० गते शनिवारको यस फैसलामा चर्चा गरिएको, ने.सं. ८३५ (वि.सं. १७७१) कार्तिककृष्णसप्तमीको ताम्रपत्रको मूलपाठ,[२] यो मुद्दा पर्दा गूठीअड्डाले वीरपुस्तकालयद्वारा गराएको त्यसको नेपाली उल्था,[३] एक जना ऐतिहासिकले पछि गरेको त्यसकै नेपाली उल्था[४] र तिनैले गरेको त्यसको व्याख्या[५] प्रकाशमा आइसकेका छन् । अहिले यस लेखसँगसँगै त्यस ताम्रपत्रको रबिङको फ्याक्सिमिलि तल १५३ पृष्ठमा दिइएको छ ।

---

२. मोहनप्रसाद खनाल २०२८:४४-४५ ।
देवीप्रसाद भण्डारी २०५८:३८-३९ ।

३. महेशराज पन्त २०५३:३१ ।
तारपत्रको नकल उलथा गर्दा सो नकलबमोजीं यो नकल दुरुस्त छ भनी सहीछाप गर्ने कुलमान गुभाजु भनी त्यस उल्था*को बायाँ फट्केमा लेखिएकोले र यसको उठानमा र अन्त्यमा उनको छाप लागेकोले त्यो उल्था कुलमान गुभाजूले गरेको यताबाट देखिन्छ । यिनी वीरपुस्तकालयका पण्डित हुन् । यिनको विषयमा नागेन्द्रमणि कुलिशाचार्य २०५३:३२, ३५ र महेशराज पन्त २०६२:७ मा प्रसङ्गवश अलिकति लेखिएको छ । मूल पत्र **ताम्रपत्र**मा कुँदिएको हुँदा हुँदै त्यसलाई **तारपत्र** भन्न कुलमान गुभाजू किन पुगे, यसको कारण खोतल्नुपरेको छ । यस जग्गाका हकदारमध्ये एक जनाले यस पत्रको नकल पेश गरेका र कुलमान गुभाजूले सकलबाट होइन कि नकलबाट उल्था गरेकाले ताम्रपत्रमा भन्दा ताडपत्रमा यस्ता कुरा धेरै लेखिने हुनाले यिनलाई भ्रम परेको देखिन्छ ।

४. देवीप्रसाद भण्डारी २०५८:३९ ।

५. उही:४०-४५ ।

---

* गूठीअड्डाको बा.द. ५३ नम्बरको पोकामा रहेको पत्र = नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रील नम्बर के ३५८/५४ ।

यस जग्गाको हकभोगमा मुद्दा पर्दा[६] हकदारहरूले दिएको परस्परविरोधी बयान हेर्दा जुन सम्पत्तिको मैले भोग गरिरहेको छु, त्यस सम्पत्तिमा मेरो अधिकार कसरी भयो भन्ने कुरासमेत खयाल नराख्नेहरूले आफ्नो सम्पत्ति जोगाउन अज्ञानवश अनुश्रुति र वास्तव कुराको कसरी घोलमेल गर्छन् भन्ने कुराको नमूना यस फैसलामा परेको, जग्गाका हकदारहरूले लेखेबोलेका कुराबाट बुझिन्छ । तिनको निचोड यस प्रकारको छ–

१. एक जना हकदारले हालेको बिन्तिपत्र,[७] जमानबन्दी[८] र मुचुल्का[९]को मजबून

पाटने राजाको चाकरी गऱ्यो भनी हाम्रा पुर्खा शशिगोवर्धनलाई राजा भास्कर मल्लले हात्तीले कुल्चाई ढोकाढलमा मारे । ती मृतकको वायु जागी ती राजालाई दुःख दिन थाल्यो । त्यसपछि रानीपोखरीको डीलमा सेतो हात्तीको स्थापना गरी चाँगु महाङ्कालको ५५ रोपनी खेत, डाँडाकटेरी र शिवपुरी तथा गोकर्णइलाकाका भूमथली राईटार र गलमती भन्ने ३ भोटे गाउँ ताम्रपत्र गरी शशिगोवर्धनकी ब्राह्मणी तुलसाको नाउँमा वायुगूठीको लागि भनी ताम्रपत्र गरी दिए । त्यो जग्गा कहिले दिएको हो, सम्झना भएन । अहिलेसम्म पनि हरेक वर्ष फाल्गुनपूर्णिमाको दिन हामी दाजुभाइ सबै जम्मा भई दामासाहीले खर्च हाली वायुको पूजा गरी त्यो वायुगूठी चलाइरहेका छौं ।

२. अर्का हकदारले दिएको बयानको मजबून[१०]

राजा भास्कर मल्लले ने.सं. ८३५ मा हाम्रा पुर्खा रामेश्वर सिंखडालाई महाङ्कालको ५५ रोपनी खेत डाँडाकटेरीको पाखो जग्गासमेत बिर्ता दिएका थिए । यो वायुदेवताको गूठी नभई विर्ता हो ।

३. अर्का हकदारले दिएको बयानको मजबून[११]

हाम्रा पुर्खा रामेश्वरलाई ताम्रपत्र गरी दिएको जग्गा यो हो । यो बकसबिर्ता भएको हुनाले वायुगूठीको जगा यो होइन तापनि हामी सबै अंशियार मिली वायुपूजा भने गर्दै आएका छौं ।

४. अर्का हकदारले दिएको बयानको मजबून[१२]

गोवर्धन र तुलसा वायु भएका हुन्, तिनीहरूलाई हात्तीले कुल्चाई मारेको हो भन्ने हामीले सुनेका

---

६. यस फैसलाका १-२४ पङ्क्ति ।
७. गूठीअड्डामा रहेका, यस मुद्दासम्बन्धी अरू पत्रको माइक्रोफिल्म के ३५८/५२, के ३५८/५३ र ३५८/५५ रील नम्बरमा भएका छन् ।
८. यस फैसलाका २५-३७ पङ्क्ति ।
९. यसैका १६७-१६९ पङ्क्ति ।
१०. यसैका ३९-४६ पङ्क्ति ।
११. यसैका ७१-७५ पङ्क्ति ।
१२. यसैका १०६-११२ पङ्क्ति ।

हौं । हाम्रा पुर्खा रामेश्वर शशिगोवर्धनलाई चाँगु महाङ्कालमा ५५ रोपनी खेत राजाले ताम्रपत्र गरी दिएका हुन् । डाँडाकटेरी र शिवपुरीमा गोठ राखी आएका छौं । फागुपूर्णिमाको दिन वायुको पूजा गर्ने गरेका छौं । त्यसको लागि ३ वटा भोटे गाउँबाट एउटा बोका पनि आउँछ ।

५. अर्का हकदारले दिएको बयानको मजबून[१३]

राजा भास्कर मल्लले मेरा पुर्खा रामेश्वर जोशीलाई ने.सं. ८३५ कार्तिककृष्णसप्तमीको दिन ताम्रपत्र गरी महाङ्कालको ५५ रोपनी खेत, आधा रोपनी घडेरी र आधा रोपनी डिही दिएका हुन् । सो ताम्रपत्र लिई बिर्ता लेखाउन जाँदा यसले काम चल्दैन, कुशबिर्ता दिएको प्रमाण चाहिन्छ, होइन भने पोता लाग्छ भनी दर्ता गरिदिएनन्, वायुलाई दिएको जग्गा पोता लाग्ने होइन ।

यी मजबूनबाट पनि हामीलाई यहाँ आवश्यक कुरा झिक्दा दृश्य यस्तो हुन्छ –

राजा भास्कर मल्लले हात्तीले कुल्चाएर मारिएकाको नाउँ शशिगोवर्धन र राजाबाट जग्गा पाउनेको नाउँ तिनै शशिगोवर्धनकी ब्राह्मणी तुलसा भएको कुरा १ नम्बरअनुसार बुझिएकोमा ४ नम्बरअनुसार भने गोवर्धन र तुलसा दुवैलाई हात्तीले कुल्चाई मारेको र जग्गा पाउने रामेश्वर शशिगोवर्धन देखिन्छन् । १ नम्बरअनुसार शशिगोवर्धन मात्र मारिएकोमा ४ नम्बरअनुसार लोग्नेस्वास्नी दुवै जना मारिएको देखिन मात्र नगई जग्गा पाउनेको नाउँ पनि फरक पर्न गएको छ । खुलाएर भन्दा १ नम्बरअनुसार मृतककी ब्राह्मणीले जग्गा पाएकोमा १ नम्बरमा मृतकको नाउँ भनी दिइएको जस्तै नाउँ भएका र थप अर्को नाउँ भएकाले ४ नम्बरअनुसार जग्गा पाएको देखिन्छ । साँचै भन्ने हो भने ४ नम्बरमा भएका ती दुवै नाउँ एकै मान्छेका २ नाउँ हुन् कि ती २ जना भिन्नाभिन्नै हुन्, त्यो स्पष्ट छैन ।

राजाले दिएको जग्गा १, ४ र ५ नम्बरबाट वायुगूठीको भन्ने बुझिएकोमा २ र ३ नम्बरअनुसार वायु-देवताको गूठी नभई बिर्ता नै हो भन्ने बुझिएको छ । १ नम्बरअनुसार जग्गा पाउनेको नाउँ तुलसा भएकोमा २, ३ र ५ नम्बरअनुसार रामेश्वर भएको र ४ नम्बरअनुसार रामेश्वर शशिगोवर्धन भएको बुझिन्छ ।

यी ५ थरी कुरामध्ये कुनै पनि कुरा यस जग्गासम्बन्धी मूल ताम्रपत्रसँग दाँजेर हेर्दा धेरै अंशमा मिल्दैनन् तापनि ५ नम्बरमा लेखिएको कुरा धेरै मिल्छ भनी यस प्रसङ्गमा भन्नुपर्छ । ५ नम्बरमा लेखिएको कुरामा नमिल्ने वा अपुग एउटा मात्रै छ । त्यो के हो भने हाल काभ्रेपलाञ्चोकमा पर्ने[१४] मण्डन (उत्तर अक्षांश २७.४१ र पूर्व देशान्तर ८५.३७)[१५]को जग्गासँग सट्टापट्टा गरी राजा भास्कर मल्लले यो जग्गा दिएको हो, त्यसै दिएको होइन ।

---

१३. यसैका १४२-१५५ पङ्क्ति ।

१४. मण्डन पूर्व १ नम्बर सिन्धुपाल्चोक इलाकामा पर्छ भनी देवीप्रसाद भण्डारी २०५८:४५ मा लेखिएको छ ।

१५. टपअग्ग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५ अनुसार अक्षांश र देशान्तर हालेको हो ।

राजा भास्कर मल्लले आफ्ना पुर्खालाई हात्तीले कुल्चाई मारेकाले वायुगूठीको लागि यो जग्गा दिएको हो भनी १ र ४ नम्बरअनुसार बुझिए तापनि यस ताम्रपत्रमा चर्चै नभएको यो कुरा कसरी जग्गाका हकदारहरूमा अनुश्रुतिको रूपमा चल्यो, यो अनुसन्धेय छ । भास्कर मल्लका स्वेच्छाचारिताका अरू कुरा वंशावलीमा पाइन्छन्[१६] तापनि ब्रह्महत्या गरेको चर्चा अन्यत्र आएको छैन । कदाचित् भास्कर मल्लले हात्तीले कुल्चाई ब्रह्महत्या गरेका थिए कि भन्ने शङ्का यस जग्गासँग त्यस घटनालाई जोडिएकोले उठ्न सक्छ तापनि त्यो घटना साँचो नै भए पनि यस जग्गासँग भने त्यस घटनाको सम्बन्ध छँदै छैन । त्यसमाथि भास्कर मल्लले रानीपोखरीको डीलमा प्रायश्चित्तको लागि सेतो हात्तीको स्थापना गरे भन्ने कुरा १ नम्बरबाट बुझिन्छ । तर रानीपोखरीको डीलको सेतो हात्ती भास्कर मल्लले स्थापना गरेको नभई उनका बराजु प्रताप मल्लले स्थापना गरेका हुन् भन्ने कुरा जगजाहेर छ ।[१७] अनुश्रुति र वास्तव कुराको कसरी घोलमेल हुँदो रहेछ भन्ने कुरा देखिन जान्छ भनी मैले माथि नै लेखिसकेकोले फेरि दोहऱ्याइरहनु आवश्यक पर्दैन ।

यही फैसलाको आधारमा होला, गोकर्णथलीका पछिका सिंखडाहरूलाई भने त्यो जग्गा आफ्नो कसरी भयो भन्ने कुरा थाहा थियो भनी यस प्रसङ्गमा भन्नुपर्छ ।[१८]

वीरपुस्तकालयका पण्डित कुलमान गुभाजूले गरेको यस ताम्रपत्रको उल्था हेरी श्री ५ सर्कारतर्फ गूठीलगतजाँचअड्डाले गरेको फैसला नेपालको कानूनी इतिहासको मात्र नभई नेपालको इतिहासको पनि इतिहास बुझ्न काम लाग्ने एउटा दस्तावेज ठानी प्रकाश गरेको छु ।

काठमाडौँका राजा भास्कर मल्ललाई यस फैसलामा नेपाली राजा भनेकोमा अब आखिरमा अलि लामै ।

नेपाले राजाले चिन्नन् र पक्रनन् भनि स्याषु वढि रापतिका तिरैतिर भानु जैसि कुलानन्द जैसि अरु थरघर पनि साथैमा थिया. चन्डागिरिमा आइपुग्यांपछि नेपाल कुन् हो भनि सुध्याजा र त्यो भादगाउ हो. त्यो पाटन् हो. त्यो काठमाडौ हो भनि देषा(या)[१९] भनी पृथ्वीनारायण शाहले बोलेकाले उनले नेपालखाल्डोका ३ शहरलाई नै **नेपाल** सम्झेको भए पनि एक थरीले भने अझै सङ्कुचित अर्थमा काठमाडौँलाई मात्र **नेपाल** मान्ने गरेको देखिएको छ । भक्तपुरबाट आई कान्तिपुर राज्यमा राजा लक्ष्मीनरसिंह मल्लका मन्त्री भएका कचिङ्गल नरदेवको प्रसङ्गमा **वाग्मतीपूर्वपट्टिका मनुष्यको विश्वास सुंन्याको नेपाल धाम रहन्याछैन**[२०] भनी कान्तिपुर राज्यका मन्त्री भीम मल्लले भने भनी *भाषावंशावली*मा लेखिएको कुरालाई यसको उदाहरणको रूपमा देखाउन सकिन्छ ।

---

१६. उदाहरणका लागि देवीप्रसाद लंसाल २०२३:१०१-१०२ ।
१७. गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८:२६ = *रानीपोखरीको हात्तीको अभिलेख* ।
१८. देवीप्रसाद भण्डारी २०५८:४५ ।
१९. नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५:३१६ ।
२०. देवीप्रसाद लंसाल २०२३:८४ ।

गोरखाली राजा नरभूपाल शाहको पालाको आम्दानीखर्चको कागतमा **पाटन,**[२१] **भातगाउँ**[२२] **र भातगाउँल्या**[२३]को विषयमा भिन्नै चर्चा गरी काठमाडौँकालाई बुझाउन **नेपाल्या**[२४] लेखिएको कुरा पनि यस प्रसङ्गमा सम्झनु-पर्छ ।

नेपाल शब्दले पाटन र भादगाउँसुद्धा पनि बुझाउन छोडी काठमाडौँ मात्र बुझाउन थालेको कुरा विक्रमको उन्नाइसौँ शताब्दीका महाकवि[२५] उदयानन्द अर्ज्यालले तलको पद्यार्धमा यसरी लेखेका छन् –

नेपाल् पाटन भादगाउं भनि ता सल् हुन्छ आपस्महां

नेपाल् मुद्दत भो र कान्तिपुर भो नेपाल बुझ्न्या तहां ।[२६]

कान्तिपुर राज्यका राजा भास्कर मल्ललाई यस फैसलामा **नेपाली राजा**[२७] लेखिएकोले नेपाल शब्दको त्यही अतिसङ्कुचित अर्थको अनुसरण गरेको वा मूल ताम्रपत्रमा उनको प्रशस्तिमा **नेपालेश्वर** भन्ने पदवी भएकोले त्यसकै उल्था गरेको हो, किटेर भन्न सकिँदैन । यही प्रसङ्गमा यस विषयमा केही कुरा खोतल्नुपरेको छ ।

३ शहरमा अलग अलग राज्य खडा भएपछि भक्तपुरका राजाहरूको प्रशस्तिबाट उनीहरू कहाँका राजा हुन् भन्ने कुरा प्रायः नखुल्ने[२८] भए पनि पछिल्ला ३ जना राजाको प्रशस्तिमा **नेपालका राजा** भनी

२१. दिनेशराज पन्त २०४५:७६२, ७६६, ७७६ ।

२२. उही:७६२, ७७६, ७८० ।

२३. उही:७६२, ७६८, ७८० ।

२४. उही:७७७, ७७९ ।

२५. ठूलो काव्य लेख्ने उदयानन्द अर्ज्याललाई ज्ञानमणि नेपालले महाकवि भनी लेखेकाले त्यही विशेषण मैले पनि लगाएको हुँ । उदयानन्द अर्ज्यालको विषयमा ज्ञानमणि नेपाल २०३९:७१-८५, २०३९ क:७-४५, २०४०:१२-२०, २०४८:१००-११४, २०५७, २०५९:२९-३४ हेर्नू ।

२६. दिनेशराज पन्त २०४३:५५७ ।

२७. श्री ३ जुद्धशमशेरले भक्तपुरमा राखेको एउटा अभिलेखमा भक्तपुरका राजा जितामित्र मल्ल र भूपतीन्द्र मल्ललाई **नेपाली राजा** भनी सम्झेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।[1]

२८. आफू नेपालको राजा भएको कुरा भक्तपुरे राजाहरूका आफ्नै वा उनका पालाका लेखबाट कहिलेकहीँ झल्कन्छ –
ने.सं. ६९२ (वि.सं. १६२९) ज्येष्ठशुक्लषष्ठीको शिलापत्रमा त्रैलोक्य मल्ललाई **नेपालक्षितिपालमौलिमुकुटालंकारहीराङ्कुर** भन्ने विशेषण लगाइएको छ ।[2] ने.सं. ७५९ (वि.सं. १६९५) माघशुक्लचतुर्थीको सुवर्णपत्रमा नरेश

१. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९ ख:७-८ = *भक्तपुर सुनढोकाको अभिलेखका* ३-५ पङ्क्ति ।

२. महेशराज पन्त २०६०:४३-४५ = ४ सङ्ख्यामा मूलका ८-९ पङ्क्ति ।

झल्काउने शब्द कहिलेकहीँ भेटिन्छ।[२९] भिन्नै पाटन राज्य खडा गर्ने विष्णुसिंहको प्रशस्तिमा आफूलाई

मल्लको प्रशस्तिमा **नेपालमण्डलेश्वर** भन्ने विशेषण लगाइएको छ।[३] ने.सं. ७६७ (वि.सं. १७०४) वैशाख-शुक्लद्वितीयाको ताम्रपत्रमा जगत्प्रकाश मल्लको नाउँमा **नेपालमण्डलया शिरोमणि** भन्ने विशेषण लगाइएको छ।[४] ने.सं. ७८२ (वि.सं. १७१८) मार्गशुक्लषष्ठीको शिलापत्रमा पद्यमा जगत्प्रकाश मल्लको वर्णन गर्दा **नेपालेश** भन्ने विशेषण जोडिएको छ।[५] ने.सं. ७९४ (वि.सं. १७३०) पौषकृष्णपञ्चमीको अभिलेखमा पद्यमा जितामित्र मल्लको वयानमा **नराधिराज, धर्मस्वरूप, नृपराजसिंहसँगै नेपालभूपाल** भन्ने विशेषण पनि लगाइएको छ[६] र वि.सं. १७३४ भाद्रशुक्लद्वितीयाको अभिलेखमा पद्यमा उनको बयान गर्दा **नेपालेश्वरभूपकेशरिजितामित्रेण** लेखिएको छ[७]। वि.सं. १७६३ ज्येष्ठकृष्णचतुर्थीउप्रान्त पञ्चमीको सुवर्णपत्रमा पद्यमा भूपतीन्द्र मल्लको बयान गर्दा **नेपालेश्वरभूपतीन्द्रनृपति** लेखिएको छ।[८]

२९. जितामित्र मल्लकोमा –

ने.सं. ८१२ (वि.सं. १७४८) फाल्गुनकृष्णप्रतिपद्राको दानपत्रमा **नेपालेश्वर**।[९]

भूपतीन्द्र मल्लकोमा –

ने.सं. ८१८ (वि.सं. १७५५)[१०] फाल्गुनशुक्लनवमीको शिलापत्रमा **नेपालचक्रवर्त्ती**।[११]

पाटनका राजा योगनरेन्द्र मल्लले भूपतीन्द्र मल्ललाई लेखिदिएको, ने.सं. ८२२ (वि.सं. १७५८) मार्गकृष्णनवमी (पौष १३ गते)[१२]को ताम्रपत्रमा **नेपालमण्डलाधीश्वर**।[१३]

ने.सं. ८२५ (वि.सं. १७६२) ज्येष्ठशुक्लद्वितीयाको, घण्टासम्वन्धी अभिलेखमा **नेपालमण्डलाखण्डल**।[१४]

---

३. पुरूषोत्तमलोचन श्रेष्ठ २०५७:२८-२९।

४. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० क:८ = *नाला भगवतीस्थानको जगत्प्रकाश मल्लको पालाको अभिलेख*का २-३ पङ्क्ति।

५. भोलानाथ पौडेल २०२२ क:४४।

६. डिल्लीरमण रेग्मी २०२३:१६१-१६२ = ७३ सङ्ख्यामा मूलका ३-४ पङ्क्ति।

७. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९ क:२४-२५ = *कुमारीचोकको जितामित्र मल्लको अभिलेख*को २ पङ्क्ति।

८. लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०१२:२-३ मा मूलको ७ पङ्क्ति।

९. महेशराज पन्त २०६२ क:२४-२६ = ५ सङ्ख्या। खुलाएर भन्दा यस नकलपत्रमा **नेपालेश्वर** नभई **नेपालयेश्वर** छ।

१०. मूलमा ने.सं. ८१८, कलिगत संवत् ४७९९, वि.सं. १७९९.र शाके १६२० गरी ४ थरी संवत् दिइएको छ। यस विषयमा महेशराज पन्त २०६३:८-९ मा २ उपटिप्पणीको ① टिप्पणी हेर्नू।

११. नयनाथ पौडेल २०१८:६-१० = *मालतीचोकको अभिलेख*का १०-१३ पङ्क्ति ।

१२. दिनेशराज पन्त २०४५:७२७।

१३. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० क:११ = *तलेजुचोकको योगनरेन्द्र मल्ल र भूपतीन्द्र मल्लको अभिलेख*का २-४ पङ्क्ति।

१४. लक्ष्मण सत्याल र अक्रूर कुंइकेल २०१२ क:५।

वि.सं. १७६३ ज्येष्ठकृष्णचतुर्थीउप्रान्त पञ्चमीको सुवर्णपत्रमा,[१] वि.सं. १७६४ माघकृष्णनवमीको अभिलेखमा[२] र ने.सं. ८४३ (वि.सं. १७८०) आषाढशुक्लचतुर्थीको दिन लेखिसिद्धिचाइएको *विद्याविलापनाटक*मा[३] **नेपालमहीमण्डलाखण्डल** ।

गोरखाका राजा नरभूपाल शाहले भूपतीन्द्र मल्ललाई लेखेको पत्रमा **नेपालेश्वर** ।[४]

अकबर थापाले भूपतीन्द्र मल्ललाई लेखेका पत्रमा **नेपालभूमण्डलाखण्डल** ।[५]

रणजित् मल्लकोमा –

ने.सं. ८५१ (वि.सं. १७८७) माघकृष्णद्वितीयाउप्रान्त तृतीया (फाल्गुन १७ गते)[६]को ताम्रपत्रमा,[७] ने.सं. ८५१ (वि.सं. १७८८) भाद्रशुक्लएकादशीको लिखतपत्रमा,[८] ने.सं. ८६० (वि.सं. १७९७) वैशाखकृष्णप्रतिपदाका ताम्रपत्रमा,[९] ने.सं. ८६० (वि.सं. १७९७) वैशाखकृष्णचतुर्थीका ताम्रपत्रमा,[१०] ने.सं. ८७४ (वि.सं. १८१०) पौषकृष्णषष्ठीको सुवर्णपत्रमा,[११] शाके १६६७ (वि.सं. १८०२) फाल्गुनकृष्णत्रयोदशीको लिखतपत्रमा[१२] र ने.सं. ८७७ (वि.सं. १८१३) पौषपूर्णिमाको[१३] ताम्रपत्रमा[१४] **नेपालभूमण्डलाखण्डल** ।

---

१. उही २०१२:२-३ मा मूलका ११-१६ पङ्क्ति ।
२. नयनाथ पौडेल २०१८:१२-१३ = *डोलेश्वरको अभिलेख*का ७-११ पङ्क्ति ।
३. वीरपुस्तकालय २०१९:६६ ।
४. दिनेशराज पन्त २०४५:७३९ = ६५ सङ्ख्यामा मूलका १-५ पङ्क्ति ।
५. उही:७४१ र ७४४ = ६६ सङ्ख्या र ६८ सङ्ख्यामा मूलका १-४ पङ्क्ति ।
६. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:११९ ।
७. उही:५२ मा मूलका २-३ पङ्क्ति ।
८. महेशराज पन्त २०५५:४१-४२ मा मूलका १-३ पङ्क्ति ।
९. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० क:१५ = *चोपुर गणेशस्थानको रणजित् मल्लको अभिलेख*का २-५ पङ्क्ति । डिल्लीरमण रेग्मी २०२३:२९८-२९९ = १४३ सङ्ख्यामा मूलका २-५ पङ्क्ति ।
१०. यी ताम्रपत्र *पूर्णिमा* १२७ पूर्णाङ्कमा छापिनेछन् ।
११. ऐश्वर्यधर शर्मा २०१०:७३ ।
१२. शङ्करमान राजवंशी २०१६:३३-३४ = २० सङ्ख्यामा मूलका १-३ पङ्क्ति ।
१३. यस ताम्रपत्रको पाठमा उठानमा **श्री शाके १६७२ पौखमासे शुक्लपक्षे पूर्णमास्यान्तिथौ** (*ताम्रपत्र* २०५०:२३) र अन्त्यमा **सम्वत् ८७७ पौष शुदि १५** (उही:२४) छापिएको छ । चैत्रादि शाके र ने.सं.को अन्तर पौष महीनामा ८०१ हुने, यहाँ भने त्यो अन्तर (१६७२-८७७ =) ७९५ भएकोले यस ताम्रपत्रमा दिइएको शाके वा ने.सं.को अङ्क बिग्रिएको छ भनी भनिरहनुपर्दैन । यो ताम्रपत्र प्रस्तुत गर्नेले आफ्नो तर्फबाट यस ताम्रपत्रको संवत्को विषयमा **मिति– शाके १६८५ आश्विन शुदि १०** (वि. १८२०) (उही:२३) भनी लेखेका छन् । यस ताम्रपत्रमै **श्री शाके १६७२ पौखमासे शुक्लपक्षे पूर्णमास्यान्तिथौ** भनी मिति दिइएकोले **शाके १६८५ आश्विन शुदि १०** कसरी आयो । ने.सं. जस्तै कलिगत संवत्, वि.सं. र शाके पनि यसताका भक्तपुरमा कार्तिकादि पनि चलेको अरू प्रमाण पाइएकोले* यस ताम्रपत्रको ने.सं.अनुसार परिवर्तन गर्दा कार्तिकादि शाके १६७९ र चैत्रादि शाके १६७८ हुने भएकोले शाकेको छापिएको पाठमा एकस्थानी अङ्कमा अशुद्धि भएको जस्तो लाग्छ ।

---

* महेशराज पन्त २०६३:८-९ मा २ उपटिप्पणीको ① टिप्पणी ।

माणिगलाधिपति[३०] र काठमाडौंका राजाहरूमध्ये[३१] प्रताप मल्लदेखिका प्रशस्तिमा **नेपालेश्वर**[३२] लेख्ने गरेको

ने.सं. ८५१ (वि.सं. १७८८) चैत्रकृष्णएकादशी (वैशाख २३ गते)को[१४] ताम्रपत्रमा **नेपालमहीमण्डलाखण्डल**।[१५]
ने.सं. ८५७ (वि.सं. १७९३) पौषकृष्णप्रतिपदाको अभिलेखमा **नेपालाधीश्वर**।[१७]
ने.सं. ८५९ (वि.सं. १७९५) कार्तिककृष्णप्रतिपदाको ताम्रपत्रमा **नेपालेश्वर**।[१८]

३०. उदाहरणको लागि ने.सं. ६७७ (वि.सं. १६१३) मार्गकृष्णद्वादशीको लिखतपत्रमा **श्रीमनिगलदक्षिणस्थ श्रीज्येष्ठविहारयंकलि महापात्र श्रीमनिगलाधिपति श्रीश्रीविष्णुसिंहदेव ठाकुरसन**[१९] र खण्डित लिखतपत्रमा **श्रीमाणीगलाऽधिपति ॥ श्रीजयवि(ष्णु)सिंह देव ठाकुरस**।[२०]

ने.सं. ६७२ (वि.सं. १६०८) कार्तिकशुक्लसप्तमीको दिन सारिसिद्धयाइएको, केसरपुस्तकालयको ६२ सङ्ख्याको लेखोट पुस्तक *सर्वार्थचिन्तामणि*मा विष्णुसिंहलाई **माणिगलेश** भनिएको छ –

श्रीमान् माणिगलेश एष भुवने सर्व्वार्थचिन्तामणिः
सर्व्वान् वैरिगणान् प्रतापदहनैः संदह्यते सर्व्वदा ।
धन्योसौ ललितापुरे नृपवरः सिंहः स एको नृणां
जीयाच्छ्रीजयविष्णुसिंह इति यः सन्नीतिरत्नाकरः ॥
तद्विजय(राज्ये)
दश्वशैलरसे वर्षे कार्तिके शितसप्तमी ।
वृद्धियोगे हरीऋक्षे संपूर्ण बुद्धवासरे ॥

ने.सं. ६८९ (वि.सं. १६२६) ज्येष्ठशुक्लअष्टमीको अभिलेखमा पद्यमा विष्णुसिंहको नाउँमा **नेपालैकशिरोमणि**,[२१]
ने.सं. ७६७ (वि.सं. १७०४) वैशाखकृष्णपञ्चमीको अभिलेखमा पद्यमा सिद्धिनरसिंह मल्लको नाउँमा **नेपालाचल-**

---

१४. *ताम्रपत्र* २०५०:२३-२४ = *रणजीत मल्लले चक्रपाणि उपाध्याय अर्याललाई विष्णु देवता को लागि जग्गा दिएको*।*
१५. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:११९ ।
१६. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० कः१४ = *तलेजुचोकको* [...] *रणजित् मल्लको अभिलेख*का १-४ पङ्क्ति ।
१७. नरहरिनाथ २०१२:६३ ।
१८. डिल्लीरमण रेग्मी २०२३:२९७ = १४१ सङ्ख्यामा मूलका १-३ पङ्क्ति ।
१९. धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:मूलभाग १२ ।
२०. महेशराज पन्त २०५७:४२-४३ = २ सङ्ख्यामा मूलको १ पङ्क्ति ।
२१. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:४-६ = *म्यूजियमको उद्धवसिंहको अभिलेख*का ८-९ पङ्क्ति ।

---

* यस ताम्रपत्रमा आज्याल **श्री चक्रपानि उपाध्या नाम्ने प्रसादीकृतं यथा चात्राघातपरिवेष्ठितां भूमिं विष्णु देवतां संप्रदत्तं** (*ताम्रपत्र* २०५०:२३) लेखिएकोले गाईलाई **रुद्रदैवत** र सुनलाई **अग्निदैवत** माने जस्तै भूमिलाई **विष्णुदैवत**✿ मात्रै चलन भएकोले चक्रपाणि अर्ज्याललाई विष्णुदेवताको लागि जग्गा दिएको नभई जग्गालाई विष्णुदेवता मानी दिएको हो। यस कुराको पुष्टिको लागि रणजित् मल्लकै अर्को लिखतपत्रमा आएको **आत्रियगोत्रश्रीरामानन्दजैसिनाम्ने विष्णुदैवता भूमि संप्रदत्ता** (महेशराज पन्त २०५५:४१-४२ = ३-४ पङ्क्ति)लाई औंल्याउन सकिन्छ।

✿ द्रव्यदेवताको विषयमा बुझ्न *संस्कारदीपक* (६-७ पृष्ठ) वा *शिखरनाथ-भाष्य* (४५६-४७५) जस्ता पुस्तक हेर्नू ।

देखिएको छ र दिनेशराज पन्तको शब्दमा भन्दा **धेरैजसो यो काठमाडौँका राजाको पेवाको रूपमा रह्यो**।[३३]

नाकपृष्ठदिविषद्वृक्ष[१] र भक्तपुरका राजा जगत्प्रकाश मल्ल (जन्म– ने.सं. ७५९ (वि.सं. १६९५) कार्तिककृष्णचतुर्दशीउप्रान्त अमावास्या (मार्ग २६ गते),[२] मृत्यु – ने.सं. ७९३ (वि.सं. १७२९) मार्गकृष्णचतुर्थीउप्रान्त पञ्चमी (मार्ग २९ गते)[३])को नाउँमा दरिएको *पारिजातहरणनाटक*मा श्रीनिवास मल्लको नाउँमा **समस्तनेपालिको अधिपति**[४] भन्ने विशेषण लगाइएको छ।

३१. ने.सं. ६३२ (वि.सं. १५६९) आषाढकृष्णचतुर्दशीउप्रान्त अमावास्याको सुवर्णपत्रमा रत्न मल्लको प्रशस्तिमा **नेपालाधिराजेश्वर**[५] र ने.सं. ६३५ (वि.सं. १५७२) आषाढकृष्णचतुर्दशीको अभिलेखमा उनकै प्रशस्तिमा **नेपालाधिपति**।[६]

ने.सं. ६६६ (वि.सं. १६०३) भाद्रशुक्लषष्ठी (आश्विन २ गते)को शिलालेखमा नरेन्द्र मल्लको प्रशस्तिमा **नेपालमण्डलेश्वर**।[७]

ने.सं. ७५९ (वि.सं. १६९६) ज्येष्ठपूर्णिमाको शिलालेखमा लक्ष्मीनरसिंह मल्लको प्रशस्तिमा **नेपालाधिप**।[८]

३२. **नेपालेश्वर** भन्ने विशेषण प्रताप मल्लको प्रशस्तिमा पहिलोपल्ट ने.सं. ७६६ (वि.सं. १७०२) माघकृष्णचतुर्दशीको शिलापत्रमा आउँछ।[९] प्रताप मल्लको ने.सं. ७७५ (वि.सं. १७१२) आषाढशुक्लसप्तमीको शिलापत्रमा उनको प्रशस्तिमा **नेपालमहीमण्डलाखण्डल**[१०] र त्यही मितिको अर्को शिलापत्रमा पद्यमा उनको बयानमा **नेपालनरपति**[११] भन्ने विशेषण लगाइएको छ। उनका आफ्नै अभिलेखमा उनको प्रशस्तिमा **नेपालेश्वर** भन्ने विशेषण पहिलोपटक ने.सं. ७७५ (वि.सं. १७१२) आषाढशुक्लनवमीकोमा देखिन्छ।[१२]

३३. दिनेशराज पन्त २०४३:५५७।

---

१. धनवज्र वज्राचार्य २०५६:९६ = ५३ सङ्ख्यामा मूलका ६-७ पङ्क्ति। **नेपालाचल**° हुनुपर्नेमा त्यहाँ प्रूफको गल्तीले **नेपालचल**° छापिएको छ। यस्ता गल्ती यस पुस्तकमा बग्रेल्ती छन्। धनवज्र वज्राचार्य परलोक भइसकेपछि छापिएको यस पुस्तकको तह यति तल्लो तहको छ कि उनी बाँचेकै वेलामा छापिएका पुस्तकसँग दाँज्दा यो पुस्तक उनकै हो भनी मान्न पनि गाह्रो छ। यस विषयमा अलिकति महेशराज पन्त २०५८:६९-७० मा २८ सङ्ख्याको टिप्पणीमा लेखिएको छ।

२. भोलानाथ पौडेल २०२२:३०-३१।

३. उही:३७।

४. **अलमतिविस्तरेण ॥ ॥ समस्तनेपालिको अधिपति ॱ महाराजाधिराज ॱ श्रीश्रीश्रीनिवासमल्लको ॱ परमेश्वरीको ॱ यात्रामहोत्सवमे अनेक देशसौं आएहो ॱ मेरी कछु विनती सुनिए। [...]**
सूत्र ॱ मनुवंशकृतावतार ॱ महाराजाधिराज ॱ श्रीश्रीनरेशमल्लहृदयनंदन ॱ महाकवि ॱ श्रीश्रीजयजगत्प्रकाशमल्लदेवको कियो ग्रंथ पारिजातहरणनामनाटक हजुतो नाचसो ॱ सभासद रिझै हो.
(वीरपुस्तकालय (राष्ट्रिय अभिलेखालय) पहिलो ४२० नं. को *पारिजातहरणनाटक*बाट। धनवज्र वज्राचार्यको हस्ताक्षरमा सारिएको यो अंश संशोधन-मण्डलको सङ्ग्रहमा छ।)

५. नरहरिनाथ २०१०:८-९ = ६ सङ्ख्या।

६. धनवज्र वज्राचार्य २०५६:१ = १ सङ्ख्यामा मूलका ६-८ पङ्क्ति।

७. शङ्करमान राजवंशी २०२१:३२।

८. उही २०२७:६५ = ८९ सङ्ख्या।

९. उही:६८-६९ = ९४ सङ्ख्या।

१०. गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८:११-१३ = *साँखु वज्रयोगिनीको अभिलेख* (पहिलो शिलापत्र)का २१-२२ पङ्क्ति।

११. उही:१५-१६ = *काठमाडौं भीमसेनस्थानको अभिलेख*को ४४ पङ्क्ति।

१२. उही:१७-१८ = *स्वयम्भू अनन्तपुरको अभिलेख*का २३-३३ पङ्क्ति।

आफ्ना गोतिया, भक्तपुरका राजा जगत्प्रकाश मल्ल ने.सं. ७९३ (वि.सं. १७२९) मार्गकृष्णचतुर्थीउप्रान्त पञ्चमी (मार्ग २९ गते)को दिन र आफ्ना जेठा बाबुका छोरा, काठमाडौँका राजा, दाजु प्रताप मल्ल ने.सं. ७९४ (वि.सं. १७३१) चैत्रशुक्लएकादशीउप्रान्त द्वादशीको दिन (वैशाख ९ गते)[३४] परलोक भएपछि माणिग्लाधिपति श्रीनिवास मल्लको प्रभाव निकै बढ्यो र उनी भक्तपुर राज्य र कान्तिपुर राज्यको राजनीतिमा चलखेल गर्न थाले। उनको दबदबा कान्तिपुर र भक्तपुर राज्यमा मात्र नभई मकवानपुर राज्यमा पनि बढ्न गई यिनी **मण्डलनाभि** हुन गए।[३५] यसैले ने.सं. ७९६ (वि.सं. १७३३) वैशाखकृष्णत्रयोदशीको एउटा लेखमा यस्तो

भक्त्या काष्ठपमंडपस्य नृपतिं योऽस्थापयत्सानुजं
भक्तग्राममहीपतिं च कृपया योऽपालयत्सानुजं।
योऽरक्षच्च महाकुमारनृपतिं यं पर्वताधीश्वरं
नेपालाधिपतीश्वरः स शुशुभे श्रीश्रीनिवासः प्रभुः॥[३६]

(जसले [श्रीनिवास मल्लले] काठमाडौँका भाइसमेतका राजालाई भक्तिपूर्वक अडयाउनुभयो। जसले [श्रीनिवास मल्लले] भादगाउँका भाइसमेतका राजालाई दयापूर्वक पालना गर्नुभयो। जसले [श्रीनिवास मल्लले] पर्वतका मालिक जुन राजा महाकुमारको रक्षा गर्नुभयो। नेपालका राजाहरूका मालिक त्यस्ता प्रभु श्रीश्रीनिवास (मल्ल) सुहाउनुहुन्छ।)[३७]

लेखियो र ने.सं. ८०१ (वि.सं. १७३७) मार्गशुक्लषष्ठीको शिलापत्रमा यस्तो

श्रीमाणिग्लाधिपति महाराजाधिराज श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुलसन स्व नगरं छगुल जुयाव नेपालेश्वर जुयाव विजयराज्य याङ बिज्याक, थथिं अवसरस[३८]

(श्रीमाणिग्ल (ललितपुर)का मालिक, महाराजाधिराज, श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुरले तीनै शहर एक भएका (परस्परमा मिलेर बसेका) हुनाले नेपालेश्वर भईकन राज्य गरिरहनुभएको अवसरमा)[३९]

लेखियो।

---

३४. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१:११३-११४।

३५. धनवज्र वज्राचार्य २०२२:२५-२८।
उही २०२६:४३-४६।
महेशराज पन्त २०३५:२७-२९।

३६. महेशराज पन्त २०३५:२४।

३७. उही:२७-२८।

३८. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:१८-१९ = *मङ्गलबजार भीमसेन-मन्दिरको अभिलेखका* ८-९ पङ्क्ति।

३९. धनवज्र वज्राचार्य २०२२:२६।

श्रीनिवास मल्लको ने.सं. ७८६ (वि.सं. १७२२/२३)को टकमै उनको नाउँमा **नेपालेश्वर** पदवी जोडिएको भए पनि[४०] उनको प्रशस्तिमा चाहिँ ने.सं. ७९६ (वि.सं. १७३२) यताका शिलालेखमा मात्र त्यो पदवी जोडिएको देखिएको छ[४१]।

नेपालका राजा भनी बुझाउने शब्द श्रीनिवास मल्लका छोरा योगनरेन्द्र मल्लका कुनै कुनै टकमा,[४२] कुनै कुनै अभिलेखमा दिइएका प्रशस्तिमा[४३] र अन्यत्र[४४] भए पनि उनीपछिका पाटनका राजाहरूमा त्यो पदवी

४०. सत्यमोहन जोशी २०१९:९६-९७ ।

४१. ने.सं. ७९६ (वि.सं. १७३२) कार्तिकशुक्लप्रतिपदाको,[१] त्यही साल कार्तिकपूर्णिमाको[२] र ने.सं. ८०१ (वि.सं. १७३७) मार्गकृष्णचतुर्थीको शिलालेखमा **नेपालेश्वर**[३]।[४]

४२. ने.सं. ८०५ (वि.सं. १७४१)[५] र ने.सं. ८२० (१७५६/५७) का टकमा **श्रीनेपालचूडामणि**[६]।

४३. ने.सं. ८१८ (वि.सं. १७५४) माघपूर्णिमाको सुवर्णपत्रमा[७] र योगनरेन्द्र मल्लले भक्तपुरका राजा भूपतीन्द्र मल्ललाई लेखिदिएको, ने.सं. ८२२ (वि.सं. १७५८) मार्गकृष्णनवमी (पौष १३ गते)को ताम्रपत्रमा[८] **नेपाल-चूडामणि** ।

ने.सं. ८१९ (वि.सं. १७५५) माघशुक्लत्रयोदशीको शिलापत्रमा **नेपालेश्वर**[९]।

४४. ने.सं. ८०५ (वि.सं. १७४१) पौषकृष्णपञ्चमीको दिन भएको, योगनरेन्द्र मल्लको राजाभिषेकको तात्कालिक बयानमा **नेपालचूडामणि** ।[१०]

१. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:१३ = *भण्डारखालको अभिलेख*को १७ पङ्क्ति ।

२. डिल्लीरमण रेग्मी २०२३:१६८-१७० = ७८ सङ्ख्यामा मूलका १-३ पङ्क्ति ।

३. धनवज्र वज्राचार्य २०५६:२०६-२०७ = १४४ सङ्ख्यामा मूलका ३-४ पङ्क्ति ।

४. ने.सं. ७९८ (वि.सं. १७३४) माघशुक्लषष्ठी,① ने.सं. ७९९ (वि.सं. १७३५) कार्तिककृष्णनवमी,② ने.सं. ८०० (वि.सं. १७३७) आश्विनपूर्णिमा③ र ने.सं. ८०३ (वि.सं. १७३९) माघपूर्णिमाका अभिलेखमा④ श्रीनिवास मल्लको प्रशस्तिमा **नेपालेश्वर** नभई पुरानै **माणिग्लाधिपति** छ। ने.सं. ८०० (वि.सं. १७३६) कार्तिककृष्णपञ्चमीको अभिलेखमा भने उनका प्रशस्तिमा **नेपालेश्वर** र **माणिग्लाधिपति** दुवै विशेषण जोडिएका छन् ।⑤

५. सत्यमोहन जोशी २०१९:९९-१००।

६. उहीः९८।

७. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९ कः२९-३० = *तलेजुचोकको योगनरेन्द्र मल्लको अभिलेख*को ४ पङ्क्ति ।

८. उही २०२० कः११ = *तलेजुचोकको योगनरेन्द्र मल्ल र भूपतीन्द्र मल्लको अभिलेख*का ४-६ पङ्क्ति ।

९. छत्रबहादुर कायस्थ २०५३:८५ मा मूलका ६-७ पङ्क्ति ।

१०. धनवज्र वज्राचार्य २०२३:२१ ।

① रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९:१४-१५ = *मङ्गलबजार भाइदेवलको अभिलेख*का १३-१४ पङ्क्ति ।

② धनवज्र वज्राचार्य २०५६:२०१-२०२ = १३९ सङ्ख्यामा मूलका २-३ पङ्क्ति ।

③ उहीः२०८ = १४५ सङ्ख्यामा मूलका ६-७ पङ्क्ति ।

④ उही २०२०:१३ = *फर्पिङको श्रीनिवास मल्लका मन्त्री भगीरथ भैयाको अभिलेख*का ७-८ पङ्क्ति ।

⑤ धनवज्र वज्राचार्य २०५६:२१४ = १४७ सङ्ख्यामा मूलका ९-१० पङ्क्ति ।

लिने आकलझुकल मात्र देखिन्छन्[४५] ।

मूलपाठ

श्री ५ सर्कारतर्फ गुठीलगत्‌जाचअदाबाट गरेको फैसला

हाकिम् मुषीया वटुकनाथ उपाध्या — १

तहरिर मुषीया सत्यलाल् श्रेष्ठ — १

विचारी इस्वरीप्रसाड उपाध्या — १

३

१. उप्रात हाम्रा पुर्षा ससीगोवरधन्‌लाई पाटने राजाको चाकरी गऱ्यो भनि नेपालि राजा
२. भास्कर मल्लले ढोकाढल्‌मा हातिले कुल्चाई मार्दा निज वायु जागी राजालाई दुष दी-
३. दा वायुगुठीलाई भनि चागु महाकाल् षेत रोपनि ५५ र डाडाकतेरी सीउपुरी र सो वायुला-
४. ई दोकोबोको गरी षानु भनी ३ गाउ भोते र रानीपोषरीका दील्मा सेतो हातिस्मेत् स्थाप-
५. ना गरी तावापत्र गरीदीयेको थियो वायुगुठी चलाई षाईआयेको थियो सोही महाकाल् षे-
६. त रोपनि ५५ मध्ये हाम्रा भागमा पऱ्याको रोपनि २० पुर्षालाई गर्ज पर्न गयो र रामनाथ प्या-
७. कुऱ्याल्‌लाई मोहरु १८८४ मा बन्धक दी निजले पनि सो जगा थामन नसकी कर्णैल्
८. ललितजङ्गलाई लषबन्धक दी साबीक कुत् धान् मुरी २५ गहु मुरी १५ नीजका तहबील्‌मा
९. बुझाई वायुगुठी चलाई षाई आयेको थियो पछी गोकर्णैत् बस्न्या मुगतीनाथ दीट्टा साप-

---

थानकोटको एउटा अभिलेखमा **नेपालभूपाधिप**।[११]

४५. राजा विष्णु मल्लको विवाहको लागि तयार गरिएको गोत्रोच्चारमा उनको नाउँमा **नेपालभूमण्डलालंकरणभूत** भन्ने विशेषण पनि जोडिएको छ ।[१२] ने.सं. ८५२ (वि.सं. १७८९) ज्येष्ठशुक्लपञ्चमीको शिलापत्रमा उनको प्रशस्तिमा **माणिग्लाधिपति** र **नेपालेश्वर** दुवै[१३] र त्यही साल श्रावणकृष्णसप्तमीको ताम्रपत्रमा चाहिँ **नेपालेश्वर** मात्र[१४] ।

ने.सं. ८७४ (वि.सं. १८११) चैत्रकृष्णपञ्चमीको ताम्रपत्रमा राज्यप्रकाश मल्लको प्रशस्तिमा **नेपालेश्वर** ।[१५]

---

११. महेशराज पन्त २०६३ ख:१२४ ।

१२. उही २०३८:३६ ।

१३. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०:१६-१९ = *शङ्खमूलको विष्णु मल्लको अभिलेख*का २५-२७ पङ्क्ति ।

१४. डिल्लीरमण रेग्मी २०२३:२९३-२९४ = १४० (क) सङ्ख्यामा मूलका २-३ पङ्क्ति ।

१५. लूछ्याह्मो पेतेक २००९:२२९ = ३७ सङ्ख्यामा मूलका १-४ पङ्क्ति ।
डिल्लीरमण रेग्मी २०२३:३०६-३०७ = १४९ सङ्ख्यामा पूर्वसूरिको नामै नलिईकन यो ताम्रपत्र फेरि छापिएको छ । यस ताम्रपत्रमा राज्यप्रकाश मल्लको प्रशस्तिमा माणिग्लाधिपति छैन । काठमाडौँका राजा जगज्जय मल्लका छोरा यिनी भएकाले यिनले आफ्नो प्रशस्तिमा **नेपालेश्वर** हालेको हुनु धेरै सम्भव छ ।

१०. कोटाले म जिम्मावाल् भै आयाको छु भनि ४३ साल्का बालीलाई नीज दीट्ठाले पजनि ग-
११. रीदीयो र सो मुडा इताचपलिमा वादी प्रत्येवादी पर्दा जालसाज गरी पहेलो धान् लुती
१२. षाई मोहीस्मेत् अर्कै षडा गरी सो मुदास्मेत् फैसला गरी सो जगा श्रीजनरल चक्रसम्सेर
१३. साहेबका कुलिषानी गुठीमा दरीयेछ र सो ठाहा पाई सर्कारमा बीतिपत्र ५।७ दीदा सडर को-
१४. तवालि ठानाबाट ,रामनाथ प्याकुर्‍याल् कर्णेल् ललितजङ्ग साहेबकाहा बुझ्दा बन्धकै
१५. हो भन्या लिषत्स्मेत भयाकोमा नीज दीट्ठाले जाल्साज गरी सो कागजपत्रस्मेत् ज-
१६. त्रतत्र पारी म अनाथ ब्राह्मनीलाई जगाको गास्वाशस्मेत् उठाई दुष दीडा चीत्त न-
१७. बुझि सर्कारमा जाहेर गर्न आयाको छु श्रीजनरल चक्रसम्सेरबाट लेषीयाको बेहोरा सीम
१८. षेत रोपनी ५५ को गुठी तावापत्रको जगा षेत रोपनी ३५ अरु भाईहरुले गुठी चलायाको छदै-
१९. छ पला राजगुठी जगा गुठीयारले बेचन र कींनेले पनि कीनमेल् गर्न नहुने फार्छा गर्न नहुने
२०. जगा फार्छा गर्‍याको भान् पारी श्रीजनरल चक्रसम्सेर साहेबका गुठीमा दराईदीदा हाम्रो
२१. वायुगुठी नै नचलने गराई वासगाश हरीनुपर्न्या होइन श्रीसाहेबका तावापत्र बुझि वा-
२२. युगुठी अडकेको हुनाले सो गुठीको जगा यसै नाउमा दीलाईदीनु भन्या प्रमागी पाउ भन्ये-
२३. स्मेत् बेहोराको बीतिपत्र चढाउन्दा बुझि अैनसवाल्बमोर्जी ठहराई जाहेर गर्नु भन्या
२४. प्र.स्मेतको बीतिपत्र अन्नपुर्ना ब्राह्मनिको रहेछ ———— ————————

२५. हाम्रा पुर्षा ससीगोवरधंलाई हातिले मीचाई मार्दा वायु जागी राजालाई दुष दीडा नी-
२६. ज राजाले तावापत्र गरी हाम्रा पुर्षा ससीगोवरधं निजकी ब्राह्मनि तुलसाका नाउमा
२७. नेपाली राजा भास्कर मल्लले चागु महांकाल् षेत रोपनि ५५ गुठी राषीबक्सेको यो साल
२८. भन्ये समझना छैन रोपनि ५५ मध्ये हाम्रा पुर्षाका भागमा पर्‍याको रोपनि २० प्यूषातोल्
२९. बस्ने रामनाथ प्याकुर्‍याल्लाई मोरु १८८४ मा बंधक दी कुत धान् मुरी २५ गहु मुरी ११५
३०. बुझाई षाईयेको थीयो बाकी रोपनि ३५ ले चीत्रलाल् चन्द्रडडहरुले वायुगुठी चलाई
३१. आजसम्म षाईआयाको छ सो षेत रोपनि २० हाम्रा पुर्षाले रामनाथलाई मोहर १८
३२. ८४ मा बंधक दीयापछि नीज रामनाथले पनि थापाथलिका ललितजङ्गलाई सो(ही)[४६]
३३. मोरु १८८४ मै लषबंधक दीयेपछि नीज ललितजंङ्ग बागीयान् भयापछि सर्कार ला-
३४. ग्दा कुलेषानी सरावर्तगुठीमा डरीन गयाको हुनाले वायुगुठी चलाउनालाई षर्च नपुगे-
३५. को हुनाले सो गुठी चलाउने वर्षको वर्ष फागुणसुदी १५ का दीनमा हाम्रा दाज्यूभा-

४६. मूलमा च्यातिई नष्ट भएको अंश प्रसङ्गानुरोधले यस्तो ( ) कोष्ठभित्र पढिएको छ ।

ई सबै मीलि दामासाहीले लागेको रुपैञा राषी गुठी चलाई आयाको छु भन्नेस्मेत बेहोराको अन्नपुर्ना ब्राह्मनिको षोलुवा ज्मान्‌बंदी रहेछ ———— ————

चन्द्रडत सींषडाका नाउको १५ दीने म्याड रहेछ ———— ————

८३५ साल्मा नेपालि राजा भास्कर मल्लले हाम्रा पुर्षा रामेस्वर सिंषडालाई बीर्ता बक्सेको हुनाले महाकाल् भन्ने षेत रोपनि ५५ र डाडाकठेरी भन्ये पाषो जगास्मेत् पुर्षाले षायाबमोजिं आजतक बीर्ता जानी षायाको छौ गुठी होइन बीर्ता हो सो षेतस्मेत हाम्र्या दाज्यूभाईहरुले बंडा गरी षायाका छौ हाम्रा वायुदेवतालाई गुठी छैन कर्णैल् ललितजंङ्गलाई बीक्री गरेको निज मजकुरले आफ्ना गुठीमा घुसाई षायाकोस्मेत् हामीलाई थाहा छैन् चागु अमाल्मा साल्को १ फेरा बडाडसैमा षसीको साफ्रो १ र यक ठेकी दही साबीकदेषि बुझाई आयाकाले हामीले पनि बुझाई आइका छौ भन्नेस्मेत बेहोराको चन्द्रडत्त सींषडाको बयान् रहेछ ———— ————————

पैल्हापतकको तारीष गुज्री थामीपाउ भनि अंन्नपुर्ना ब्राह्मनिले ठादो बिति चढाउन्दा ठामीदीनु भन्या मर्जि भयाको रहेछ ————————

यस अडाबाट पाहाडबन्दोबस्त बीर्ताफाट्लाई लेषेको पुर्जी रहेछ ————————
गोपीकृष्णका नाउको इतलायेनामा रहेछ ————————

यस अडाबाट कुमारीचोक गोस्वारातहबिल्लाई लेषेको पुर्जि रहेछ ————————
ऐ. बाट पाहाडबन्दोबस्त तहबिल्फाट्लाई ऐ. ऐ ———— ————————

सो झगदा परेको महाकाल् भन्ये षेत रोपनि ५५ डाडाकटेरी भन्ये पाषो जगा बीर्ता जानी १२।१५ घर दाज्यूभाइले कमाई षायाको सो जगाको पोता जग्यनारां सींषडाले ५२।५३ साल्मा केही पोता माफी गरी दर्ता गरायाको छ भन्नेस्मेत् बेहोराको चन्द्रडत्त सींषडाको तरतिम्या रहेछ ————————

लोकनाथ सींषडाका नाउको इतलायेनामा रहेछ ————————
गंगा सींषडानी ऐ ऐ ऐ ————————
छायादेवी ऐ ऐ ऐ ————————
जसोदा ऐ ऐ ————————

६१. त्रीलोचन् ऐ ऐ ऐ
६२. देवलाल् ऐ ऐ ऐ
६३. षदानंन्द ऐ ऐ ऐ
६४. हरीकृष्ण ऐ ऐ ऐ
६५. लक्ष्मीपति ऐ ऐ ऐ
६६. धनपति ऐ ऐ ऐ
६७. छवीलाल् ऐ ऐ ऐ
६८. वज्रलाल् ऐ ऐ ऐ

६९. यस अडाबाट ३ सर्कारतर्फ गुठीबन्दोबस्तलाई लेषेको रहेछ

७०. रानीपोषरी पाठ्सालाबाट बुझेको भर्पाई रहेछ

७१. हाम्रा पुर्षा रामेश्वरलाई तावापत्र गरी दीयाको बीर्ताजगा हुनाले बक्सबीर्ता जानी षा-
७२. ई आयाको छौ मेरा भागमा पऱ्याको षेत रोपनि २ बालकृष्ण धीमाल्लाई भोगबं-
७३. धकी दीयेको छ फलकेबाट पाषो आफैले भोगचलं गरेको छ पोता दरीनुपर्ने हो हो-
७४. इन वायुगुठी भन्ये जगा षायाको छैन अंसीयार मिलि वायुपुजा भने गरी आयाको छौ
७५. भन्नेस्मेत् बेहोराको वज्रलाल् सींषडाको बयान् रहेछ

७६. मेरा बाबुका भागमा २ रोपनि षेत र पाषो दीहीमा षेत रोपनि नपरेको हो तापनि मस-
७७. मेत् अंसीयारले ७ भाग गरी षाई भोगचलं गरेको छौ डाडाकतेरी षरकका हकमा संगो-
७८. लैमा चलं गरी आयाका छौ अरु कुरा वज्रलाल्को मीलान् भयाको षडानंन्द सींषडाको
७९. बयान् रहेछ

८०. मेरो बाबुका भागमा षेत ४ रोपनि जति र पाषो ।।· जवा जति परेको हो भन्ने सुनेको हुं
८१. बाबुकै पालादेषि सो जगा काहा गयो कस्ले भोगचलं गरी आयाको छ मलाई थाहा
८२. छैन डाडाकतेरी भंन्ये षर्क वैरान् वनबन्येलो हुनाले चलं गरी आयाको छु अरु कुरा
८३. वज्रलाल्को मीलान् भयाको कृष्णहरी सींषडाको बयान् रहेछ

८४. बाज्येका भागमा पऱ्याको षेत् १ पाषो रोपनि ।।· बाबुबाज्येले नै यसै मुद्दाका षडानन्द सीं-
८५. षडाका बाबुबाज्यालाई कुन् साल् कतिमा हो बीक्री गर्दा नीज षडानन्दहरुले षायाको छ अरु व-
८६. ज्रलाल्का मीलान् भयाको धनपति सींषडाको बयान् रहेछ

डाडाकतेरी भोगचलं गरी आयाका छौ चागु महाकाल् षेत रोपनि ४ परेकाले सोबमोजिं षेत र घडेरीका हक्मा १ रोपनि पाषा घडेरी भोगचलं गरी षाई आयाको छु अरु ऐको मीलान् भयाको लोकनाथ सींषडाको बयान् रहेछ ———————

अंसीयारले भने अबाल्ले षेतपाषा भोगचलं गरी आयाको छं मेरा हकमा भने डाडाकतेरीसम्म भोगचलं गरी आयाको छु षेतका हक्मा रैकर भयाकाले र पाषो भोगै नभयाकाले चलं नभयाको हो अरु कुरा ऐऐको मिलान् भयाको त्रीलोचन् सींषडाको बयान् रहेछ ———————

मेरा षसंमको भागमा पऱ्याको अंसमा अं. माना ।२० का बीउ जाने षेत र घडचारी पाषो १ माना मकैको ब्यू जोतपाषो जगा बीर्ता परी धुरी षडा गरी भोगचलं गरी षसं परलोक भयापछी मैलें लेषीयाबमोर्जी भोगचलं गरी आयाका छौ डाडाकतेरी अंस नभयाको संगोल्को हो भनेस्मेत् बेहोराको ऐ.ऐ. मीलान्को जसोडा सींषडानीको बयान् रहेछ ———————

मेरा बाबा नन्दलाल् सींषडाले आफ्ना भागमा पऱ्याको चागु महाकाल् षेत रोपनि यति भन्ने थाहा छैन अं. धां ३।४ पाठी षेत र ब्यू जाने ।१४ मकैको ब्यू जाने धुरीस्मेत् षडा भयाको डीही जगास्मेत् मलाई दातव्ये गरी दीयाकाले भोगचलं गरी षाई आयाको छौ भनेस्मेत् बेहोराको ऐ.ऐ. मीलान्को छायादेवि फुयाल्नीको बयान् रहेछ ———————

डंडपानी सींषडाका नाउको इतलायेनामा रहेछ ———————

बुद्धिनाथको ऐ ऐ ———————

नारांदत सींषडाको ऐ ऐ ऐ ———————

गुरुप्रसाड ऐ ऐ ऐ ———————

वीष्णुहरी ऐ ऐ ऐ ———————

हाम्रा पुर्षा रामेस्वर ससीगोवरधन्लाई नेपाली राजाले तावापत्र गरी दीयाको चागु महाकाल् षेत रोपनि ५५ मध्ये मेरा भागमा परेको अं. ब्यू पाठी ।१ जाने षेत र घडचेरी पाषो अं. मकैको ब्यू मुठी ।१५ जाने जगा कमायाको छु वर्षको फागुपुर्णेमा वायुको पुजा पनि गरेको छ भोते गाउ ३ बाट बोको १ यक पनि आउन्छ तेही बोको वायुलाई चढाउन्छ डाडाकतेरी स्यूपुरीमा गोठ् राषी दोकोबोको गरी आयाका छौं वायु भयेको गोवरधं तुलसा भन्ने वायु भयेका हुन् हातिले कुलचाई मारेको भन्ने सुनेको छौ अरु कुरा ऐ ऐको मिलान् भयेको गुरुप्रसाड सींषडाको बयां रहेछ ———————

११३. चागु महाकाल् षेत मेरा भागमा पऱ्याको अं. ।।· रोपनि जति कंमाई षाई आयाको छु सो जगा
११४. पोता माफि भयाको छ भनि बाबुबाज्याले भनेकाले सुनेको छु अरु ऐ ऐको मिलान्
११५. भयाको नारांडत्त सींषडाको बयान् रहेछ ————————

११६. यस अडाबाट तीन्धारा पाकसालालाई लेषेको पुर्जि रहेछ ————————

११७. ऐ. बाट कुमारीचोक गोस्वारातहबील्लाई लेषेको ऐ ————————

११८. ऐ. बाट पाहाडबन्दोबस्त तहबील्फाट्लाई ऐ ऐ ————————

११९. ऐ. बाट ३ सर्कार गुठीतहसील्अडालाई ऐ ऐ ————————

१२०. ऐ. बाट रानीपोषरी पाठ्सालालाई ऐ ऐ ————————

१२१. चन्द्रडत्त सींषडाले पेश गरेको तावापत्रको नकल रहेछ ————————

१२२. पोस्तकषानाका कुलमान् गुभाजुले उल्ठा गरी बुझाउन पठायाको तावापत्रको नक-
१२३. ल रहेछ ————————

१२४. बालकृष्ण धिमाल्का नाउको इतलायेनामा ————————

१२५. ऐ.को वारीशनामा रहेछ ————————

१२६. तारानाथ धिमाल्को अषत्यारनामा रहेछ ————————

१२७. सो महाकाल् षेत रोपनि १।। र पाषो दीही रोपनि ।।· ज्मा रोपनि २ ज्मा मोहरु ४६० मा नि-
१२८. ज वज्रलाल् सींषडाको बाबुसंग अं. ३०।३५ वर्ष भो भोग गरी आयाको छु निजले बिर्ता
१२९. भनि बन्धक दीयाको हुनाले बीर्ता जानी भोग गरेको छु सोबाहेक सोही महाकाल् षे-
१३०. त भ्वानीसंषर सींषडासंग षेत्त रोपनि २ ऐ बस्न्या कालु सींषडासंग षेत रोपनि १।।
१३१. स्मेत दुवै कलं गरी ज्मा महाकाल् भन्ने जगा रोपनि ३।। नीजै मेरा बाबुले वर्ष १५।१६
१३२. भो भोगचलं गरी आयाको छु बीर्ताको तावापत्र छ भन्ये सुनेको छु सो षेत रोपनि ५।। को
१३३. कैले दही ठेकी र कैले यक काग्रे केरा र रोपनि १ को मोहरु दुइ पैसा पोताको भनि
१३४. साल्वसाल् चागु महाकालमा बुझाई आयाको छु रसीड भर्पाई लीने गरेको छैन तमसुक-
१३५. को नकल ल्याई दाषील् गर्नेछु धान् मुरी ५।१० सम्म हुन्छ भन्येस्मेत् बेहोराको बालकृ-
१३६. ष्णको वारीश तारानाथ धीमाल्ले गरेको बयान् रहेछ ————————

१३७. नापी मुचुल्का ३ रहेछ ————————

१३८. तारानाथ धिमालले चढायाको प्रस्मेतको बीतिपत्र रहेछ ———

१३९. यस अडाबाट पाहाडबन्दोबस्त लगत्फाट्लाई लेषेको पुर्जि रहेछ ———

१४०. ऐ. अडाबाट पाहाडबन्दोबस्त बीर्ताफाट्लाई ऐ ऐ ———

१४१. पाहाडबन्दोबस्त तहबील्फाट्बाट बुझेको भर्पाई रहेछ ———

१४२. मेरा पुर्षा रामेस्वर जोसीलाई नेपालि राजा भास्कर मल्लबाट बक्स बक्सेको ८३५ साल्
१४३. कातिकबदी ७ रोजमा तावापत्र गरी सो महाकाल् षेत ५५ घडेरी रोपनि ॥· दीही रो-
१४४. पनि ॥· ज्मा रोपनि ५६ को तावापत्र ली बीर्ता लेषाउनु जान्दा यो सनडले हुंदैन की कुस
१४५. भन्या चाहीछ की पोता लाग्छ भनि पोता दरीदीयेन. वायुलाई सुनाई षानु भन्ये दीये-
१४६. को जगा पोता लाग्नुपर्ने होइन मुलुक सरह पोता माफ गरी दर्ता गरीदीनु भन्या
१४७. प्रमागी पाउ भनि बीतिपत्र चढाउन्दा यस्मा तावापत्रस्मेत भै देवप्रीति भयेको हु-
१४८. नाले पोता नलाई अैनसवाल्को रीत पुऱ्याई दरीदीनु भनि भातगाउ पोताबन्दोबस्त
१४९. पैल्हा अडामा पठाईदीनु भन्या श्रीकम्याण्डर इन चीफ जनरल साहेबबाट मर्जि भयेको
१५०. छ भनि ५२ साल् वैसाखबदी १२ रोज १४७ मा पुर्जि भै आयाबमोर्जी गोकर्णथलि चीता-
१५१. थाषामा श्रीवासुदेवस्थापना गरी साल्वसाल् फागुणसुदी १५ रोजमा दाइभाई १०
१५२. जनाले गुठी चलाई महाकाल् षेत रोपनि ५५ दीही रोपनि ॥· घडेरी रोपनि ॥ ज्मा रो-
१५३. पनि ५६ को धान् मुरी ६ गहु मुरी १०। को गोकर्ण बस्ने जगेनारां सींषडाका नां-
१५४. उमा माफीको लगत् भन्येस्मेत बेहोराको पाहाडबन्दोबस्त तहबिल्फाट्बाट उत्री आ-
१५५. येको नकल रहेछ ———

---

४७. ॥ वैशाखकृष्णः ॥ श्रीसम्वत् १९५२ ॥ ॥उत्तरायणम्.॥ ॥वसन्तर्त्तुः ॥

	[गते]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ.यो.]	[घडी पला]	[वार]
												ता.
[वैशाख]	१	३	२५।१७	चि	१२।५०	सि	१३।२२	वि	२५।१७	मातं	३१।३३	शु
												[इंग्रेजी सन् १८९५ अप्रेल्] १२

भ २५।१७ या. दस्रे १ संमेषेऽर्कः २१।२२ उभायां ४ बुधः ५।५९ पुनः स्वातौ २ शनिः ४७।१० ग्रहलाघवस्या हर्गणः ९।३६

१०	१२	५४।३६	पू	५४।४५	ब्र	१२।२	कौ	२२।१९	चल	३२।७	र
											२१

रौद्रे १ भौमः ११।२६ दस्रे १ मेषे बुधः ११।४२

(केदारनाथ १९५२)

१५६. सो चागु महाकाल् षेत अघि सींषडाहरूको बीर्ता हो के भै चक्रगुठीमा गयाको हो
१५७. थाहा छैन सो गुठीभीत्रको ।८० मुरीमध्ये केही जगा मैले कमायाको छु कुत् गुठीमा बु-
१५८. झायाको छु रसीड भर्पाई ल्याई दाषील गराउला भन्येस्मेत् बेहोराको मानविर ला-
१५९. माको मुचुल्का रहेछ ——————————

१६०. सो चागु महाकाल् षेत सींषडाहरुको हो नीजहरुसंग मेरा बाबुबाज्याको पालादे-
१६१. षी मोहीयामा कमाई आयाको छु हाल अकासीतार बस्ने तारानाथ धीमाल्ले कि-
१६२. नी निज धीमाल्लाई कुत धान् मुरी ४ बुझाई आयाको हुं भन्ये भीमसीन् मिझारको
१६३. मुचुल्का रहेछ ——————————

१६४. यस अडाबाट तीन्धारा पाकसालालाई लेषेको रहेछ ——————————

१६५. ऐ काठमाडौ कीर्तिपुरमाललाई ऐ ऐ ——————————

१६६. ऐ पाहादबन्दोबस्त लगत्फाट्लाई ऐ ऐ ——————————

१६७. गोकर्ण इलाका भूमथलि ऐ इलाका राईटार गलमति भन्ये ३ गाउबाट बोका १ ल्या-
१६८. उछ सो बोकाको पुजा गरि अरुको पुजा गर्नु हुदैन सो पुजा गर्ने दीन फागुण १५ मा ये-
१६९. स्मेत बेहोराको अन्नपुर्ना ब्राह्मनिको मुचुल्का रहेछ ——————————

१७०. कप्तान् झंकबहादुर साहका रानी श्रीठुला मैञा दोलकुमारी देविले भोगबंन्धकको
१७१. बीर्ता चागुका अम्बलमध्ये महाकाल्फाट् षेत मुरी ।४४ को रसीडको नकल मोही सा(हे)-
१७२. बर्सी मानंधरले दाषील् गरेको रसीड रहेछ ——————————

१७३. यो नाउ गरेको सींषडा भन्ये ठाहा छैन निज सींषडाले कपतान् इन्द्रमान्सीं देविमान्सीं
१७४. बस्न्यात् क्षेत्रीलाई के गरी दीयो निज इन्द्रमान्ले बीर्ता भनि सुब्बा धनंजयेलाई भोगबन्धक
१७५. दीदा नीजलाई र नीजले पनि झंकबहादुर सहालाई द्रीस्तीबंधक दीदा नीजलाई बा(ली)
१७६. बुझाई आयेको थीये ३ षंडको १ षण्ड लीने मेजर कपतान् देविमांसीं बस्न्यात् क्षेत्रीको
१७७. सर्वस्व हुदा निजका भागको सर्कार लागेको वर्ष १०।११ के होला सो साल्देषी काठमाडौ
१७८. किर्तिपुरमाल्मा बालि बुझाई आयेको छु भन्येस्मेत् बेहोराको रामप्रसाड सापकोटास्मेत्
१७९. ३ जनाको मुचुल्का रहेछ ——————————

१८०. भोते गाउ ३ बाट बोका १ फागुणपुर्न्येमा दीने गरेको छ सो बोका दीदा सींषडाहरुले २

१८१. पाठी चावल् दीने गरेको छ भन्येस्मेत बेहोराको मीझार जसवीर लामास्मेत् ३ जनाको सरज-
१८२. मीन्को मुचुल्का रहेछ ——————————

१८३. ठेकदार कुलनारां मानंधरले कागेस्वरी मुरी ।७२ को मध्ये मानवीर लामाका नाउमा
१८४. गरीदीयाको रसीड रहेछ ——————————

१८५. हाम्रो लालमोहरतावापत्रको ष्यालै नराषी नापजाच गरीसकेकाले मुद्दा जुनाफबा-
१८६. ट वा भारीदारीबाट बुझि पाउ भनि गोकर्णथलि बस्ने वज्रलाल् जैसीस्मेत्ले ठा-
१८७. डो बीति चढाउन्दा इनिहरुको उजुरस्मेत् बुझि अैनसवाल्बमोजिं गरी छीनुदीनु भन्ये-
१८८. स्मेत बेहोराको ठादो प्रमागी रहेछ ——————————

१८९. काठमादौ कीतिपुरमाल्बाट पठायाको कागेस्वरी पाषो मुरी ।१३।१२।१५ को दर्ताको
१९०. लगत्को उतार रहेछ ——————————

१९१. यस अडाबाट काठमाडौ कीर्तिपुरमाल्लाई लेषेको लेषोट् रहेछ ——————————

१९२. ठेकदार कुलनारां मानंघरको मुचुल्का रहेछ ——————————

१९३. यस अदाबाट काठमाडौ किर्तिपुरमाललाई लेषेको लेषोट् ऐ ——————————

१९४. ऐ. अडाबाट तीन्धारापाकसालालाई लेषेको ऐ ऐ ——————————

१९५. ऐ. अदाबाट सडर ठानालाई ऐ ऐ ——————————

१९६. ऐ. अदाबाट काठमाडौ कृर्तिपुरमाल्लाई ऐ ऐ ——————————

१९७. काठमाडौ कृर्तिपुर माल्अडाबाट साहेबसीं मानंधरका नाउको रसीड ऐ ——————————

१९८. कपतान् झम्कबहादुर साहाका तहबील्बाट कृष्णहरी सापकोटाका नाउको ऐ ऐ ——————————

१९९. काठमाडौ कृर्तिपुरमाल्बाट कृष्णहरीका नाउको रसीड ऐ ऐ ——————————
२००. तारीषको भर्पाई रहेछ ——————————

२०१. जगेनीधि भ्वानीसंषर कालु सींषडास्मेत् मरीसके भन्ने तारानाथ धिमाल्को मुचुल्का ——————————

२०२. अब यस्मा वायुगुठीको रोपनि ५५ मध्ये रोपनि २० कर्णेल् ललितजंलाई बंधकि दीयाको पछि ज-
२०३. नरल चक्रसम्सेर जङ्गबाहादुर राणाका कुलेषानी गुठीमा दरीयो रु १८८४ बुझि जगा फिर्ता दी-
२०४. नु भंन्य प्रमांगी पाउ भंन्य अंन्नपुर्णा बाहुनीको बीतिपत्र र सो ५५ रोपनि जगा गुठी होइन बक्स-

२०५. बीर्ता हो भंन्य कुराको चन्द्रडतस्मेत्‌को बयान् भयाकोमा चन्द्रडत सींषडाले दाषील गरेका तावाप-
२०६. पत्रको उल्ठामा हेर्दा माहांकाल् षेत रोपनि ५५ डीही कर्ष २ घञ्यारी कर्ष २ डाडाकटाली षर्कको
२०७. मोल विचार गरी कीन्नुबेचनु हुन्या गरी मलवती षेत लीकन सत्ता दीञ्या भंन्या सो ८३५ साल् का-
२०८. तिंकबदी ७ रोजका तामापत्रमा लेषीयाको हुनाले सो महाकाल षेत दीही घञ्यारीस्मेत् ज्मा षेत
२०९. रोपनि ५६ छपन्न षाश नीज सींषडाहरुको बीर्ता देषी बाकी भै सोमध्ये केही जगा बालकृष्ण धीमा-
२१०. लले र केही जगा गौथलि मैञा भंन्यले लेषाई ली र केही जगा सींषडाहरुले बीर्ता भनि षाई आ-
२११. याकोस्मेत् देषीयाकाले सो जगा षास् बीर्तै देषीयाको र तीन्‌धारा पाकसालाका लेषोट्‌बाट
२१२. चक्रमुक्तेस्वरगुठीमा षेत् मुरी ।७२ दर्ता देषीयाकोमा सो षेत मुरी ।७२ पनि चा-
२१३. गु माहाकाल्‌को नदेषि कागेस्वरी मौजाको देषीयाको र सो जगा षेत मुरी ।७२ पनि ४३।४४ सा-
२१४. ल्देषि नै रैकर भयाको काठमाडौ कीर्तिपुरमालबाट उत्री आयाका कागेस्वरी डीही पाषा मुरी
२१५. ।१३।१२।१५ को दर्ता ब्यहोराबाट देषीयाको भै सो तावापत्रभीत्रको जगा होला भन्न नभया-
२१६. को भै सोदेषी बाहेकको जगा भन्नुपर्ने भयाको र सो अधिदेषी रैकर भै पछि सो चक्रमुत्येस्वर-
२१७. गुठीमा दर्ता हुन गयाको देषीयाको सो षेत मुरी ।७२ का हक्मा दंडसजायका ६० नंम्बरका
२१८. अैनले हेर्न नहुने भयाको र उस्मा पनि सो गुठीमा भर्ना हुन छुट् भयाको भनि सो कागेस्वरी
२१९. दीही पाषा मुरी ।१३।१२।१५ स्मेत् पनि रैकरमा डर्ता गर्ने रपोट् ६६ साल् जेष्ट १८ गते २[४८] मा हु-

---

४८. श्रीसंवत् १९६६ ज्येष्ठकृष्णः पा. ज्ये. श्र. ध. रे. कृ. दुर्मतिः उत्तरायणं. वसन्तः

	[गतें]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ.यो.]
[वैशाख]	३१	बृ	८	१४।३५	ध	२०।८	ब्र	९।१३	तै	४१।३७	श्रीव
	चन्द्रः		दि.मा.			ता.					
	कुंभ		३३।१७		[सन् १९०९ मे]	१३ वृषेर्कः ५५।३५ वैनि ११।३७					

	[गतें]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ.यो.]
[ज्येष्ठ]	१	शु	९	८।४९	श	१६।२०	ऐं	१।५८	व	३५।४७	सौम्य
	चन्द्रः		दि.मा.			ता.					
	५८।१४		३३।२०			१४ भ.३५।४७ उ. संक्रान्तिः					

श्रीसंवत् १९६६ ज्येष्ठशुक्लः पा. रो. मृ. ति. उ. स्वा. ज्ये. दुर्मतिः उत्तरायणं. ग्रीष्मः

[गतें]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ.यो.]
१८	सो	१२	५७।१६	चि	३४।५३	व्य	३।२३	व	२५।९	मुद्गर
चन्द्र		दि.मा.			ता.					
१।५४		३४।०			३१					

(तोयनाथशर्मणामन्तेवासी १९६६)

कुं मजिबाट सडर भै रैंकर लगत्मा दर्ता हुन गयाको सोही लगत्का उतारबाटै देषीयाको हुनाले स्मेत् तेस्कुरामा केही गर्नु नपर्ने भयाको भै सो तावापत्रकागजमध्येको डाडाकटेरी पाषाका हक्मा तावापत्रबाट षास बीर्त्तै देषीयाको र सो तावापत्रबमोजींको अरु जगाका हक्मा पनि तावापत्रबाट षास बीर्त्तै देषीयाको र सो षेत डीही जगाको माफी पोतामा दराई पाउ भनि बीन्ती चढाउन्दा पनि ८३५ साल्का तावापत्रको बक्सबीर्ता हो भनि बीति चढायाको देषीयाकाले स्मेत पनि गुठी कतैबाट नदेषी बीर्तै देषीयाको र पोता दर्ता गराउदा श्रीवायुदेवतास्थापना गरी सालवसाल फागुणसुदी १५ रोजका दीन पुजा गरी षाई गुठी चलाई आयाको भनि सो महाकाल् षेत रोपनि ५५ र दीही रोपनि ॥· घडेरी रोपनि ॥· स्मेत् ज्मा रोपनी ५६ वायुलाई सुनाई षानु भनि दीयाको भनि माफि पोतामा दर्ता गराई राषेको देषीयाकोमा राजगुठी देषीन आयाकोमा पनि बक्सबीर्ता भनि बीतिपत्र चढायाको र ८३५ साल्का तामापत्र सो पोताअडामा लगी देषायाकोस्मेत् सोही माफी पोता दर्ताका उतारबाट देषीयाकाले स्मेत सो जम्मा रोपनि ५६ को तामापत्र सोही कायेम् हुन आयाको सो तामापंत्रमा भन्य कीन्न बेचन हुन्या गरी बीर्ता गरीबक्स्यौं भन्या लेषीयाकाले बीर्तै देषीन आयाको सर्कारको पोता ठगनाका लागी गुठी भनि माफी पोता दर्ता गरायाको बुझिने हुनाले सो तामापत्रबमोजींको रोपनि (५६) बीर्ता नै भन्नु ठहराउनुपर्ने भया देषीयाको छ तापनि बीर्ता नै हो की भनि भन्नालाई प(छि) पोता दर्ता गराउनालाई बक्सबीर्ता भनि बीन्ती चढायाकोमा सो तावापत्रमा बक्स भंन्य बोली नलेषी मलवति षेत लीकन सत्ता दीयाको बीर्ता भंन्य लेषीयाको भै दुरुस्त नभीडेको सो भीडीयन तपनि सो पोता दर्तामा ८३५ साल्को तामापत्रस्मेत् लगी पोताअडामा देषायाको देषीयेको र अर्को ८३५ साल्को तावापत्र पेस नगरेकाले सोही तावापत्र लगी देषायाको झल्को देषीन आयाकाले सर्कारबाट तावापत्र गरी बीर्ता बक्सेको पछिं आफु बीर्तावारहरुले आफ्नातर्फबाट वायुगुठीमा राषी माफी पोता दर्ता गरायाको हो की भंन्य संका देषीन आयाकोमा पनि सोबमोजीं आफैले गुठी राषेको होला भन्नालाई सो पोता दर्ता गराउदा वायुलाई सुनाई षानु भनि भास्कर मल्ल राजाले दीयेको जगा हो भनि बीन्ती चढायाको देषीयाकाले सर्कारबाट जगा दीयकै अवस्थामा गुठी राषनालाई दीयाको साफ् साफ् देषीन आयाको र उस्मा पनि कोही कोही प्रतेवादीका बयान्बाट भोते गाउबाट बोकाबली वायुपुजा गरी आयाकै देषीयाको र केही जगा नीजै अन्नपुर्णाले पनि कमाई षाई आयाकै पनि नापीषेश्राबाट देषीयाका आफुले कमाई षाई आयाको बीर्ता जगा भया गुठी भंन्नै नपर्नेमा गुठी भन्येको र सर्कारको पोता ठगनाका लागि

मात्रै वायुलाई सुनाई षानु भनि दीयाको जगा भनि पोतामा दर्ता गरायाको हो की भनि तेशतर्फ संका गर्नालाई पनि आफ्नु बेचबीषन् गरी षान पाउने बीर्ता जगालाई गुठी भनि दर्ता गरायो होला भंन्य संका गर्नेलाई नहुने देषीवाको र सो डाडाकटच्चारी पाषो जगाका हक्मा ४ भंज्याङ्भीत्रको देषीयाको पोता दर्ता र जाहेर गरेको सबुड प्रमाण केही गुजार्न नसकेकाल्य जगाजमीन् गोस्वाराका १६ नम्बरका अैनले सो डाडाकटच्चारी जगा बीर्ता थामनालाई स्मेत् नहुने देषीयाबुझियाका प्रमाणपरीबंडबाट सो तपसील्का जगाबीर्ता र दुनीआगुठी ठहर्दैन राजगुठी र रैकरस्मेत् बमोर्जी तपसील्मा लेषीयाबमोर्जी ठहर्छ सो ठहर्नाले सो राजगुठी र रैकर ठहरेको जगा कीने बंधक लीयाकोस्मेत् सडर नहुने हुनाले जगा कीन्ने बंधक लीनेलाई सजाय हुन्छ षायाको बीगो बालि लीनुपर्छ भनि भन्नालाई पनि गुठी ठहरेका जगाका हक्मा पोता दर्ता गराउन्दा गुठी भनि दर्ता गरायाकाले मात्र र रैकर ठहरेका जगाको पोता दर्ता नगरायाकाले मात्र सो जगा झिकीने भयाको र गुठी भंन्य कुरास्मेत् थाहा पायाका मीसील्बाट नदेषीयाकाले कीन्ने बंधक लीनेहरुबाट बीगो लीनालाई र सजायेका हक्मा पोलउजुर नपरेको भै ६५ साल् फागुंण ९ गते ३[४९] मा भयाका षड्गनीसाना सनडबाट नहुने देषीयाकाले स्मे-

---

४९. यहाँ खड्गनिशानाको मिति ६५ साल फागुंण ९ गते ३ र तल २७१ पङ्क्तिमा भने ६५ साल् फागुं १९ गते ३ लेखिएको छ। पात्रो हेर्दा वि.सं. १९६५ को फाल्गुन ९ गते मङ्गलवार नपरी शनिवार परेको र फाल्गुन १९ गते भने मङ्गलवारै परेको स्पष्ट हुन्छ। यस कारण यहाँ १९ गते लेख्नुपर्नेमा भ्रमवश ९ गते लेखिएको देखिन्छ –

श्रीसंवत् १९६५ फाल्गुनकृष्णः पा. ह. वि. ज्ये. मू. उ. रौद्रः उत्तरायणं शिशिरः

	[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ.यो.]
[माघ]	३०	बृ	६	४४।३	चि	१६।१०	गं	५०।१४	ग	१२।१४	चर

चन्द्रः दि.मा. ता.

तु. २७।२६ [सन् १९०९ फेब्रुआरि] ११ भ. ४४।३ उ. कुंभेर्कः ४६।१५

	[गते]	[वार]	[तिथि]	[घड़ी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ.यो.]
[फाल्गुन]	१	शु	७	४६।२९	स्वा	२२।२८	वृ	४९।१३	भ	१५।१६	गद

चन्द्रः दि.मा. ता.

तु. २७।३० १२ भ. १५।१६ या. संक्रांतिः पुनः कर्णे ज्ञः ४२ व्य.प्र. ४३।३७ नि. ५९ २२

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ.यो.]
९	श	३०	२५।१७	ध	१६।२२	प	८।२१	किं	५२।२१	वर्द्ध

चन्द्रः दि.मा. ता.

कुं. २८।१ २० मूले २ भौमः ३६ वासवे शुक्रः ५६ द्वापरयुगादिः

२६०. त निजहरुबाट बिगो लीन र सजाय गर्नस्मेत् नपरी केही नगरी आफ्नु थैली असामीबाट
२६१. लीषत्बमोर्जी उठाई लीन पाउने भया उठाई लीनु भनि सुनाईदी सो जगा बेचने बंधक दीने
२६२. जगेनारां भ्वानीसंषर कालु सींषडाहरुलाई जगापजनिका ३५ नम्बरका अैनले डंड गर्नुप-
२६३. र्ने हो तापनि नीजहरु मरीसकेको तारानाथ धीमाल्का मुचुल्काबाट देषीयेकाले केही
२६४. नगर्ने र सो जगा बेचने बंधक दीने बीर्ता भनि षानेहरुबाट बीगो डंड गरी लीनालाई प-
२६५. नी गुठी ठहरेका तपसील्का जगाका हक्मा सोको पोता दर्ता गराउदैमा सर्कारमा जाहेर गरी
२६६. दर्ता गराई राषेको देषीयाकाले र गुठी होइन भंन्य इन्कार छ तापनि कुनै कुनै प्रतेवादीका ब-
२६७. यान्बाट गुठी चलाईआयाको देषीयाको षाली बीर्ता थापने नीयत्ले मात्र गुठी होइन भ-
२६८. नी इन्कार गरेको बुझीने र गुठीको काम् चलाई आयाकै देषीने भै पोता दर्ता गराउन्दा गुठी
२६९. भनि माफी पोता दर्ता गरायाकाले मात्र झिकीने भयाको र रैकर ठहरेका जगाका हक्मा प-
२७०. नी पोता दर्ता गराई राषेको नदेषीयाकाले मात्र झिकीने भयाको भै गुठीजगा डबायो धर्मलोप गऱ्यो
भंन्य उजुर नभै बंधकी जगा फिर्ता पाउ भंन्या मात्र बीतिपत्र परेकाले[५०] पोल उजुर नपरेको हु-
२७१. दा यस अडाका नाउमा भयाका ६५ साल् फागुं १९ गते ३ मा भयाका षड्गनीसानाका सन-
२७२. डका ११ दफाबमोर्जी बीगो डंड नलाग्ने हुदास्मेत् बीगो डंड केही नगर्ने र नीजहरुले
२७३. गुठी थामी पाउछ भनि भन्नालाई संतान्डरसंतान्सम्म षान पाउछ भंन्य सनड बीता गुठी
२७४. थामनालाई नहुने हुन्दा नीजहरुबाट गुठी र रैकरस्मेत् झिकि मोहीयासम्म थामी तपसी-
२७५. ल्का जगा श्रीवासुदेवका गुठी भनि लगत् कीताप् षडा गर्नालाई षर्चको डरबंदीस्मेत् षडा
२७६. गरी जाहेर गर्ने र तपसील्का जगा रैकरमा दर्ता गराउन पठाउनेस्मेत् ठहराई अडैबाट फै-
२७७. सला गरीदीञ्यूं ———————————————

श्रीसंवत् १९६५ फाल्गुनशुक्लः पा. श. उ. पु. रौद्रः उत्तरायणम् शिशिरः

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]	[आ.यो.]
१९	मं	११	४७।१६	पु	५७।२१	आ	१।५३	व	१६।३७	स्थिर

चन्द्रः दि.मा. ता.
३१।३६ २८।४० [मार्च] २ भ. १६।३७ उ. ४७।१६ या. मूले ४ भौमः ४८ आमलकी ११

(तोयनाथशर्मणामन्तेवासी १९६५)

५०. यस पङ्क्तिमा भयाको भैको तल काकपद दिई भै र पोलको बीचमा झण्डै १ पङ्क्ति ओगट्ने अंश थपिएकोले यो पङ्क्ति लामो भएको हो ।

२७८. माल्मा दर्ता भयाका तीराको आबबमोजीं तीरो ठेकी पारो

२७९. श्रीवासुदेवका गुठीको

असामि	षेत मुरी	धान् मुरी	गहु मुरी	चार्दाम्
२८१. जील्लै भादगाउ				
२८२. मौजे चागु महाकाल्				
२८३. महाकाल्षेत्				
२८४. अन्नपुर्ना ब्राह्मनि चागु महाकाल्	।८।१६।२	२।९।.।६	।२।३।६	।५
२८५. भीमसेन् मिझार ऐ	।८।८।६	२।६।७।२	।२।२।८	।५
२८६. रामप्रसाड सापकोटा ऐ	।१०।	२।१५।४।६	।२।६।२	।५
२८७. कृष्णहरी सापकोटा ऐ	।३।७।४	।१८।६	।.।७।५	।५
२८८. कृष्णहरी सापकोटा ऐ	।१५।५	४।५।.।४	।४।२	।५
२८९. साहेबर्सी मानंधर ऐ	।१४।.।६।७	३।१८।.।२	।३।७।२	।५
२९०. गंगादेवि सींषडानी ऐ	।२५।१६।२	७।३।३।२	।७।१।४	।५
२९१. जसोदा सींषडानी ऐ	।२४।५	६।१४।५।९	।६।५।९	।५
२९२. लोकनाथ सींषडा ऐ	।१२।१५	३।१०।७	।३।४।४	।५
२९३. छायादेवि सींषडानी ऐ	।११।७।४	३।३।१।६	।३।१।३	।५
२९४. छायादेवि सींषडानी ऐ	।१६।५	४।१०।२।२	।४।४।१	।५
२९५. लोकनाथ सींषडा ऐ	।१६।५	४।१०।२।२	।४।४।१	।५
२९६. चन्द्रडत्त सींषडा ऐ	।२०।१५।७।५	५।१५।४।५	।५।६।२	।५
२९७. चीत्रलाल् सींषडा ऐ	।२०।१६।२	५।१५।५	।५।६।३	।५
२९८.	१९१९।२।२	५७।१७।२।६	२।१७।७	।७०

२९९. असामी —— पाषो मुरी —— कुत मकै मुरी —— चार्दाम्

३००. जील्लै भादगाउ

३०१. मौजे चागु महाकाल्

३०२. महाकाल्

३०३. गंगादेवी सींषडानी महाकाल् —— ।६।१५ —— ।४।.।४ —— ।५

३०४. जसोदा सींषडानी ऐ —— ।३।५। —— ।१।७।६ —— ।५

३०५. लोकनाथ सींषडानी[५१] ऐ —— ।११।८।६ —— ।६।६।९ —— ।५

३०६. छायादेवी सींषडानी ऐ —— ।७।५। —— ।४।२।८ —— ।५

३०७. चन्द्रडत्त सींषडा ऐ —— ।२।४।३ —— ।१।३।७ —— ।५

३०८. चीत्रलाल् सींषडा ऐं —— ।२।१२।४ —— ।१।४।६ —— ।५

३३।१०।५ ११.।२ ।३०

३०९. रैकरका लगत्मा दर्ता गराउने

३१०. असामी —— पाषो मुरी —— मकै —— चार्दाम्

३११. जील्लै भादगाउ

३१२. मौजे चागु डाडाकतैरी

३१३. डाडाकटैरी पाषो

३१४. गुरुप्रसाड सींषडा गोकर्णथलि —— ।१९।१० —— ।११।५।६ —— ।५

३१५. कान्छा सींषडा ऐ —— ।२०।६।२ —— ।१२।१।५ —— ।५

३१६. षडानंन्द ऐ ए —— ।१९। —— ।११।३।२ —— ।५.

---

५१. यस्तै छ ।

३१७. वज्रलाल् ऐ ए	।२९।१५	।१८।·।८	।५
३१८. चन्द्रडत्त ऐ ऐ	।११।५	।६।६	।५
३१९. देवाकर सींषडा ऐ	।२३।३।६	।१३।७।९	।५
३२०. रवीलाल् ऐ ऐ	।११।१३।६	।७।१।[52]	।५
३२१. रामनाथ ऐ ऐ	।१४।१९	।९।	।५
३२२. अन्नपुर्नाको कर्णैल् जीतबहादुरले कमायाको	।५७।२।४	११।१४।२।३	।५
३२३. गोपीकृष्ण ऐ ऐ महेली	।७०।	२।२	।५
३२४. रामाकात ऐ ऐ ऐ	।६४।	११६।१।३	।५
३२५.	३४०।१५।२।	१०।२।५।५	।५५

३२६. इति सम्बत् १९७४ साल् वैसाष ३० गते रोज ७[53] सुभ्म्

५२. वटुकनाथको छापले पछिल्लो अङ्क छोपिएको छ ।

५३.

	ग.	वा.	ति.	घ.प.	न.	घ.प.	यो.	घ.प.	क.	घ.प.	आ.
[वैशाख]	१	शु	६	२२।३६	मू	२६।५३	प	२५।२८	वि	५०।५	स्थिर
	चन्द्र.	दि.			ता.						
	ध	३१।२९									


[सं १९१७ एप्रील] १३ भ. २२।३८ उ. ५।५ या. दस्रे १ संमेषेर्कः २।५५ षौष्णो २ भौमः ५३

सं १९७४ ज्येष्ठकृष्णः ॥

ग.	वा.	ति.	घ.प.	न.	घ.प.	यो.	घ.प.	क.	घ.प.	आ.
३०	श	६	४४।३८	उ	४१।१३	शु	३३।६	ग	१७।२७	रक्ष
चन्द्र.	दि.			ता.						
म	३३।१४									

[मे] १२ भ. ४४।३८ उ अगस्त्यस्तम् ०

(भुवननाथ पाँडे १९७४)



भास्कर मल्लले जगा सट्टा दिई रामेश्वर जोशीलाई गरिदिएको ताम्रपत्रको रबिङ्को फ्याक्सिमिलि

यसको पाठ देवीप्रसाद भण्डारी २०५८:३८-३९ मा छ।

यो लेख लेख्दा काम लिइएका पुस्तक र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको[५४] वर्णक्रमअनुसारको तालिका

ऐश्वर्यधर शर्मा २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ७२-७४ पृष्ठमा छापिएको, ऐश्वर्यधर शर्माको *भक्तपुराधिपते रणजिन्मल्लस्य स्वर्णपत्राभिलेखः [वि.सं. १८१०]* (भक्तपुरका राजा रणजित् मल्लको स्वर्णपत्रको अभिलेख [वि.सं. १८१०])।

केदारनाथ १९५२

= काठमाडौँबाट मोतिकृष्ण शर्माद्वारा प्रकाशित, केदारनाथको *नैपालदेशसंवंधिनी*[५५] *यथापन्निर्णीत*व्रतोत्सवादिसमयवोधिनी* नयननाराचनन्दसुधा संवत् १९५२ वैक्रमवर्षस्य तिथिवारनक्षत्रयोगकरणरूपपञ्चाङ्गपत्रिका* (नेपालदेशसँग सम्बन्ध भएको, व्रत र उत्सव आदिको समय यथावत् बुझाउने, वि.सं. १९५२ को, तिथि वार नक्षत्र योग करण भएको पात्रो)।

गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८

= वि.सं. २०१८ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्य र महेशराज पन्तको *अभिलेख-संग्रह* ३ भाग ।

छत्रबहादुर कायस्थ २०५३

= वि.सं. २०५३ मा ललितपुरबाट छत्रबहादुर कायस्थद्वारा प्रकाशित *नेपाल संस्कृति* ५१ पूर्णाङ्कका ८४-८७ पृष्ठमा छापिएको, उनैको *लुँभु-सरस्वती देगलय् च्वंगु शिलापत्र छगू अध्ययन* (लुभु सरस्वतीदेवलमा रहेको शिलापत्र – एक अध्ययन)।

ज्ञानमणि नेपाल २०३९

= वि.सं. २०३९ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित *प्रज्ञा* ३९ पूर्णाङ्कका ७१-८५ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *नेपाली साहित्यका एक उज्ज्वल तारा; अझै ओझेलमा* ।

ज्ञानमणि नेपाल २०३९ क

= वि.सं. २०३९ मा प्रकाशित *प्रज्ञा* ४१ पूर्णाङ्कका ७-४५ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *महाकवि पं. उदयानन्द अर्जेल र उनको काव्यसाधना; – एक अध्ययन* ।

ज्ञानमणि नेपाल २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट घनश्याम कँडेलद्वारा प्रकाशित *रश्मि* १ वर्ष ३ अङ्कका १२-२० पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *नेपालको प्राचीन इतिहासमा पं. उदयानन्दका उद्गार* ।

ज्ञानमणि नेपाल २०४८

= वि.सं. २०४८ मा काठमाडौँबाट उन्नयनप्रकाशनद्वारा प्रकाशित *उन्नयन* ८ अङ्कका १००-११४ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *श्री महाकवि उदयानन्द अर्जेलका ग्रन्थ, ग्रन्थसंग्रह र संस्कृत पद्य* ।

ज्ञानमणि नेपाल २०५७

= वि.सं. २०५७ मा काठमाडौँबाट मकालु बुक्स एण्ड स्टेशनर्सद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *उदयानन्दरचित वेतालपचीसी* ।

---

५४. कुनै कृतिमा रचयिता वा सम्पादक आदिको नाउँ नदिइएको हकमा कृतिको नाउँ वर्णक्रमअनुसार यस तालिकामा राखिएको छ। प्राचीन शैलीको ग्रन्थको हकमा चाहिँ रचयिताको नाउँ र ग्रन्थनाम दुवै वर्णक्रमअनुसार यहाँ राखिएका छन्। गूठीअड्डाका कागजात र माइक्रोफिल्मका रीलको विषयमा माथि लेखमै खुलाएर लेखिसकेकोले तिनलाई यहाँ चढाइएको छैन।

५५. यस तालिकामा जहाँ जहाँ यस्तो * चिह्न छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारेको भन्ने हो।

ज्ञानमणि नेपाल २०५९
= वि.सं. २०५९ मा काठमाडौंबाट अर्यालसेवासमाजद्वारा प्रकाशित *असेस स्मारिका* १ पूर्णाङ्कका २९-३४ पृष्ठमा छापिएको, ज्ञानमणि नेपालको *महाकवि पं. उदयानन्दको काव्यसाधनामा विशिष्टता* ।

टप्अग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५
= ई.सं. १९८८ (वि.सं. २०४४/४५) मा काठमाडौंबाट न्याश्अनल काउन्सिल फर साइअन्स यान्ड टेक्नलअजिको म्याप्इङ सब्-कमिट्इद्वारा प्रकाशित, टप्अग्राफ्इक्ल सर्भे ब्रान्चको *इन्डेक्स् अफ् जिअग्रफ्इक्ल् नेम्ज् अफ् नेपाल्* (नेपालका स्थाननामको फेहरिस्त) २ भाग ।

डिल्लीरमण रेग्मी २०२३
= ई.सं. १९६६ (वि.सं. २०२३) मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) ४ भाग ।

ताम्रपत्र २०५०
= वि.सं. २०५० मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा, संस्कृति तथा समाजकल्याणमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* ११ पूर्णाङ्कका २३-३३ पृष्ठमा छापिएको *ताम्रपत्र* ।

तोयनाथशर्मणामन्तेवासी (तोयनाथ शर्माका चेला) १९६५
= काठमाडौंबाट प्रकाशित तोयनाथ शर्माका चेलाको *शररसाङ्कशशाङ्क १९६५ मिताब्दस्य नेपालदेशीयपञ्चाङ्गम्* (संवत् १९६५ को नेपाल देशको पात्रो) ।

तोयनाथशर्मणामन्तेवासी १९६६
= काठमाडौंबाट प्रकाशित तोयनाथ शर्माका चेलाको *रसरसाङ्कशशाङ्क १९६६ मिताब्दस्य नेपालदेशीयं पञ्चाङ्गम्* (संवत् १९६६ को नेपाल देशको पात्रो) ।

दिनेशराज पन्त २०२२
= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ७ पूर्णाङ्कका ६१-७४ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-८८)* ।

दिनेशराज पन्त २०२३
= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका ३७-४८ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-८८)* ।

दिनेशराज पन्त २०४३
= वि.सं. २०४३ मा काठमाडौंबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको *गोरखाको इतिहास* २ भाग ।

दिनेशराज पन्त २०४५
= वि.सं. २०४५ मा काठमाडौंबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको *गोरखाको इतिहास* ३ भाग ।

देवीप्रसाद भण्डारी २०५८
= वि.सं. २०५८ मा प्रकाशित *पूर्णिमा* १०३ पूर्णाङ्कका ३८-४५ पृष्ठमा छापिएको, देवीप्रसाद भण्डारीको *भास्कर मल्लले गरिदिएको ताम्रपत्र* ।

देवीप्रसाद लंसाल २०२३
= वि.सं. २०२३ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, देवीप्रसाद लंसालको *भाषा वंशावली* २ भाग ।

धनवज्र वज्राचार्य २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ५ पूर्णाङ्कका २१-३१ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको *चौतारा भगीरथ भैया* ।

धनवज्र वज्राचार्य २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ९ पूर्णाङ्कका १७-२२ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको *योगनरेन्द्र मल्लको राज्याभिषेक* ।

धनवज्र वज्राचार्य २०२६

= वि.सं. २०२६ मा काठमाडौँबाट गोरखापत्र करपोरेशनद्वारा प्रकाशित *मधुपर्क* २ वर्ष ६ अङ्कका ३८-४९ पृष्ठमा छापिएको, धनवज्र वज्राचार्यको *गुहार युग* ।

धनवज्र वज्राचार्य २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *मध्यकालका अभिलेख* ।

धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९

= वि.सं. २०१९ मा ललितपुरवाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

नयनाथ पौडेल २०१८

= वि.सं. २०१८ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, नयनाथ पौडेलको *अभिलेख-संग्रह* ४ भाग।

नयराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०७ पूर्णाङ्कका २७-३६ पृष्ठमा छापिएको, नयराज पन्तको *[पण्डित भुवननाथ पाँडे (वि.सं. १९२०-२०००)]* ।

नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्त २०२५

= वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* ।

नरहरिनाथ २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका १-१० पृष्ठमा छापिएको, नरहरिनाथको *काष्ठमण्डपः [काठमाडौँ]* ।

नरहरिनाथ २०१२

= वि.सं. २०१२ मा काठमाडौँबाट इतिहास-प्रकाश-मण्डलद्वारा प्रकाशित *इतिहास-प्रकाश* १ अङ्कका ६२-६७ पृष्ठमा छापिएको, नरहरिनाथको *नेपाल तीन सहका* तीन ठूला घण्ट* ।

नागेन्द्रमणि कुलिशाचार्य २०५३

= वि.सं. २०५३ मा काठमाडौँबाट नेपालभाषा परिषद्द्वारा प्रकाशित *नेपाल ऋतु-पौ* (आर्तव पत्रिका नेपाल) ८३ पूर्णाङ्कका ३२-३५ पृष्ठमा छापिएको, नागेन्द्रमणि कुलिशाचार्यको *बौद्ध विद्वान् पण्डित सिद्धिहर्ष वज्राचार्य (बाबुकाजी गुरूजु*)* ।

नित्यानन्द पन्त पर्वतीय

= वि.सं. २०५६ मा काशीबाट चौखम्भा-संस्कृत-संस्थानद्वारा फेरि प्रकाशित, नित्यानन्द पन्त पर्वतीयको *संस्कारदीपकः* ३ भाग।

पुरूषोत्तमलोचन* श्रेष्ठ २०५७

= वि.सं. २०५७ मा काठमाडौँबाट श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय

अभिलेखालयद्वारा प्रकाशित *अभिलेख* १८ पूर्णाङ्कका २८-३२ पृष्ठमा छापिएको, पुरूषोत्तमलोचन* श्रेष्ठको *पनौती इन्द्रेश्वर मन्दिरस्थानको ने.सं. ७५९ को नरेश मल्लको पालाको स्वर्णपत्र* ।

[भुवननाथ पाँडे][५६] १९७४

= वि.सं. १९७४ को लेखोट पात्रो।

भोलानाथ पौडेल २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ६ पूर्णाङ्कका २९-३७ पृष्ठमा छापिएको, भोलानाथ पौडेलको *जगत्प्रकाश मल्ल* ।

भोलानाथ पौडेल २०२२ क

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ७ पूर्णाङ्कका ४४-५० पृष्ठमा छापिएको, भोलानाथ पौडेलको *स्नेहमण्डप* ।

महेशराज पन्त २०३५

= वि.सं. २०३५ मा प्रकाशित *पूर्णिमा* ४१ पूर्णाङ्कका २३-३० पृष्ठमा छापिएको, महेशराज पन्तको *श्रीनिवास मल्लसम्बन्धी तात्कालिक अप्रकाशित लेख* ।

महेशराज पन्त २०३८

= वि.सं. २०३८ मा प्रकाशित *पूर्णिमा* ४९ पूर्णाङ्कका ३४-३७ पृष्ठमा छापिएको, महेशराज पन्तको *पाटनका राजा विष्णु मल्लको गोत्र* ।

महेशराज पन्त २०५३

= वि.सं. २०५३ मा प्रकाशित *पूर्णिमा* ८९ पूर्णाङ्कका २३-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९६ पूर्णाङ्कका ४१-४२ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणको उल्लेख परेको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र* ।

महेशराज पन्त २०५७

= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका ४१-५० पृष्ठमा छापिएको, महेशराज पन्तको *विष्णुसिंह र उनका छोराहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, १५ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५८

= वि.सं. २०५८ मा काठमाडौँवाट पन्डिट पब्लिकेशन्जद्वारा प्रकाशित *आदर्श* २ सङ्ख्याका ६१-१५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *डक्युमन्ट्स् फ्रम् द रेग्मि रिसर्च् कलेक्शन्ज् १* (रेग्मी-अन्वेषण-सङ्ग्रहमा रहेका कागजात १ सङ्ख्या)।

महेशराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* ११० पूर्णाङ्कका ३४-५० पृष्ठमा छापिएको, महेशराज पन्तको *जङ्गमठसम्बन्धी ८ वटा पत्र* ।

५६. यस लेखोट पात्रोमा पात्रो तयार गर्नेको नाउँ नभएकोले कसले यो तयार गरेको हो भन्ने हामीलाई थाहा छैन । तर यो पात्रो लक्ष्मीपति पाँडे (वि.सं. १८१५[१]-१८८८)[२]का सन्तानको सङ्ग्रहको भएकाले र लक्ष्मीपतिको वंश ज्योतिषीको भएकोले यसलाई लक्ष्मीपतिका पनाति भुवननाथ पाँडे (वि.सं. १९२०-२०००)[३]को नाउँमा दर्ता गरिएको छ । यसो भए तापनि भुवननाथ पाँडेको हस्ताक्षरसँग यस पात्रोको अक्षर मिल्दैन भनेर त भन्नैपर्छ । आफूले खेस्रा गरेर कसैलाई साफी गराएकोले यस्तो भएको पनि हुन सक्छ ।

१. दिनेशराज पन्त २०२२:६६-६७ ।
२. उही २०२३:४५-४८ ।
३. नयराज पन्त २०६०:२७, ३० ।

महेशराज पन्त २०६२

= वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११८ पूर्णाङ्कका १-१७ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको सिद्धिहर्ष वज्राचार्य(वि.सं. १९३६-२००९)ले पढेको पाठ र गरेको उल्था* ।

महेशराज पन्त २०६२ क

= *पूर्णिमा* ११८ पूर्णाङ्कका १८-३० पृष्ठमा छापिएको, महेशराज पन्तको *वि.सं. १५१४ देखि १८२५ भित्रका, अहिलेसम्म प्रकाशमा नआएका ८ वटा पत्र* ।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२४ पूर्णाङ्कका १-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६३ क

= *पूर्णिमा*को यही पूर्णाङ्कका ९१-१०२ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको एउटा अभिलेख* ।

महेशराज पन्त २०६३ ख

= *पूर्णिमा*को यही पूर्णाङ्कका १२२-१२३ पृष्ठमा छापिएको, महेशराज पन्तको *थानकोट चन्दनप्रभातेश्वरस्थानको अभिलेखको सारभाग* ।

मोहनप्रसाद खनाल २०२८

= वि.सं. २०२८ मा ललितपुरवाट साझा प्रकाशनद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *अभिलेख-संकलन* ।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा काठमाडौँवाट नेपाल सांस्कृतिक-परिषद्द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक-पत्रसंग्रह* २ भाग।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९

= वि.सं. २०१९ मा काठमाडौँवाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ६ भाग।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९ क

= वि.सं. २०१९ मा काठमाडौँवाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ७ भाग।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०१९ ख

= वि.सं. २०१९ मा काठमाडौँवाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ८ भाग।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०

= वि.सं. २०२० मा काठमाडौँवाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* १० भाग।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० क

= वि.सं. २०२० मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ११ भाग।

लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०१२

= वि.सं. २०१२ ज्येष्ठसंक्रान्तिको दिन ललितपुरवाट लक्ष्मण सत्याल र अक्रूर कुइँकेलद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन (९ संख्या)*

भक्तपुर र मकवानपुरको इतिहासमा एक नयाँ प्रकाश

आफ्नो देशको सच्चा इतिहास जान्न खोज्ने हो भने हामीहरूले आफैले परिश्रम गर्नुपरेको छ।

विक्रमको अठाऱ्हौँ शताद्वीका २ अप्रकाशित अभिलेखको प्रकाश।

लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०१२ क

= वि.सं. २०१२।५।२६।१ मा ललितपुरवाट लक्ष्मण सत्याल र अक्रूर कुइँकेलद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन (११ संख्या) - ठूला घण्टा विषयको गडवडी*।

लूछ्याह्नो पेतेक २००९

= ई.सं. १९५२ (वि.सं. २००९) मा रोमवाट लिब्रेरिआ देल्लो स्तातोद्वारा प्रकाशित, लूछ्याह्नो पेतेकको *ई मिस्सिओनारि इतालिआनि नेल् तिवेत् ए नेल् नेपाल्* (भोटमा र नेपालमा धर्मप्रचार गर्ने इटालियनहरू) २ भाग।

वीरपुस्तकालय २०१९

= वि.सं. २०१९ मा काठमाडौँबाट वीरपुस्तकालयद्वारा प्रकाशित तथा सम्पादित *नेपालराजकीयवीरपुस्तकालयस्थलिखितपुस्तकानां वृहत्सूचीपत्रम्* (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र) ३ भाग।

शङ्करमान राजवंशी २०१६

= वि.सं. २०१६ मा काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *पुरातत्त्व-पत्रसंग्रह* १ भाग।

शङ्करमान राजवंशी २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ३ पूर्णाङ्कका २९-३७ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *नरेन्द्र मल्ल र अमर मल्ल एकै व्यक्ति हुन्*।

शङ्करमान राजवंशी २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची*।

शिखरनाथ-भाष्य

= शिखरनाथ सुवेदीमा हेर्नू।

शिखरनाथ सुवेदी २०६१

= वि.सं. २०६१ मा काशीबाट वाबू माधवप्रसाद शर्माद्वारा फेरि प्रकाशित, शिखरनाथ सुवेदीको *शिखरनाथ-भाष्य*।

संस्कारदीपक

= नित्यानन्द पन्त पर्वतीयमा हेर्नू।

सत्यमोहन जोशी २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, सत्यमोहन जोशीको *नेपाली राष्ट्रिय मुद्रा*।

श्री ५ राजेन्द्रको आश्रयमा बसेका भारतीय पण्डितहरूको विषयमा प्रकाश पार्ने एउटा पत्र

– महेशराज पन्त

नेपालमा संस्कृतविद्याको इतिहास खोतल्ने क्रममा विक्रमको उन्नाइसौँ शताब्दीको नेपालका बडा पण्डित वाणीविलास पाँडेले आफ्ना गुरु गङ्गाराम शास्त्रीलाई लेखेको चिठी आफूले जानेबुझेसम्मको व्याख्या गरी भरखरै जसो छपाएको हुँ ।[1] यी गङ्गाराम शास्त्री वाणीविलास पण्डितका गुरु मात्र नभई पण्डितराज राजगुरु रङ्गनाथ पौडचाल, पेशवाहरूका राजगुरु पण्डित जगन्नाथ शास्त्री गाडगिल र काशीस्थराजकीय-प्रधानसंस्कृतपाठशालाका प्रथमगण्य पण्डित काशीनाथ शास्त्री जस्ता ख्यातनामा विद्वान्हरूका पनि गुरु हुन् र यिनी नव्यव्याकरणको परिष्कारशैलीका पुरस्कर्ता पनि हुन् ।[2] आफ्ना राजमान्य नेपाली विद्यार्थीमार्फत नेपालका राजाबाट यिनले जग्गाजमीन पनि पाएका थिए ।[3]

यिनै गङ्गाराम शास्त्रीका छोरा नेपालदरबारमा आशा गरी आएको कुरा परेको चिठीमा हाल मेरो दृष्टि परेकोले त्यो पत्र प्रकाश गर्दैछु ।

सकल चिठी राष्ट्रिय अभिलेखालयमा ८ नं.को वट्टामा ३६५ नम्बरको खाममा राखिएको छ र यसको माइक्रोफिल्म नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या डीएनए ४/२६ मा भएको छ भन्ने कुरा राष्ट्रिय अभिलेखालयमा रहेका चिठीपत्रको प्रकाशित सूचीपत्रबाट थाहा हुन्छ ।[4] नेपालदरबारवाट क्षेत्रवास गर्न निरन्तर खर्च पाई काशीवास गरी बसेका विश्वनाथ दीक्षितले श्री ५ राजेन्द्रविक्रम शाहलाई वि.सं. १८९५ भाद्रपूर्णिमाको दिन यो चिठी लेखेका हुन् । यस चिठीको पेटवोली हिन्दीमा छ र उठान र अन्त्य संस्कृतमा छन् । हुन त सकल चिठी मैले हेरेको छैन, यसको माइक्रोफिल्म र रीडर प्रिन्ट हेर्दा यस चिठीमा ठाउँठाउँमा सुनको तबक लगाएको जस्तो देखिन्छ ।

गंगाराम शास्त्री बाबाके पुत्र प्रभुके दरबारमो आये है य भी बहुत् योग्य है इनका सत्कार यथायोग्य ही भया होगा प्रभु सुज्ञ ही है भनी यस चिठीमा लेखिएकोले आफ्ना बाबुको जस्तै नेपालदरबारवाट सत्कार होओस् भन्ने आशा राखी यिनी यहाँ आएका देखिन्छन् र यो चिठी लेख्ने विश्वनाथ दीक्षितले पनि यिनको सिफारिश गरेको देखिन्छ ।

---

१. वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२५ पूर्णाङ्कका ४८-५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *वाणीविलास पण्डितको विषयमा थप कुरा*।

२. उही:५३-५४ ।

३. उही:५४ ।

४. वि.सं. २०५७ मा काठमाडौँबाट श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक-उड्डयनमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, विष्णु कान्त शर्माको *सूचीपत्र (ऐतिहासिक चिट्ठीपत्र संग्रह)*को ७२ पृष्ठ । पुरातत्त्वविभाग र राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित धेरैजसो कृति जस्तै यो पनि अशुद्ध छ भन्ने कुराको नमूना यो पत्र पठाउने व्यक्तिको नाम र ठेगानामा राजगुरु लेखिएकोतर्फ औँल्याउनु नै पर्याप्त होला ।

श्री ५ राजेन्द्रलाई पण्डित विश्वनाथ दीक्षितले पठाएको चिठीको माइक्रोफिल्मबाट तयार गरिएको रीडर प्रिन्टको फ्याक्सिमिलि

श्री

श्रीविश्वेश्वरअन्नपूर्णा

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि
राजगुरु विविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महारा
जाधिराजश्रीश्रीश्रीश्रीश्रीमहाराजराजेंद्रविक्रमसाह
बाहादुरसमसेरजङ्गदेवेषु सदासमरविजयिषु

आश्रितांतर्गतविश्वनाथदीक्षितकृतानेकवेदोक्ताआशीर्वादाः कुशलमत्रतत्र
स्तंतद्दुदिनमेधमानमीहे ९ तंभाषण्याआशीर्वाददेकोंबिदाभयेसोचैत्रकृस्ण४कों
महाराजकेप्रतापसोंकुशलक्षेमधुरपहुचेसप्तमीकेदिनश्रीमंतमहाराजप्रभुकोंआ
..र्वाददियाप्रीतिपूर्वककुशलप्रश्नभयातबअरजकियाकीहमकोंकुछबिनतीकरनाहे
तबआज्ञाभईकीहमकोंकुछहालमोमहीनाभरफुरसतनहीहेतबखालीबैठनाथइज्ञान
कोंराजेंद्रबाबुसोंमुलाकातकियाउनकोंओफहनाररहासोंकहाकुशलपत्रभीआपकोदेने
केवास्तेहमारेपासहेमजरूहोयगीतबलेंआवेंतबकाहाजोतुमारेकहनेसोंपत्रकोबिशेषप्र
हेतुमनेनहील्यायाबहुतअछ्याकियाहमकोंतोतुमारेकहनेसोंप्रतीतहेपत्रलेनेसोंबाच्य
होगाइसवास्तेपत्रकाजरूरनहीतुमकहतेहोसोहमकोंमंजूरहेजोकहनासुनाहोगासोतुमा
रेमारफतसोंहोगापत्रकाबखततबआवेगातबतुमकोंकहेगेयत्नीबातहमकोंलिखनेको
कहाहेसोबातंपंडितजीकेपत्रमोलिखाहेसोहमारेतरफसोंअरजकरेगेंआगेयेकप्रार्थन
हमलिखनेहेगंगारामशास्त्रीबाबाकेपुत्रप्रभुकेदरबारमोआयेहेंयभीबहुतयोग्यहेइनका
सत्कारयथायोग्यहीभयाहोगाप्रभुसुज्ञहीहे।।आगेहम————————केसमीपप्रभु
कानिरंतरशुभचिंतनकरतेहेंनिरंतरक्षेत्रवासप्रभुकेप्रतापेसोंहोताहेप्रजासहित
प्रभुकीसदानंदकिलःश्रुतिश्रवणकीइछ्याकरतीहे।।कृपापत्रआवनेसोंउनकोंभीअधि
कविश्वासहोयगाईसवास्तेकृपाकरकोंपत्रोत्तरलिखाजायसकलप्रभुनपैंअधिकलेखनेनकिं
शुभम्।।मितीभाद्रपदसुद्ध३५ संवत्१८९५

मूलपाठ

श्री

श्रीविश्वेश्वरअन्नपूर्णा

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि-
राजगुरु विविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महारा-
जाधिराजश्रीश्रीश्रीश्रीश्रीमहाराजराजेंद्रविक्रमसाह-
बाहादुरसमसेरजङ्गदेवेषु सदा समरविजयिषु

१. आश्रितांतर्गतविश्वनाथदीक्षितकृतानेकवेदोक्ता आशीर्वादाः कुशलमत्र तत्र-
२. त्यं तदनुदिनमेधमानमीहे वृतं भाषया आशीर्वाद देकों बिदा भये सो चैत्रकृष्ण ४ कों
३. महाराजके प्रतापसों कुशलक्षेम घर पहुचे सप्तमीके दिन श्रीमंत महाराज प्रभुकों आ-
४. (शी)र्वाद दिया प्रीतिपूर्वक कुशल प्रश्न भया तव अरज किया की हमकों कुछ बिनती करना है
५. तब आज्ञा भइ की हमकों कुछ हालमो महीनाभर फुरसत नही है तव खाली बैठना यह जान-
६. कों राजेंद्र बाबुसो मुलाकात किंया उनकों जो कहना रहा सो कहा कुशलपत्र भी आपकों देने-
७. के वास्ते हमारे पास है मर्जी होयगी तव लें आवें तब काहा जो तुमारे कहनेसों पत्रमों विशेष क्या
८. है तुमने नही ल्याया बहुत अच्छा किया हमकों तो तुमारे कहनेसों प्रतीत है पत्र लेनेसों वाच्य
९. होगा इस वास्ते पत्रका जरुर नही तुम कहते हौ सो हमकों मंजूर है जो कहना सुंना होगा सो तुमा-
१०. रे मारफतसों होगा पत्रका बख्त जब आवेगा तब तुमकों कहेंगे यत्ती बात हमको लिखनेकों
११. काहा है सो बात पंडितजीके पत्रमो लिखा है सो हमारे तरफसो अरज करेगें आगे येक प्रार्थना
१२. हम लिखते है गंगाराम शास्त्री बाबाके पुत्र प्रभुके दरबारमो आये है य भी बहुत् योग्य है इनका
१३. सत्कार यथायोग्य ही भया होगा प्रभु सुज्ञ ही है ॥ आगे हम – – – – – – – – – – के समीप प्रभु-
१४. का निरंतर शुभचिंतन करते है निरंतर क्षेत्रवास प्रभुके प्रतापैसों होता है प्रजासहित
१५. प्रभुकी सदानंद किर्ती श्रुतिश्रवणकी इच्छा करती है ॥ कृपापत्र आवनेसों उनको भी अधि-
१६. क विश्वास होयगा ईस वास्ते कृपा करकों पत्रोत्तर लिखा जाय सुज्ञप्रभुवर्येष्वधिकलेखनेन किं
१७. शुभम् ॥ मिती भाद्रपदशुद्ध १५ संवत् १८९५

आत्मसंशोधन

– महेशराज पन्त

१

वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९४ पूर्णाङ्कमा *ताडपत्रमा लेखिएका, विक्रमको पन्ध्रौँदेखि अठाह्रौँ शताब्दीभित्रका, अहिलेसम्म प्रकाशमा नआएका ७५ वटा लिखतपत्र* छपाउँदा शिवसिंहको एउटा खण्डित ताडपत्र पनि छपाएको थिएँ (२७ पृष्ठमा ३५ सङ्ख्या)। पछि २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ पूर्णाङ्कमा *काठमाडौँका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २६ वटा लिखतपत्र (वि.सं. १५७५-१७५२)* छपाउँदा त्यही ताडपत्र भुक्किएर मैले फेरि छपाएछु (४०-४१ पृष्ठमा १४ सङ्ख्या)। २७ महीनाअगाडि आफूले छपाइसकेको त्यही पत्र फेरि अप्रकाशित भनी छपाउन म पुगेकोले यो आत्मसंशोधन गर्नुपरेको हो। फोटोमा छाप स्पष्ट नआएकोले अघिल्लोपटक छाप्दा छापको बयान गर्न नसकिएकोमा पछि छाप्दा छापको बयान दिन र एकाध ठाउँमा पाठमा सुधार पनि गर्न सकिएकोले दोहऱ्याएर छाप्दा राम्रो काम भयो भनी चित्त बुझाउनुपरेको छ।

२

वि.सं. २०५२ मा राष्ट्रिय अभिलेखालयको *अभिलेख* १३ पूर्णाङ्कमा प्रकाशित, पूर्णरत्न वज्राचार्यको *भूमि सम्बन्धी ताडपत्र तमसूक* (१३८-१३९ पृष्ठ)मा छापिएको, ने.सं. ७८८ (वि.सं. १७२४) माघशुक्लप्रतिपदाको एउटा ताडपत्र वि.सं. २०५५ मा छापिएको, माथि नाउँ काढिएको, मेरो लेख (*पूर्णिमा* ९४ पूर्णाङ्कका ४६-४७ पृष्ठमा ५९ सङ्ख्या)मा अप्रकाशित भनी छापिएकोमा यो आत्मसंशोधन गरिएको छ।

३

वि.सं. २०६२ मा प्रकाशित *पूर्णिमा* ११९ पूर्णाङ्कमा *यक्ष मल्लको पालामा सारिएका ९ वटा पुस्तकको पुष्पिका* छपाउँदा वि.सं. १५२४ मा सारिएको *भार्गवधनुःशास्त्र*को पुष्पिका पनि छपाएको थिएँ र त्यस पुष्पिकाको कति कति अंश कहाँ कहाँ छापिएको छ भन्ने कुरा पनि खुलाएको थिएँ (३० पृष्ठ)। तर *अभिलेख* १८ पूर्णाङ्कमा छापिएको, जनकलाल वैद्यको *राष्ट्रिय अभिलेखालयका अभिलेख ग्रन्थहरूमा छरिएका घटनावली - टिप्पणी अभिलेखांशहरू*मा पनि त्यसको केही अंश छापिएको (१७ पृष्ठमा १ सङ्ख्या) रहेछ। मेरो दृष्टि त्यस वेला त्यसमा नगएकोले यो आत्मसंशोधन गरिएको छ।

जनकलाल वैद्यले दिएको पाठ ठाउँठाउँमा मूलअनुसारको छैन र मूलमा पुस्तक सारिसिद्धचाइएको मिति दिँदा पक्षमा **कृष्ण** हुँदा हुँदै उनले **शुक्ल** बनाइदिएका छन् भन्ने कुरा मूलसँग दाँजी हेर्दा स्पष्ट देखिन्छ (*पूर्णिमा* ११९ पूर्णाङ्कको ४० पृष्ठमा फ्याक्सिमिलि हेर्नू)।

४

पूर्णिमा १२२ पूर्णाङ्कको १ पृष्ठमा * टिप्पणीमा **महेशराज पन्त २०५७:४६७ = § ७.१६** हुनुपर्नेमा **महेशराज पन्त २०५७:४६७ = § १.७.६** भएको ।

५

पूर्णिमा १२२ पूर्णाङ्कको ५४ पृष्ठमा ६९ सङ्ख्याको टिप्पणीमा **२७° ३१' उत्तर अक्षांश र ८५° ८' पूर्व देशान्तर** हुनुपर्नेमा **२७.३१ उत्तर अक्षांश र ८५.८ पूर्व देशान्तर** भएको ।

६

वाणीविलास पण्डितले आफ्ना गुरु गङ्गाराम शास्त्रीलाई लेखेको चिठी मैले भरखरै जसो *पूर्णिमा* १२५ पूर्णाङ्क (४८-५६ पृष्ठ)मा आफूले जानेबुझेसम्म व्याख्या गरी छपाएँ । त्यस चिठीमा ५ ठाउँमा आएको **वातशल्य**[1]को अर्थ आफूलाई नलागेकोले वाणीविलास जस्ता बडा पण्डितले प्रयोग गरेको यो शब्द **वात** र **शल्य**को समास भई बनेको समस्तपद जस्तो लाग्यो र यस्तो लेख्न म पुगें –

> **यस चिठीमा वारंवार वातशल्य भन्ने समस्तपद आएको छ । मेरो लागि यो शब्द नौलो भएकोले र सन्दर्भअनुसार यसको अर्थ नखुलेकोले आफूसँग भएका कोष यसो पल्टाएर हेरियो । तर यो शब्द कोषमा पनि चढेको भेटिएन भनी अन्त्यमा भन्नुपर्छ** (५५ पृष्ठ) ।

त्यस चिठीमा एक ठाउँ (३० पङ्क्ति)मा **वातशल्य**को ठाउँमा **वातसल्य** आएकोले शकारसकार बिग्रिएकोको उदाहरणको रूपमा त्यसलाई औँल्याउन पनि म पुगेँ ।[2] **वत्सल**बाट बनेको **वात्सल्य**को वर्णविन्यास बिग्रिई **वातशल्य** भएको हुनुपर्छ भनी *पूर्णिमा*को त्यो अङ्क पढिसकेपछि देविचन्द्र श्रेष्ठले मलाई यही वि.सं. २०६३ पौष २३ गते आदित्यवारको दिन प्रसङ्गवश भन्नुभयो । सन्दर्भ मिलाएर हेर्दा **वात्सल्य**को अपभ्रष्ट रूप **वातशल्य/वातसल्य** भएको देखियो । संस्कृत शब्दमा शकारसकार बिग्रिएका अरू उदाहरण पाइए पनि हलन्त अजन्त हुन पुगेको अर्को उदाहरण यस चिठीमा नभेट्टाइएकोले यतातिर मेरो दृष्टि जाँदै गएन । अहिले देविचन्द्र श्रेष्ठले यतातिर मेरो दृष्टि तानिदिनुभएकोले उहाँलाई धन्यवाद दिँदै यो आत्मसंशोधन गरेको छु ।

---

१. **आपका वातशल्यसूचक पत्र तो पहिलै आया रहा** (मूलका ४-५ पङ्क्ति), **आपका उपर्तो बडै बातसल्य हे ऐसे हासने सुना. वातशल्यसै भी अवशिष्टांश आपने भेजेंगे तो मृतस्य पुनर्मारणमेव** (३०-३१ पङ्क्ति) **गुरुपुत्र लोकमे भी हमारे पुत्र लोकमौ जैसा आपका वातशल्य हमारेपर्हे तैसै वातशल्य रखनेका शिक्षा कर्ना होगा** (३७-३९ पङ्क्ति) ।

२. ५१ पृष्ठमा ७ सङ्ख्याको टिप्पणी । त्यहाँ ३० पङ्क्तिमा भन्नुपर्नेमा भ्रमवश २९ पङ्क्तिमा छापिएको छ ।

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) *का.मे.अ.द.नं. १५५/२४९*

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई-मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६४ वैशाख

यस अङ्कको मूल्य रु. १०५।-

मुद्रक

सामुदायिक प्रिन्टर्स प्रा.लि.

थापाथली

काठमाडौँ

नेपाल

फोन नं. ४-२५३४९९

पो.ब.नं. ५१८३, काठमाडौँ